नगरपालिकाद्वारा निर्माणाधिन फोहोर मैला व्यवस्थापन केन्द्रका केही झलकहरू









स्मार्ट सिटीको अवधारणा, नीति, कार्यक्रम र उपलब्धिहरू

(वि सं. २०७४ - २०७८ सम्म)

# नगर श्वेतपत्र



वालिङ नगरपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

गण्डकी प्रदेश

## स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद – ८ – ४७ (१) न्यायिक समितिको अधिकार क्षेत्र

**क) न्यायिक समितिलाई देहाय विवादको निरुपण गर्ने अधिकारहुनेछ :**

१) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग २) अर्काको बाली नोक्सानी गरेको,
३) चरन, घाँस, दाउरा, ४) ज्याला मजुरी नदिएको, ५) घरपालुवा पशुपक्षी हराएको वा पाएको,
६) जेष्ठ नागरिकको पालन पोषण तथा हेरचाह नगरेको,
७) नाबालक छोरा छोरी वा पति-पत्नीलाई इज्जत आदी अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,
८) वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,
९) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,
१०) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,
११) संधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,
१२) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाग चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्‍याएका,
१३) सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद ।

**ख) न्यायिक समितिलाई देहायका विवादहरुमा मेलमिलापको माध्यमबाट विवादको निरुपण गर्ने अधिकार हुनेछ:**

१) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेकको हकको जग्गा अर्कोले चापी, मिचीं वा घुसाई खाएको,
२) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,
३) पति-पत्नीबीचको सम्बन्ध विच्छेद,
४) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,
५) गाली बेइज्जती, ६) लुटपिट,
७) पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,
८) अरुको आवासमा अनाधिकृत प्रवेश गरेको,
९) अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको,
१०) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुर्‍याएको,
११) प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।



## राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली।

प्रकृतिका कोटि-कोटि सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल।।
जय जय नेपाल ।



# स्मार्ट सिटीको अवधारणा, नीति, कार्यक्रम र उपलब्धिहरू
(वि सं. २०७४ - २०७८ सम्म)

# नगर श्वेतपत्र

**संरक्षक**

दिलिपप्रताप खाँण, नगर प्रमुख
कल्पना तिवारी, उप प्रमुख
वालिङ नगरपालिका, स्याङ्जा

**लेखन/ सम्पादक**

राजन भट्टराई, प्रमुख प्रशासकीय अधिकृत
वालिङ नगरपालिका, स्याङ्जा

**परिमार्जन**

बाबुराम सापकोटा, उपसचिव शिक्षा
वालिङ नगरपालिका, स्याङ्जा

**सामग्री संकलन/ फोटो**

तोलाकान्त बगाले, प्रेस सल्लाहकार
छवि आले, स्वकीय सचिव

**कम्प्युटर**

माधव प्रसाद न्यौपाने, कम्प्युटर अपरेटर

**सहयोगीहरु**

ज्ञान प्रसाद अर्याल, लेखा अधिकृत
नारायण प्रसाद रेग्मी, अधिकृत छैठौ
मणि प्रसाद तिवारी, प्राविधिक अधिकृत
ध्रुव रेग्मी, इन्जिनियर
दिपेन्द्र मल्ल, इन्जिनियर
ज्ञान प्रसाद पाण्डे, अधिकृत छैठौ
कमल प्रसाद पाण्डे, जनस्वास्थ्य अधिकृत
पदम प्रसाद पाण्डे, अधिकृत छैठौ
भुवानी तिवारी, आलेप
प्रकाश अर्याल, सूचना प्रविधि अधिकृत
सुभाषचन्द्र अर्याल, कृषि विकास अधिकृत
डा. बसन्त अधिकारी, पशु चिकित्सक
ईश्वरी प्रसाद तिवारी, लेखापाल



# मन्तव्य

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनी व्यवस्थाले स्थानीय तहलाई नीति निर्माण, विकास व्यवस्थापन, स्रोत संशाधनको परिचालन, सेवा प्रवाह एवं सुशासन र विपद व्यवस्थापनको कार्यसूची प्रदान गरेका छन । स्थानीय तहमा जनताबाट प्रत्यक्ष निर्वाचित नेतृत्वलाई कार्यकारिणी, विधायकी र न्यायिक अधिकार प्रदान गरी लोकतन्त्रको बैधता र विश्वासलाई जनताकै मन मस्तिष्कबाट अनुमोदन हुने अवसर प्राप्त भएको छ ।

विकास जनताको अधिकार हो । उपलब्ध स्रोत साधनको एकीकृत र बृहत सोचको खाकाबाटै यसको प्रतिफल प्राप्त हुन्छ । वालिङ नगरपालिकाले SMART CITY को कार्यसूची सहरी विकासको रणनैतिक (Strategic) सोच र कार्यढाँचा (Framework) को सोच (Theme) हो । वालिङको विकास लागि स्मार्ट सिटी नागरिककै सहभागितामा स्थानगत योजना (Spital Planning) हो । यो कार्यसूची समयका हिसाबले लामो र सम्पादनका दृष्टिले बृहत छ । यसभित्र वालिङ आगामी ८ वर्षमा आधारभूत सहरमा विकास भई १२ वर्षमा दिगो सहरमा रूपान्तरण हुनेछ र २० वर्षको समयसम्म स्मार्ट सिटीका रूपमा उन्नयन हुनेछ ।

त्यसैले हामी निर्वाचित पदाधिकारीले स्थानीय तहमा नेतृत्व मात्र दिएका हौ । नीति नागरिककै अभिमतबाट बनेका छन । विकासको छनौट र लाभांश वितरणमा नागरिककै माग र आवश्यकतालाई हेरिएको छ । शक्ति र स्रोतको प्रयोग न्यायोचित र विवेकपूर्ण छन । सुशासनमा आधारित सेवामैत्री पद्धति र संस्कार बसाएका छौ । हामी निर्वाचित पदाधिकारी ले नागरिकमाथि शासन गरेर होइन, नागरिकसँगै शासनमा सहभागी भएर कानुनले तोकेका अभिभारा र उनीहरूप्रतिको वचनबद्धता पूरा गर्न अग्रसर छौ र सदैव हुनेछौ ।

हामी यस समयावधिमा वालिङ नगरपालिकाको योजनाबद्ध विकासको मार्गचित्र कोरेका छौ । लोकतन्त्रको मूल्य र संस्कारलाई स्थानीयकरण गर्दै विधि र न्यायलाई स्थापित गरेका छौ । नीति र नेतृत्वबाट वालिङ नगरपालिकाको एकीकृत विकासका लागि आधारस्तम्भ (Foundation) तयार गरेका छौ । हामी नागरिकको विपदमा जनतासँगै छौ । नागरिककै संलग्नतमा फोहोर व्यवस्थापन गरेका छौ । सडक सञ्जाललाई रणनैतिक रूपमा नागरिककै घरदैलो जोड्न उत्प्रेरित छौ । सीमित स्रोतको बाबजुत विकासप्रति जनतालाई उत्साह जगाएका छौ । नीति र थितिको शासन बसाएका छौ । नगरको पृथक पहिचान बनाएका छौ । अन्तमा हामी निर्वाचित पदाधिकारीहरूको समयाविधको पाँच वर्षको कार्यप्रगतिलाई समेटेर श्वेतपत्र तयार गर्न सहयोग गर्नुहुने सम्पूर्ण टिमलाई धन्यवाद ज्ञापन गर्दछु ।

**दिलिपप्रताप खाँण**

**नगर प्रमुख**

# मन्तव्य



लोकतन्त्र आफैमा जनमुखी शासन विधि र प्रकिया हो । स्थानीय सरकारले लोकतन्त्रको मूल्य र विधिलाई कानून तर्जुमा, सेवा प्रवाह, विकास र विपद व्यवस्थापनका माध्यमबाट स्थानीयकरण गरेका छन । वालिङ नगरपालिकाले पनि संविधान र कानुनले दिएको अभिभारालाई न्याय सम्पादन, विकास व्यवस्थापन, राजस्व परिचालनका माध्यमबाट कार्यान्वयन गरी स्थानीय शासनप्रति नागरिकहरूको वैधता र विश्वास आर्जन गरेको छ ।

नगरक्षेत्रमा वस्तीस्तरबाटै योजना तर्जुमा गरी विकास कार्यमा स्थानीय बासिन्दाको सहभागितालाई सुनिश्चित गरिएको छ । हामी जनप्रतिनिधिले योजना र कार्यक्रम छनौट गर्दा जनताको Right, Choice र Voice लाई हामी सदैव सम्मान गरेका छौ । जनताकै सामु गरिएका बाचा र प्रतिबद्धतामा केन्द्रित भएर योजना र कार्यक्रमलाई प्राथमिकीकरण गरिएको छ ।

नगरको स्थानीय राजस्वका आधारलाई फराकिलो पार्दै कर तथा गैर कर राजश्वको अधिकतम परिचालन गरिएको छ । स्थानीय राजस्वका दर निर्धारणमा विगतको आय वृद्धिको प्रवृत्ति, लमसम वृद्धिदर, सम्झौताका आधारमा प्रक्षेपण गरिएको छ । नयाँ स्रोतको यकिन गर्दा प्रचलित बजार दरसहित अनुमानको आधारमा गरिएको छ । साथै शून्य प्रक्षेपणमा रहेर राजस्वको नयाँ स्रोतको खोजी गरिएको छ । यी कार्यबाट राजस्वको दर होइन, दायरा बढेको छ ।

हाम्रो नेतृत्वको चयन संक्रमणकालमा भएको थियो । नेपाल राज्य एकात्मक संरचनाबाट संघीय संरचनामा रूपान्तरण भएको थियो । स्थानीय निकायहरू स्थानीय तहमा रूपान्तरण भएका थिए । नेपालमै पहिलो पटक न्याय सम्पादनलाई राज्यको तल्लो तह वडा र बस्तीमा पुर्याउनु पर्ने थियो । योजनाको अभ्यासलाई जनमुखी बनाई विकासमा नागरिकको पहुँच अभिवृद्धि गर्नु थियो । हामीले वालिङको विकासलाई नगरको बृहत योजना बनाई क्षेत्रगत रूपमा एकीकृत रूपमा सुरूवात गरेका छौ । विकासका कार्यका क्षेत्रगत आधार मा लक्ष्य तोकिएका छन । नगरका रणनीति र कार्यनीति प्रष्ट छन । त्यसैले वालिङको नगरपालिकाले दिगो विकास बृहत आयामबाट विकास कार्य प्रारम्भ भएका छन। नागरिक सेवालाई विकेन्द्रित गरी नागरिकको पहुँचमा पुर्याइएको छ । प्रविधिको अधिकतम प्रयोग भएको छ । हामी निर्वाचित भएपछिका गतिविधलाई समेटेर तयार गरिएको यस नगर श्वेतपत्रले पाँच वर्षको मुख्य मुख्य उपलब्धिलाई समेटेको छ । यी उपलब्धि यथेष्ट छैनन । माग अनुकूल पर्याप्त छैनन । तर आधार मार्ग तयार भएका छन ।

**कल्पना तिवारी**
**उपप्रमुख**

## विषय सूची


| | |
|---|---|
| नगरपालिकाको परिचय | ६ |
| स्मार्ट सिटीको अवधारणा | ७ |
| स्मार्ट सिटीको कार्यान्वयनभित्र वालिङ नगरपालिका | २६ |
| नगरका मुख्य मुख्य नीति तथा कार्यक्रमहरू | ३० |
| नगरपालिकाका वार्षिक क्रियाकलापहरू | ४१ |
| वि सं. २०७४-२०७८ सम्मका नगरपालिकाका उपलब्धिहरू | ४५ |
| अनुसूचीहरू | १२६ |
| विषयगत समितिहरू | १५२ |

# नगरपालिकाको परिचय

- साविक वालिङ, धनुवासे र पेखुबाघखोर गाँउ विकास समिति मिलाएर नेपाल सरकार बाट मिति २०५३।१०।११ गते वालिङ नगरपालिका घोषणा गरिएको ।
- २०७३ सालमा वालिङ नगरपालिकामा साविकको वालिङ नगरपालिका, साविक गा.वि.सहरू माझकोट शिवालय, एलादी, जगत भञ्ज्याङ, केवरे भञ्ज्याङ, सिर्सेकोट र थुमपोखराको सबै वडाहरू तथा छाङछाङ्दीको (१,४-६) वडाहरू, मल्याङकोटको वडा नं. ४ तिनदोबाटेको (२-५) वडाहरू, कालिकाकोटको (१,२,९) वडाहरू, पेलाकोटको (५,६) वडाहरू स्वरेकको (२-४,८) वडाहरू समेटिएको ।
- पर्यटकीय नगरी पोखरा र ऐतिहासिक स्थल लुम्बिनी जोड्ने राष्ट्रिय राजमार्ग सिद्धार्थ मार्गले काटेर गएको रणनैतिक सहर ।
- वालिङ बजार आँधीखोलाको किनारमा पर्ने मुख्य व्यापारिक केन्द्र । १४ वडाहरूमा कूल जनसंख्या करीब ५१००० रहेको ।




- प्रदेश सदरमुकाम पोखराबाट ६५ कि.मि. । जिल्ला सदरमुकाम पुतलीबजारबाट २७ कि.मि. टाढा रहेको
- वालिङ नगरपालिका समुन्द्र सतहबाट ७३१ मिटर देखि १५९६ मिटर उचाई सम्म रहेको ।
- नेपाल सरकारबाट वालिङ नगरपालिकालाई स्मार्ट सिटीको रूपमा विकास गरिने भनी घोषणा गरिएको ।

# स्मार्ट सिटीको अवधारणा

## १.१ प्रारम्भ




सन् २००८ मा संयुक्त राष्ट्रसंघले गरेको अध्ययनले भनेको छ कि विश्वमा शहरी करणको तरङ्ग यति तिव्र छ कि सन २०५० सम्ममा विश्वको ७० प्रतिशत व्यक्तिहरू जन्मथलो छोडेर अन्यत्र बसाइँ सराइ गर्नेछन । सो संस्थाले दाबी गरेको छ कि सन २०३० सम्ममा १० करोड भन्दा बढी जनसंख्या भएको विश्वका सहरहरूको संख्या ४३ पुग्ने अनुमान छ । त्यस कारण सहरीकरण त गतिशील र व्यापक विकास प्रकिया हो र यसका पछाडि अर्थव्यवस्थाको भूमिका र विकास, रोजगारी, सूचना, प्रविधि आदि आकर्षण र विकर्षणका एकीकृत तत्त्वहरूको हात रहेको हुन्छ । त्यसैले आज विश्वका विकसित र अविकसित सबै राष्ट्रमा सहरीकरण प्रकिया तीब्र छ । तसर्थ व्यक्तिहरूको आन्तरिक वा बाह्य बसाइँ सराइको गतिलाई रोक्न सकिदैन र केवल व्यवस्थापन गरिनुपर्दछ । यसका लागि सहर निर्माण प्रकियालाई योजनाबद्ध र रणनैतिक तवरले लागू गरी नागरिकहरूलाई सुविधा दिइएको हुन्छ । उपलब्ध स्रोत र साधनको उच्चतम प्रयोग गरी नागरिकलाई पर्याप्त सेवा सुविधा प्रदान गरिएको छ ।

सहरी शासन व्यवस्था जटिल र अव्यवस्थित हुदै गएपछि शहरको पुनरसंरचना वा नयाँ शहर निर्माणमा नवीन सूत्र खोजी गर्न थालियो । आज विश्वमा विभिन्न देशका सहरहरूलाई "साइबर सहर", "डिजिटल शहर", "इलेक्ट्रोनिक शहर", "सूचना शहर", "दूर भाष सहर" रिलिजेन्ट शहर", "सञ्जालीकृत शहर", र "स्मार्ट शहर" को मोडलमा रूपान्तरण गरिएका छन । त्यस्तैमा स्मार्ट शहर प्रविधिकेन्द्री सहरी शासनको अभ्यास हो । सहरी शासनका लाभलाई जनतासम्म जोड्ने विधि र प्रक्रिया हो । सुविधामुखी र सेवामैत्री सुशासनको उच्ततम सहरी जनमुखी शासन हो । सहरी विकासको वैज्ञानिक कार्य योजना हो ।

स्मार्ट सूत्रवाट सहरलाई आर्थिक समृद्धि सहित सामाजिक समावेशी र सुविधा प्रदत्त आधुनिक सहरमा रूपान्तरण गर्न थालियो । स्मार्ट सहरको अवधारणा युरोपबाट थालनी भए पनि भारत र चीनजस्ता राष्ट्रहरूले निश्चित सहरहरूलाई स्मार्ट सिटीको रूपमा विकास गर्ने व्यापक अभियान ल्याएका छन । यो अभियानले बृहत सहरी सुशासनको मोडल आत्मसात गरी सहरका बासिन्दाहरूलाई अधिकतम सेवा सुविधा प्रदान गर्न र समस्याहरूलाई समाधान गर्न टेक्नोलोजीको उच्ततम प्रयोग गर्दछ । नागरिकहरूको सेवा सुविधामा वृद्धि गर्दै सहरी यातायात, बजार, सरसफाइ, भवन, सडक विकासमा व्यवस्थित बनाउने कार्य गर्दछ । साथमा

सेवामा नागरिकको पहुँच, सामाजिक सेवाहरूमा सुधार, विकासमा दिगोपन र नागरिकहरूलाई सशक्तीकरण बनाउने जस्ता कार्यमा आफूलाई केन्द्रित गर्दछ ।

वास्तवमा स्मार्ट शहरको निर्माण बढ्दो शहरीकरण र शहरी जनसंख्या बृद्धिबाट उब्जिएका समस्याहरूलाई व्यवस्थापन गर्नको लागि अपनाइएको एक प्राकृतिक रणनीति हो । स्मार्ट शहरहरूमा नबीकरणीय ऊर्जा, स्वच्छ पानी, कार्बन उत्सर्जनको कमी, सडक व्यवस्थापनको उचित वातावरण रहेको हुन्छ । स्वच्छ र मनोरम हरियालीका साथमा फराकिला सडक बत्तीसहित र निर्बाध आवत जावतका सडकहरू रहेका हुन्छन । नागरिकलाई जतिसक्दो शीघ्र सेवा प्रदान गरी उत्तरदायी शासनको लाभ वितरण गरिन्छ । स्मार्ट शहरमा संचार प्रविधि (आईसीटी) को परिचालनमार्फत जनतासँग प्रत्यक्ष शासन गरी सरकारी सेवा र नागरिक कल्याणको अधिकतम सुशासन दिने गरिन्छ । यो सहरी विकासको गुणस्तरीय विधि र प्रकिया पनि हो । नगरका बासिन्दाको जनसहभागितामा सहरी विकासको अभियानलाई एकीकृत गरेर जनताको आवश्यकतामा अनुकूलन हुने गरी स्मार्ट टेक्नोलोजी र तथ्यपरक तथ्याङ्कको उपयोग गरिन्छ र आर्थिक तथा रोजगारी वृद्धि गरी नागरिकहरूको जीवन स्तरमा बहुआयामिक हिसाबले सुधार खोजिन्छ ।

एक स्मार्ट शहरको विकासमा पूर्वाधार पहिलो विकासको आधार त हो तर समान रूपमा शासन, ऊर्जा र जलवायु परिवर्तन, प्रदूषण र फोहोर, र सामाजिक पक्षलाई विकास प्रवाहसँग जोडिन्छ । त्यसैले स्मार्ट सहरका लागि भौतिक पूर्वाधार, सूचना प्रविधि, सामाजिक पूर्वाधार र रोजगारी तथा व्यावसायलाई एकीकृत रूपमा विकास गरिन्छ । अब स्मार्ट सहर बन्न सहरहरू दिगो तथा उत्पादनशील शहरमा रूपान्तरण हुँदै सूचना र सञ्चार टेक्नोलो जी (आईसीटी) को युगमा प्रवेश गर्नुपर्छ । प्रविधिमा टेकेर सहरी पूर्वाधारलाई पर्याप्त लगानी गर्दै पर्यावरणीय पक्षमा ध्यान दिनुपर्छ र सहरको सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित गर्दै जानुपर्छ । त्यस कार्यका लागि सहरी विकास योजना बनाई कार्ययोजना अनुसार कार्य गर्नुपर्छ । सहरले नागरिकहरूलाई सुविधा मात्र होइन, वासिन्दाहरूलाई स्वच्छ वातावरणमा बाँच्न र रोजगारी सृजनामा ध्यान दिनुपर्छ ।

### १.२ परिभाषा र विशेषताहरू

SMART आफैमा संयुक्त शब्द हो । यसको शाब्दिक अर्थ हेर्दा S ले Specific लाई बुझाउँदछ र जसले कुनै निश्चित क्षेत्रको विकासको लागि निश्चित गरिएको आवधिक कार्य योजनालाई बुझाउँछ । साथै M भनेको Measurable हो र यसले कति मात्राको काम कुन समयसम्म गर्ने तथ्यलाई बुझाउँछ । A को Achievable को अर्थ प्राप्त गरिने उपलब्धि तथा R ले Realistic लाई बुझाउँछ । यसको अर्थ विश्वासिलो र यथार्थमा आधारित प्रतिफल उपलब्ध गरिने योजना भन्ने हो । अन्त्यमा T को Timely कुन समय सीमासम्म काम सम्पन्न हुनेछ भन्ने अर्थ बोकेको छ । त्यसैले SMART City कार्यमुखी, चुस्त र परिणामुखी एक विस्तृत सहरको आवधिक कार्य योजनाको खाका हो ।

स्मार्ट सिटी निर्माण कार्य एक सोच हो । कार्यशैली हो । यसको गन्तव्य यात्रा लामो समय सूचीमा आबद्ध छ । त्यसैले यस कार्यमा लाग्नका लागि चार चरणहरू पूरा गर्नुपर्छ । पहिलो Real Time मा आधारित तथ्याङ्क प्रणाली विकास गर्न Data Collection गर्नुपर्छ



जसलाई वास्तवमा समुदाय परिभाषित गरिन्छन । यो भूगोल, शहरहरू र ग्रामीण इलाकाहरूको बीच संयोजन गरिन्छ । यथार्थ तथ्याङ्क विना न नीति बन्छ न निर्णय प्रभावकारी हुन्छन । दोस्रो तथ्याङ्क को वैज्ञानिक विश्लेषण तथा स्मार्ट सेन्सरद्वारा संकलित तथ्याङ्कको मूल्याङ्कन गरिन्छ । समुदायको अध्ययन गरी स्मार्ट शहर निर्माण गर्ने र लाभको निर्धारण गरिन्छ । नागरिकहरू र समुदायको अद्वितीय विशेषताहरू जस्तै नागरिकहरूको उमेर, उनीहरूको शिक्षा, सौख र शहरको आकर्षणबारे जानकारी हुन्छ । तेस्रो बलियो संचार नेटवर्कको माध्यमबाट निर्णय निर्माताहरूसँग सञ्चार गरिन्छ र कार्यान्वयनका लागि जहाँ भूमिका, जिम्मेवारी, उद्देश्य र लक्ष्य परिभाषित गर्न सकिन्छ । नीति, लक्ष्य, योजना र रणनीतिहरू तयार गरिन्छ । प्राप्त भएको तथ्याङ्कलाई योजना, बजेट तथा कार्यक्रमसँग आबद्ध गर्दै नागरिकहरू संलग्न गरेर Action Level लैजाने कार्य चौथौ तहमा गरिन्छ । यसैबाट नतिजा हासिल गरिन्छ । नागरिक, प्रक्रियाहरू र टेक्नोलोजी (PPT) एक स्मार्ट शहर विकासका सफलता को तीन सिद्धान्त हुन् । शहरहरूले आफ्ना नागरिक र समुदायहरूको अध्ययन गर्नुपर्दछ, प्रक्रियाहरू, गतिशील चालकहरूलाई थाहा पाउनु पर्छ । नीतिहरू बनाउनु पर्छ र नागरिक हरूको आवश्यकताहरू पूरा गर्ने उद्देश्यहरू राख्नुपर्छ । प्रविधि नागरिकहरूको आवश्यकता पूरा गर्न केन्द्रित हुनुपर्छ । रोजगारी तथा आर्थिक अवसरहरू सिर्जना गर्नुपर्छ ।

स्मार्ट सिटी अवधारणाका सम्बन्धमा यस क्षेत्रमा अध्येताबीच पनि मत मतान्तर रहेको छ । सहरी विज्ञ Deakin Waer ले स्मार्ट शहरको परिभाषाभित्र इलेक्ट्रोनिक र डिजिटल टेक्नोलोजीले समुदाय र सहरलाई एक स्थानमा ल्याउने तथा आईसीटीको अधिकतम उपयोगले सहरभित्र र बाहिर



को वातावरणमा परिवर्तन ल्याउने तर्क गरेका छन । अर्को विज्ञ Giffinger ले स्मार्ट सिटी निर्माण तत्त्वहरूको बारेमा व्याख्या गर्दै यातायात, सूचना र सञ्चार, अर्थशास्त्र, प्राकृतिक संसाधन, मानव र सामाजिक पूँजी, जीवनको गुणस्तर तथा शहरी शासनमा नागरिकहरूको प्रत्यक्ष सहभागिताबाट नै स्मार्ट सहर बनाउन सकिने निष्कर्ष दिएका छन । सन् २००९ मा

Ara Caragliu र Nijkamp ले  कुनै पनि सहरलाई 'स्मार्ट' को रूपमा विकास गर्न मानव तथा सामाजिक पूँजी र परम्परागत (यातायात) र आधुनिक (ICT) संचारको विकास, पूर्वाधार मा जोड, ईन्धनको कुशल प्रयोग, दिगो आर्थिक, प्राकृतिक संसाधन, सहभागितापूर्ण कार्यमा जोड दिनुपर्ने निष्कर्ष उल्लेख गरेका छन ।

साथै सन २०१४ मा Frost & Sullivan भनेका छन – "हामीले आठ प्रमुख पक्षहरूको पहिचान गरेका छौं जसले स्मार्ट सिटी परिभाषित गर्दछन् । यस अवधारणाभित्र स्मार्ट शासन, स्मार्ट ऊर्जा, स्मार्ट भवन, स्मार्ट गतिशीलता, स्मार्ट पूर्वाधार, स्मार्ट टेक्नोलोजी, स्मार्ट स्वास्थ्य सेवा र स्मार्ट नागरिकका क्षेत्र र विषयहरू समेटिएका हुन्छन । विश्वव्यापी अनुसन्धान गर्दै Institute of Electrical and Electronics Engineers संस्थाले स्मार्ट सहरको परिभाषा गर्दै भनेको छ – "स्मार्ट सिटीले टेक्नोलोजी, सरकार र समाजलाई एकै स्थानमा एकीकृत तथा आबद्ध गराउँदछ । यस सहरमा स्मार्ट अर्थव्यवस्था, स्मार्ट गतिशीलता, स्मार्ट वातावरण, स्मार्ट मान्छे, स्मार्ट जीवन, स्मार्ट शासन जस्ता पक्षहरू केन्द्रित रहन्छन । यस्तैमा Business Dictionary ले भनेका छन् की एक विकसित शहरी क्षेत्र हो कि जुन दिगो आर्थिक विकासमा माध्यमबाट सहरका प्रमुख क्षेत्रहरूमा गुणस्तरीय जीविकोपार्जन गरिन्छ र सहरको अर्थव्यवस्थाको गतिशीलता, स्वच्छ र सुरक्षित वातावरण निर्माण, समृद्ध नागरिक, सुरक्षित जीवन, जनमुखी र उत्तरदायी सरकारको खोजी गरिन्छ । दक्षिण एशियमा Indian Government को २०१४ मा प्रकाशित दस्तावेजले "स्मार्ट सिटीले आर्थिक गतिविधिहरू र रोजगारीका अवसरहरूको  बढोत्तरी गरी  नगरका बासिन्दाहरूको लागि शिक्षा, सीप वा आय स्तरमा व्यापक लगानी गरी आर्थिक र सामाजिक स्थायित्व प्रदान गर्दछ"  भनेको छ । बेलायतमा सन २०१३ मा Department for Business, Innovation and Skills संस्थाले स्मार्ट सिटीको अध्ययन गरी आफ्नो अनुसन्धानको निष्कर्षमा भनेको थियो कि " स्मार्ट सिटीको अवधारणा स्थिर छैन, स्मार्ट शहरको कुनै निरपेक्ष परिभाषा छैन । कुनै अन्त्य बिन्दु छैन, बरू यो अवधारणा एक सहरीकरणको प्रक्रिया, वा चरणहरूको श्रृंखला हो  । जसको निर्माणद्धारा शहरहरू अधिक 'बस्न योग्य' र सुविधा सम्पन्न हुन्छन । नयाँ नयाँ चुनौतीहरू सामना गर्न प्रतिरोधी सहरमा रूपान्तरण हुन्छन । भारतकै नयाँ टाउन परियोजना समन्वय कार्यालय (२०१९) ले  पर्याप्त पानी  भरपर्दो बिजुली, सरसफाई, फोहोर व्यवस्थापन, कुशल शहरी गतिशीलता र भरपर्दो तथा सुरक्षित सार्वजनिक यातायात, उत्थानशील भवनलाई सूचकका रूपमा लिएको छ ।

**विशेषताहरू :**

- स्मार्ट सिटीमा अधिकतम सूचना प्रविधिहरूको उपयोग गरिन्छ र यसका लागि आर्थिक, सामाजिक, सांस्कृतिक विकासका साथमा Artificial Intelligence, Robotics र  Data Management को विन्यास गर्नुपर्छ ।
- भौतिक पूर्वाधार (सडक, निर्मित वातावरण र अन्य भौतिक सम्पत्ति) को अधिक

प्रयोग गर्दै खुल्ला आविष्कार प्रक्रियाहरू र ई-सहभागिताको उपयोग गरेर स्थानीय नागरिकहरूसँग निरन्तर समन्वय गर्ने सहभागितामूलक सहरी शासन मानिन्छ । ई-गभर्नन्सको माध्यमबाट शहरी संस्थाहरूको सामूहिक सुधार, नागरिक सहभागिता र सह डिजाइनमा केन्द्रित रहन्छ ।

- नविन प्रविधि, सोच र ज्ञानमा केन्द्रित रही Human Intelligence, Collective Intelligence, Artificial Intelligence सबै आयामहको एकीकृत तथा विकसित संयन्त्र तयार गरिन्छ र डिजिटल शासन, IoT, सेन्सर र ट्याग र सफ्टवेयरको ज्ञानलाई एकीकृत गरिन्छ ।
- शहरहरूलाई खुला प्लेटफार्म विकास गरी प्रयोगात्मक सुविधाहरू र स्मार्ट सिटी पूर्वाधार प्रदान गर्दछ। शहरको पूर्वाधार वास्तविक Real Data माध्यमबाट स्मार्ट बनाईएको हुन्छ ।
- स्मार्ट सिटीको प्राथमिक लक्ष्य नगरका बासिन्दाहरूको लागि एक उच्चस्तरीय जीवन जिउने सहरी वातावरण सृजना गर्ने हो । यसका लागि सम्रग सहरको उत्पादकत्व वृद्धि गरी नागरिकहरूलाई सेवाहरूको बृद्धि गर्दै वितरणको सुविधा बढाउने हो ।
- यो नागरिकको क्षमता विकास गर्ने कार्यक्रम पनि हो । शिक्षा, स्वास्थ्यमा लगानी गरी नागरिकलाई मानव पुँजीमा रूपान्तरण गर्ने अभ्यास र विधि हो । जसरी सहरहरूभित्र जनसंख्या बढ्दै जान्छ त्यति उनीहरूका लागि पूर्वाधारको विकास गर्दै स्रोत जुटाउने कार्य गरिन्छ ।
- स्मार्टको सूत्र बढ्दो जनसंख्या व्यवस्थापनको सूत्र पनि हो । आफ्नो मौजूदा पूर्वाधार बाट नयाँ मूल्य अभिवृद्धिका लागि स्मार्टको अभ्यास जरूरी छ ।

स्मार्ट सिटीका विशेताहरूलाई निम्न क्रियाकलापबाट पनि बुझ्न सकिन्छ -

| **Innovation economy** | **Urban infrastructure** | **Governance** |
|---|---|---|
| Innovation in industries, clusters | Transport | Administration services to the citizen |
| Knowledge workforce: Education and employment | Energy / Utilities | Participatory and direct democracy |
| Creation of knowledge-intensive companies | Protection of the environment / Safety | Services to the citizen: Quality of life |

यसरी स्मार्ट सिटीका बारेमा विज्ञहरूबीच समान धारणा छैन तर समग्रमा यस सहरी शासनको उद्देश्य नागरिकले आराम, सुरक्षा र स्थिरता रहेको छ । स्मार्ट सिटी प्रविधिकेन्द्री शासन हो । यस स्मार्ट सहरको अवधारणाले परम्परागत नेटवर्क र सेवाहरूको उपयोगलाई धेरै जनमुखी, कुशल र दिगो बनाई नागरिकहरूको क्षमता विकास गर्दछ । यद्दपि स्मार्टका सूचकमा पर्याप्त लगानी, लागत तथा प्रविधिको उलेख्य आवश्यकता रहन्छ । स्मार्ट सिटीको

विकास र निर्माण चरणबद्ध र योजनाबद्ध रूपमा गरिने हुँदा यसको मापदण्ड पूरा गर्न पर्याप्त लगानी आवश्यक हुन्छ । स्मार्ट शहर बन्ने सूचकका रूपमा विश्वभरका सहरहरूलाई हेर्दा स्मार्ट पूर्वाधार, स्मार्ट भवनहरू, स्मार्ट यातायात, स्मार्ट उर्जा, स्मार्ट स्वास्थ्य सेवा, स्मार्ट टेक्नोलोजी, स्मार्ट शासन, स्मार्ट शिक्षा, र स्मार्ट नागरिकहरूलाई आधारभूत तत्वका रूपमा तोकिएका हुन्छन । जनतालाई  सेवा प्रवाह गर्दा टेक्नोलोजी छनौट गने अधिकार प्रदान गरिन्छ । नागरिको सेवा पाउने अधिकारको सम्मान गर्दै सेवा प्रवाहमा वैकल्पित उपायहरू अबलम्बन गरिन्छ । नयाँ खोजहरूसँगै  अनुसन्धानमा आधारित भई नयाँ टेक्नोलोजीमा आधारित  र ही सहरी निर्माण प्रकियामा जोड दिइन्छ । प्रविधिकेन्द्री शासन भएकोले यसलाई मानिसहरू 'डिजिटल सिटी'  नामले पनि पुकार्न गर्दछन । आज विश्वका Kansas City, Missouri, Toronto, Canada, Barcelona, Spain, Tokyo, Japan, London, England, Dubai, United Arab Emirates, Hong Kong, China  आदि  विश्वव्यापी स्मार्ट सिटीका ख्याति प्राप्त सहरहरू का रूपमा रहेका छन ।

### १.३ स्मार्ट सहरको विकासक्रम/अभ्यास

मानव सभ्यतामा इसापूर्वबाटै सहर बसाउने अभ्यास सुरू भएको थियो । प्राचीन बेबिलोनिया सभ्यतामा मेसोपोटामिया विश्वकै सबैभन्दा महत्त्वपूर्ण शहरहरू मध्ये एक थियो । त्यसताका इराकको दक्षिणी क्षेत्र Uruk सहर, यूफ्रेटिस नदीको उत्तर पूर्वमा स्थित थियो र त्यो सभ्यतापछि सहरीकरणका लागि तीब्र रूपमा बसाइँसराइ गर्न थाले ।




स्मार्ट शहरहरूको अध्ययन कार्य त सन १९७० मा भएको थियो र अमेरिकामा लस एन्जलसमा पहिलो सहरी परियोजना बनाईयो र सो सहरको डाटामा केन्दित भई क्लस्टर विश्लेषण गरियो । पछि अमेरिकाकै एम्स्टर्डम सिटीलाई पहिलो स्मार्ट सिटीका रूपमा विकास गरी भर्चुअल डिजिटल सिटीमा रूपान्तरण गरियो । यस कार्यमा आईबीएम र सिस्कोजस्ता संस्थाहरूले त्यस्ता सहर का बारेमा अध्ययन तथा विश्लेषण गर्न लागे । सन २०११ मा स्मार्ट सिटी एक्सपो वर्ल्ड कांग्रेस बार्सिलोनामा आयोजित भएको थियो र त्यहाँबाट विश्वभर स्मार्ट सहरहरू निर्माणका खाका र ढाँचा कोरिन थाले । विश्वमा स्मार्ट सिटीको अवधारणालाई सहरी विकासको अभिन्न अंगको रूपमा १९६० र १९७० को दशकबाट प्रारम्भ भएको हो र सहरी अध्ययनका क्रममा कम्प्युटर डाटाबेस, क्लस्टर विश्लेषण र इन्फ्रारेड एरियल फोटोग्राफीको उपयोग गरी सहर सम्बन्धी अध्ययन र विश्लेषण गर्ने कार्यको व्यापकता हुन थाल्यो । जसले स्मार्ट सहरको अभ्यासलाई व्यवस्थित बनायो । विश्वको परिदृश्य हेर्दा सन २००८ मा

IBM कम्पनीले आफ्नो मुनाफा बढाउन प्रविधिको व्यापक विकास गरी सहरी क्षेत्रमा व्यापक लगानी गर्दै 'स्मार्ट शहरहरू' अवधारणामा काम शुरु गर्यो । पछि यस अवधारणालाई दक्षिण कोरिया, युएई र चीन जस्ता देशहरूले सहरी विकासका क्रममा अबलम्बन गरे र स्मार्ट सिटीको क्षेत्रमा व्यापक र विस्तृत अनुसन्धान र अध्ययनमा भारी लगानी गर्न थाले । चीन र कोरियाले आफ्ना सहरहरूलाई आधारभूत सहरको सुविधमा व्यापक लगानी गर्दै स्मार्ट शहरमा रूपान्तरण गर्रेका छन र धेरैजसो लगानी टेक्नोलोजिकल क्षेत्रमा रहेको छ । छिमेकी राष्ट्र भारतभित्रै पुने सहरमा करीब २ प्रतिशत नागरिकहरू मात्र सहरी सुविधाबाट वञ्चित छन भने गुजरातको ७० लाख जनसंख्या भएको गान्धीनगरलाई पनि स्मार्ट सहरका रूपान्तरण गरिएको छ ।

यी सहरहरूले पूर्वाधारको लगानीको साथमा स्मार्ट खालका बिभिन्न इलेक्ट्रोनिक विधिहरू, सेन्सर तथा विशिष्ट तथ्याङ्क, मानव सम्पत्ति, मानव पुँजी र सेवाहरू कुशलतापूर्वक प्रबन्ध गर्न लागेका छन । यस्ता सहरहरूमा विपद प्रतिरोधी भवनहरू, स्वचालित यातायात प्रणाली, सडक बत्ती, भरपर्दो बिजुली, स्वच्छ पानीको आपूर्ति, सहरी नेटवर्क, फोहोर व्यवस्थापन, अपराध पत्ता लगाउने प्रणाली विकास, डिजिटल सूचना प्रणाली, रोबोटिक्कस, अत्याधुनिक स्कूल, डिजिटल पुस्तकालयहरूको व्यवस्थापनमा पर्याप्त लगानी गरिएको छ । निरन्तर आईसीटीको गुणस्तर, प्रदर्शनी र अन्तरक्रिया बढाउन नबीन प्रविधिमा जोड दिइएको छ । आज स्मार्ट सहरहरूको विकासक्रमलाई तीन फरक फरक धारमा विभाजन गरी अध्ययन गर्ने प्रचलन रहेको छ र जसलाई निम्न तरिकाले बुझ्न सकिन्छ :

## 1.1989+ Experimental age of Smart Cities




यस चरणमा इलेक्ट्रोनिक सरकार वा ई-सरकारको दक्षता, पारदर्शिता र नागरिक सहभागिता बढाउने सरकारी कार्यहरू र प्रक्रियाहरू सहितको सूचना र संचार टेक्नोलोजीको संयोजन हो । यस्तो अध्ययनमा कोपनहेगन तथा ज्युरिचजस्ता सहरहरू समेटिन्छन । सन १९९४ मा अमेरिकाको एम्स्टर्डमले भर्चुअल 'डिजिटल सिटी' लाई डी डिजिटल स्ट्याड (DDS) मा विकास गरी इन्टरनेटको उपयोगलाई बढावा दिएको देखिन्छ । सन २००५ मा सिस्को संस्थाले स्मार्ट सहरहरूमा अनुसन्धानको लागि पाँच बर्षमा २५ मिलियन डलर विनियोजन गरी अध्ययन तथा अनुसन्धानमा लाग्यो । साथै सन २००७ मा अर्को संस्था IBM ले ५० मिलियन डलर स्मार्ट सहरको व्यवस्थापनमा खर्च गर्यो । स्मार्ट सिटी निर्माणमा यो अभ्यास र प्रयोगको कालखण्ड हो ।

## 2. 2014± Modern age of Smart Cities




कोरियाको सियोललाई चौथो औद्योगिक क्रान्ति र नयाँ टेक्नोलोजी उत्पादन भएको सहर मानिन्छ र यो विश्वमै एक अग्रणी स्मार्ट सहरको रूपमा चिनिन्छ । सियोल नगर पालिकाले E–Governance को माध्यमबाट स्मार्ट सिटीको कार्यक्रम लागू गरेको छ । जर्मनीको ह्याम्बर्ग सहरले स्मार्ट टेक्नोलोजीको उपयोग गरेर आर्थिक तथा सामाजिक क्षेत्रमा छलाङ मारेको थियो । युरोयमा यस समयमा धेरै नमुना परियोजनाहरूलाई लागू गरेर आधारभूत सहरहरूलाई स्मार्ट सिटीको रूपमा रूपान्तरण गरेको छ । विशेष गरी युवाहरू सहरको गतिशील अर्थव्यवस्था तर्जुमा गर्दै विभिन्न शैक्षिक संस्थाहरू र व्यापक मनोरञ्जन सुविधाहरू र सांस्कृतिक अवसरहरूद्वारा धेरै रोजगारहरूद्वारा आकर्षित गर्न यी सहरहरू लागेका छन ।

पछिल्लो समयमा दुबई एक क्षेत्रीय जीवन्त आर्थिक केन्द्र हो जसमा रणनीतिक प्रतिस्पर्धी क्षेत्रहरूले स्मार्ट सिटी बनाएको छ । यसमा पर्यटन, व्यापार, घर जग्गा, खुद्रा, वित्तीय सेवा, स्वास्थ्य सेवा र शिक्षामा जोड दिइएको छ । यो सहर संसारको सबैभन्दा व्यस्त बिमानस्थल, संसारको सबैभन्दा अग्लो भवन र संसारको नौतले भवन र ठूलो बन्दरगाहसँग सुसज्जित छ। सन २०१० मा जापानी सरकारले योकोहामा सहरलाई एक स्मार्ट सहर परियोजनाको रूपमा विकास गरेको हो । यसै क्रममा सन् २०११ मा आईबीएम संस्थाले २०० स्मार्ट शहरका रूपमा सूचीकृत गरेको छ । युरोपको बार्सिलोना सहरलाई सार्वजनिक यातायात, पार्किंग, र सडक प्रकाशसहित डेटा ड्राइव शहरी प्रणालीहरू विकास गरिएको छ । यस समयाविधिमा चीनले सन २०१३ मा ९० सहरलाई स्मार्ट सहरको परियोजनाका रूपमा अगाडि बढाएको छ । सन् २०१४ मा चीन १०३ पाइलट स्मार्ट शहरहरूको दोस्रो चरण शुरु भएको छ । त्यही वर्ष लन्डनका मेयरले लन्डनको डिजिटल टेक्नोलोजी रणनीति बनाउन स्मार्ट लन्डन बोर्ड नै बनाई स्मार्ट सिटीको क्षेत्रमा कार्य गरे । यही कालखण्डमै २०१५ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले १०० भारतीय शहरहरूको लागि "स्मार्ट सिटीज मिसन" को शुभारम्भ गरे ।

## 3. 2021± Innovation trends and Prediction of Smart Cities

स्मार्ट सिटीको तेस्रो चरणले नागरिकसँग सह-निर्माण मोडेलमा विकास गर्न खोजेको छ । अस्ट्रियाको भियना तेस्रो पुस्ताको मोडेल अपनाउने पहिलो शहरहरू मध्ये एक हो । क्यानडाको भ्यानकुभर ग्रीनस्ट सिटी २०२० एक्शन प्लानको सह-निर्माणमा आफ्ना ३०,००० नागरिकहरूलाई समेटेर स्मार्ट सिटी ३.० मोडेल अपनाइएको छ। स्मार्ट सिटीका पूर्वाधार विकासमा निजी तथा विकास साझेदारहरूसँग प्रत्यक्ष अन्तरक्रिया गर्ने वातावरण विकास गरिएको छ र ती सहरमा लगानीका लागि स्रोतको खोजी गर्ने, सार्वजनिक रूपमा

अपिल गर्ने, लगानमैत्री वातावरण विकास गर्ने काम समेत भएका छन ।




आज विश्वमा स्मार्ट सिटीको रूपमा अवधारणा ओन्टारियो (क्यानाडा), ताइपे (ताइवान), मिताका (जापान), ग्लासगो (स्कटल्याण्ड, यूके), क्यालगरी (अल्बर्टा, क्यानाडा), सियोल (दक्षिण कोरिया), न्यूयोर्क शहर (अमेरिका), लाग्रेन्ज, जर्जिया (अमेरिका) र सिँगापुर जस्ता सहरहरूमा लागू गरिएको छ । धेरै जसो नयाँ स्मार्ट सिटी परियोजनाहरू मध्यपूर्व र चीनमा केन्दित छन्, । विशेषगरी स्मार्ट शहरहरू विकासको स्वर्ण मापदण्ड मानिन्छन । किनकि त्यहाँ, शहर का सार्वजनिक स्थानहरूको कुशल व्यवस्थापन, जनघनत्व, सवारी साधन आवागमनमा सुधार, सरसफाइ सफाईमा प्रविधिहरूको उपयोग हुनेछन । सेन्सर र IoT सक्षम क्यामेराको उपयोग अधिकतम गरिन्छ । स्मार्ट टेक्नोलोजीहरू प्रयोगमा जोड दिइन्छ । ऊर्जाको उपयोग, फोहोर उत्पादन र पानीको उपयोगमा जोड दिइन्छ । सिँगापुरले स्वचालित सवारी साधनहरूको परीक्षण गरेर पूर्ण आकारको रोबोटिक बसहरू सञ्चालनमा ल्याउँदै छ । साथै नागरिकको स्वास्थ्य र कल्याण सुनिश्चित गर्नको लागि सेवामा स्मार्ट कार्डहरू मोवाइल एप्सको प्रयोगमा ल्याएको छ । सडक बत्ती, निः शुल्क सार्वजनिक वाई–फाई, पार्किंग स्थान, पैदल यात्री हटस्पट सबैमा ध्यान दिइएको छ । सैन डिएगो सहरमा सन २०१७ मा ३२०० सेन्सरहरू जोडेर यातायात र पार्किङ र सार्वजनिक सुरक्षा, पर्यावरण जागरुकता विकास गरिएको छ । सौर्य उर्जादेखि बिजुली चार्जसम्मका स्टेशनहरू स्थापना गरिएको छ । विद्युतीय सवारी साधनको उपयोगको जोड दिएइको छ भने सहरमा जोडिएका क्यामेरामार्फत ट्राफिक निगरानी र अपराधको निरन्तर निगरानी गरेका छन । संयुक्त अरब इमिरेट्को दुबइमा स्मार्ट सिटी टेक्नोलोजीमा आधारित यातायात मार्ग, पार्किंग, पूर्वाधार योजना र यातायात प्रयोगमा छन । यस्ता सहरले टेलिमेडिसिन र स्मार्ट स्वास्थ्य सेवा, साथै स्मार्ट भवनहरू, स्मार्ट उपयोगिताहरू, स्मार्ट शिक्षा र स्मार्ट पर्यटनको उपयोग गरेका छन । स्पेनको बार्सिलोनामा स्मार्ट यातायात प्रणाली र स्मार्ट बस प्रणाली विकास गरी बस स्टपहरूमा पूरै वाईफाई, युएसबी चार्ज स्टेशनहरू र सवारी साधनका तालिका अपडेट गरी नागरिकहरूलाई सेवा सुविधा दिइएको छ ।

## 4. Frameworks (खाका)

आधारभूत सहरलाई स्मार्ट सिटीको अवधारणा बमोजिम विकास गर्नका लागि विश्वव्यापी खाका वा रणनीतिहरू रहेका छन । सहरमा रहेका अवसर तथा चुनौतीहरूको विकास, एकीकरण, र विस्तार गरी परियोजनाहरूलाई निश्चित फ्रेमवर्कमा रूपान्तरण गर्न आवश्यक छ । खाका आफैमा समग्र अनुकूलित दृष्टिकोण हो । दीर्घकालीन कार्यढाँचा हो । स्मार्ट सहरी विकासको रूपरेखालाई विश्वव्यापी रूपमा हेर्दा विभिन्न संस्था तथा राष्ट्रले ढाँचा

र खाका कार्यान्वयनमा ल्याएका छन । आसियान स्मार्ट सिटीज नेटवर्क (ASCN) ले स्मार्ट सिटी विकासमा निजी क्षेत्रसँग, बैंक, परियोजनाहरू, साझेदारहरूबाट कोष र सहयोगको समन्वय गरी स्मार्ट शहरको विकास गर्ने लक्ष्य राखेको छ । सो संस्थाले सहरलाई अत्यधिक ज्ञान, रचनात्मकता, र नवविचारबाट निर्देशित गर्नुपर्ने लक्ष्य राखेको छ । यूरोपीय संघ (ईयू) ले महानगरका सहरी क्षेत्रको विकासको रणनीति अगाडि सारी "यूरोप डिजिटल एजेंडा" कार्यक्रम नै सहर निर्माणको खाका बनाएको छ । सो संस्थाले सार्वजनिक सेवा र नागरिकको जीवनको गुणस्तर सुधारलाई केन्द्रविन्दुमा राखेको छ । आईसीटी सेवाहरूमा नवीनतम विचार र लगानीलाई सुदृढ बनाउन आफ्नो ध्यान केन्द्रित गरेको छ। स्मार्ट सिटिज मिशन भारत सरकारको शहरी विकास मन्त्रालयको नेतृत्वमा रहेको संस्था हो र रिट्रोफिट र शहरी नवीकरण कार्यक्रम लागू गरी शहरको आधुनिकीकरण गर्न १०० सहरलाई विकसित सहरको रूपमा महत्वकांक्षी सोच राखेको छ । दुरगामी लक्ष्य राखेर योजनाबद्ध मार्गबाट सहर निर्माण गर्नुपर्ने तथ्यलाई प्रयोग गरेको छ । स्मार्ट सहर निर्माण कार्य रचनात्मक तथा अन्वेषणमूलक कार्य हो । यसको निर्माणका लागि उद्यमशीलता, विकास र अनुसन्धान, अनुसन्धानमुखी, उत्पादकत्व, अवसरको जरूरी छ । विश्वव्यापी रूपमा हेर्दा स्मार्ट सहर निर्माण र लगानीका लागि खाका तथा ढाँचा विविध प्रकारका छन ।

## क. प्राविधिक खाका (Technology framework)

स्मार्ट शहरको निर्माणमा प्रविधिको उपयोग अधिक जरूरी छ । सेवा प्रवाहदेखि उपयोग सम्म सबै कार्य प्रविधिमैत्री हुनुपर्दछ । नवीन प्रविधिहरू IoT, Sensor Robotics, Artificial Intelligence को माध्यमको सेवाको विस्तार गरिन्छ । डिजिटल सुशासन नै स्मार्ट सिटीको मूल केन्दविन्दु हो र यसका लागि प्रविधि र उपकरणहरूलाई विकास प्रवाहका हरेक विन्दुमा आबद्ध गर्न सक्नु पर्दछ । सहरीकरणका अध्येता Yovanof, G. S. & Hazapis, G. N. ले स्मार्ट सिटीको अवधारण पूर्णतया डिजिटल सहर हो र यस डिजिटल सहर निर्माणको खाकामा सरकार र कर्मचारीहरू, नागरिकहरू र निजी क्षेत्र सबै एकीकृत रूपमा आबद्ध हुनुपर्छ भनेका छन । यस प्राविधिक खाकाभित्र संज्ञानात्मक प्रविधि (Cognitive technologies) का प्रविधिहरू समेटिन्छन र जसमा कृत्रिम बुद्धिमता र मेशिन शिक्षा, ढाँचा समेटिन्छन । Intelligent प्रविधिको प्रभावकारिता र विशेष नीति निर्णयको प्रभाव खोजिएको हुन्छ ।



सर्वव्यापी (Ubiquitous) उपकरणहरूको माध्यम बाट सार्वजनिक सेवाहरूको लागि पहुँच स्थापित गर्दछ। साथै वायर्ड इन्फ्रास्ट्रक्चर आईओटी र वायरलेस टेक्नोलोजीलाई डिजिटल र भौतिक पूर्वाधारमा समाहित गरिन्छ । दूरसञ्चार, रोबोटिक्स, IoT, र विभिन्न जडित टेक्नोलोजीहरूमा नवीनतम मानव पूँजी र उत्पादकत्वको सूचकका रूपमा लिइन्छ । साथै नागरिक र सेवाबीचको सम्बन्धलाई भर्चुअल डिजाइनले आबद्ध पारेको हुन्छ र स्मार्ट सिटी सेवाबाट नागरिकलाई एकीकरण गरिन्छ । वास्तवमा स्मार्ट सिटी सूचना सहरका रूपमा रूपान्तरण हुन्छ । सेन्सर डाटा प्रबन्धन प्लेटफार्महरू निर्माण गरिनुपर्दछ । इलेक्ट्रोनिक कार्ड (स्मार्ट कार्ड) बाट सेवाहरू (ई सेवाहरू) लागू गरिन्छ ।विश्वका अधिकांश सहरमा राजमार्ग, डिमार्टमेन्ट स्टोर, व्यापारिक महल तथा आउटलेट इलेक्ट्रोनिक पास प्रयोगमा ल्याइएको छ र एएनपीआर क्यामेरा प्रणालीसँग आबद्ध गरिएको छ । तसर्थ यो स्मार्ट सिटीको ढाँचा प्रविधिमैत्री शासन प्रणाली हो ।

## ख. मानवीय खाका (Human framework)



स्मार्ट सिटीको अभ्यास नै मानव कल्याणकै लागि हो । विकास कार्यमा सकारात्मक नतिजा निकाल्न र गुणस्तर विकास गर्नु नै यसको ध्येय हो । स्मार्ट सिटीको मानव ढांचाले नागरिकको र चनात्मकता (Creativity) मा जोड दिई कला र संस्कृतिको उजागर गर्दछ । नागरिकको आविष्कारमुखी सोच, बौद्धिक जिज्ञासा र सृजना निर्न्तर जरूरी छ ज्ञान र सांस्कृतिलाई एकसाथमा आबद्ध गर्छ । नागरिकलाई सिकाइ (Learning) गर्ने वातावरण तयार गरिन्छ ।

साथै मानवीय पक्षमा जोड दिई स्वैच्छिक सँगठनहरू र सुरक्षित क्षेत्रहरूको पहुँच स्थापित गरिन्छ । सामाजिक पूँजी निर्माणमा केन्द्रित रही विविधता, समावेशीकरण र सर्वयापी पहुँच स्थापनामा लागिन्छ । यसैगरी ज्ञान अर्थतन्त्र (Knowledge Economy) त स्मार्ट सिटीको केन्द्रीय त्तत्व मानिन्छ । स्मार्ट शहरहरूका सेवा क्षेत्रहरूमा आर्थिक गतिविधि विस्तार गर्न र विकासको नवीन मूल्य विकास गर्न नागरिकको शिक्षा, स्वास्थ्य, तालिम, ज्ञानमा जोड दिइन्छ ।

## ग. संस्थागत खाका (Institutional framework)

नीति, कानुन, पद्धति, र विधि संस्थागत खाका हुन । स्मार्ट सिटी बृहत र दीर्घकालीन सोच र खाका भएकोले यसलाई प्रणाली र विधिको शासनले सहयोग गर्नपर्दछ । संस्थाका कार्यशैली नतिजामुखी हुनुपर्छ । सेवा समन्यायिक बन्नुपर्छ । नागरिकको अधिकारलाई केन्द्रमा राखेर सेवालाई जनमुखी बनाउनुपर्छ । सन १९९० को दशकबाट आईटीमा संलग्न

प्रयोगकर्ताहरूको स्मार्टको विचारलाई समुदायसम्म पुर्याउन फराकिलो रणनीति तय गरेका छन । सहरका समुदायहरूको रूचि, साझा सोच, सरकार र अन्य संस्थागत सँगठनहरूसँग साझेदारी गरी संस्थागत गर्न खोजेका छन । नागरिक र संस्थागत सँगठनहरू बीचको साझेदारी गरी सहरको यातायात व्यवस्थापन, CCTV, डिजिटल पुस्तकालयहरू, भीडभाड नियन्त्रण र वायु प्रदूषण न्युनीकरण कार्यमा जोड दिएका छन । भारतको पुने सहरमा टेक्नोलोजिकल माध्यमबाट प्रचार गरी शहरहरूको पुनः आविष्कारको सुरूवात गरिएको छ । त्यहाँ इन्टरनेट (IoT) उपकरणहरू, सफ्टवेयर, प्रयोगकर्ता इन्टरफेस (UI) र संचार नेटवर्कको एक संयोजन गरिएको छ र आईओटी सेन्सर र उपकरणहरूबाट क्लाउड वा सर्भरमा भण्डारण गरीएको छ।

### घ. उर्जाको खाका (Energy framework)

स्रोतको दिगोपनमा जोड दिई सामाजिक र आर्थिक सुधार गर्नु पर्दछ । नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जाका स्रोतमा ध्यान दिई यस क्षेत्रमा विकास गरिन्छ । स्मार्ट ऊर्जा पूर्वाधार निर्माण गरिन्छ । एक स्मार्ट शहर "स्मार्ट जडान" द्वारा निर्देशित हुन्छ । जस्तै विभिन्न बस्तुहरू जस्तै सडक प्रकाश, स्मार्ट भवनहरू, वितरित ऊर्जा संसाधनहरूमा केन्द्रित रहन्छ । यी कुराहरू मध्ये, ऊर्जा सर्वोपरि छ; यही कारणले उपयोगिता कम्पनीहरू स्मार्ट शहरहरूमा एक प्रमुख भूमिका खेल्छन् । उर्जाका कम्पनी, बिजुली कम्पनीहरू, टेक्नोलोजी कम्पनीहरू र अन्य संस्थाहरूको एक संख्यासँग साझेदारीमा जोड दिन्छन । स्मार्ट
यहाँ बुझिएन शहरहरूको बृद्धिमा मद्दतिमा ?????? प्रमुख खेलाडीहरू मध्ये छन् । स्मार्ट ग्रिड महत्वपूर्ण टेक्नोलोजी हो । स्मार्ट ग्रिडको सुधारेर सौर्य उर्जा र वायु उर्जाजस्ता अत्यधिक परिवर्तनीय नवीकरणीय उर्जा स्रोतहरूमा जोड दिन्छ ।

### ङ. तथ्याङ्क व्यवस्थापकीय खाका (Data Management framework)

स्मार्ट शहर योजनाबद्ध खाकाको सहर निर्माण हो । यसको निर्माणका लागि आवश्यक नीति, पद्धति र ढाँचा सबै निर्माणमा तथ्याङ्कको आवश्यकता पर्दछ । नेटवर्किंग र कम्प्युटि technologies टेक्नोलोजीको माध्यमबाट तथ्याङ्क सुरक्षा र गोपनीयता विकास गरिन्छ । तथ्याङ्कको संकलन (collection) प्रशोधन, र प्रसार प्रविधिको संयोजनमा जोड दिन्छ । स्वास्थ्य, यातायात, मनोरञ्जन आविष्कारलाई प्रोत्साहित गर्दछ ।

### च. अन्वेषणमुखी खाका (Innovation framework)

आज विश्वमा ठूला आईटी, दूरसञ्चार र उर्जा व्यवस्थापन कम्पनीहरू जस्तै एप्पल, बैदु, अलिबाबा, टेन्सेन्ट, हुवावे, गुगल, माइक्रोसोफ्ट, सिस्को, आईबीएमले बजारमा नयाँ नयाँ उत्पादनमा अनुसन्धानमुखी कार्यशैली अबलम्बवन गरेका छन । कतिपय बहुराष्ट्रिय कम्पनीको आफैमा Self Driving प्रविधि छ । अलीबाबा कम्पनीले Urban Mind मा केन्द्रित छ । Huawei ले सुरक्षित शहर कम्प्याक्टमा जोड दिई शहरहरूमा सुरक्षामा सुधारमा केन्द्रित

छ । गुगल कम्पनीले सहरको फुटपाथ व्यवस्थापन स्मार्ट शहरमा ध्यान केन्द्रित छ । सिस्को कम्पनीले विश्वव्यापी "बुद्धिमानी शहरीकरण" अभ्यास सुरूवात गरी शहरहरूलाई एकीकृत शहर ब्यवस्थापन, नागरिकहरूको जीवनको राम्रो गुणस्तर, र आर्थिक विकासको लागि नेटवर्कको उपयोगमा ल्याएको छ । IBM ले शहर र महानगरीय क्षेत्रहरूमा आर्थिक बृद्धि र जीवनको गुणस्तरलाई प्रोत्साहित गरेको छ । एमआईटी स्मार्ट सिटी ल्याबले दिगो भवन, गतिशीलता प्रणाली (ग्रीनव्हील बिजुली साइकल, माग मा गतिशीलता, City Car, व्हील रोबोट) मा केन्द्रित गरेको छ । Electronic Intel Cities ले इलेक्ट्रोनिक सरकार, योजना प्रणाली र नागरिक सहभागिताको लागि अनुसन्धान गरी प्लेटफार्महरू विकास गरेका छन । स्मार्ट सिटी एकेडेमिक नेटवर्कले उत्तरी सागर क्षेत्रमा ई-गभर्नन्स र ई-सेवाहरूमा काम गरीरहेको छ। एमके संस्थाले स्मार्ट प्रोजेक्ट लागू गरी दिगो ऊर्जाको उपयोग, पानीको उपयोग र यातायातको आधारभूत संरचनाको मुद्दाहरूमा ध्यान केन्द्रित गरीरहेछ । नागरिकलाई बढावा दिनको लागि स्मार्ट सहरहरूको बारे नागरिकहरूलाई शिक्षित र दीक्षित गरेको छ । साथै AI एआई, मेशिन शिक्षा, स्वचालन, व्यापारको लागि प्रयोगशाला स्थापना गरेको छ ।




स्मार्ट सिटी टेक्नोलोजीको प्रयोग बढ्दो सार्वजनिक सुरक्षा सुधार गर्न, उच्च अपराधका क्षेत्रहरूको अनुगमनदेखि लिएर सेन्सरको साथ आपतकालीन तयारीमा सुधार गर्नका लागि गरिन्छ । उदाहरणको लागि, स्मार्ट सेन्सर सुख्खा, बाढी, भूस्खलन वा आगलागीको व्यवस्थापनका लागि प्रारम्भिक चेतावनी प्रणालीको महत्त्वपूर्ण सूचक बनेको देखिन्छ ।

### छ. दिगो पूर्वाधारमैत्री खाका (Sustainable Infrastructure framework)

स्मार्ट भवनहरू स्मार्ट शहर परियोजनाको अंग हुन । प्रकोपबाट बच्न Reliant City तथा पूर्वाधार retrofitted सम्मका कार्यहरू यसमा समेटिन्छन । नयाँ भवनहरू सेन्सरसँग आबद्ध भई सुविधायुक्त हुन्छन । सार्वजनिक सुरक्षालाई पहिलो मन्त्र बनाइन्छ र भवनहरूको संरचनात्मक गुणस्तरमा ध्यान दिइन्छ । घर नक्सा निर्माण तथा जनशक्ति व्यवस्थापनमा प्रविधिको उपयोग गरिन्छ । भवनको mapping, वाटो, सडक सुविधा हरियालीलाई केन्द्रविन्दुका रूपमा राखी पूर्वाधार निर्माण गरिन्छ ।

### ज. शासकीय खाका (Governance framework)

राज्य संयन्त्रलाई जनमुखी बनाई नागरिकको अपेक्षाअनुरूप प्रभावकारी छिटो, छरितो र प्रभावकारी सेवाका माध्यमबाट नागरिकलाई शासनको सुखद अनुभूति दिलाउनु नै शासन हो । अबको शासन ढाँचा र विधि सुशासनमा केन्द्रित हुनुपर्छ । असल, कुशल र जनमुखी शासनबाटै नागरिकको समस्या सम्बोधन गर्न सकिन्छ । शासकीय पात्रहरूमा निहित शक्ति,

अधिकार र दायित्व नागरिक सेवा र सन्तुष्टि सापेक्ष गर्ने शासन प्रणालीको अपेक्षा स्मार्ट सिटीको निर्माणका क्रममा जरूरी छ । अब जनमुखी शासन व्यवस्थाबाट सहर निर्माण गर्न सकिन्छ । यसरी, जनमुखी र नागरिक सहभागितामूलक शासन व्यवस्था बाटै स्मार्ट सिटीको लक्ष्य पूरा गर्न सकिन्छ । यसले विकास, समृद्धि र जनसन्तुष्टिको भाव बोकेको हुन्छ ।

### झ. आर्थिक विकास खाका (Economic framework)

सहरमा आर्थिक क्रियाकलापको वस्तुगत खाकासहित अन्तरसम्बन्ध विश्लेषण गर्ने, उत्पादन र उपभोगको समग्र पारिस्थितिक प्रणाली विकास गर्ने र उत्पादन बढाउने नीति तथा कार्यक्रम अपनाइन्छ भने त्यस्तो गतिविधि स्मार्ट सिटीमा स्वीकार्य हुन्छ । रोजगारीमा योगदान मात्र हैन स्वदेशी उत्पादनको स्केल बढाउने, अन्तरसम्वन्धित उत्पादनका उद्योगहरू पनि सञ्चालन गर्नु र विश्ववजारको माग अनुसार निकासी गर्ने सम्भावनाको समेत प्रयोग यसमा गरिन्छ । स्थानीय आर्थिक विकासको कुनै मोडलमा उपलब्ध स्रोत साधनको पहिचान र परिचालनको क्षमताका साथमा उत्पादन मार्फत आर्थिक बढोत्तरी हुने कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसको प्रयोग गरी दिगो उत्पादन र निरन्तर इनोभेसनका लागि उपलब्ध सम्पत्ति र उत्पादनका साधनहरूको प्रयोगमा आवश्यकतानुसार साझेदारी समेत जुटाउनुपर्ने हुन्छ । नेपालको सन्दर्भमा हेर्दा काठमाडौं उपत्यका विकास प्राधिकरणका अनुसार १२ वटा सहरहरूको विकासको लागि कुल लागत रू ३५० अर्ब भन्दा बढीको आर्थिक लगानीको खाका तयार गरेको छ । सो प्राधिकरणले उपत्यकाको चारै कुनामा चारवटा स्मार्ट सिटीको विकास गर्ने महत्वाकांक्षी परियोजना घोषणा गरेको थियो र सो स्मार्ट सिटीकै खाकाभित्र रहेर विस्तृत परियोजना योजनाहरू बनाइएको थियो ।




प्रस्तुत खाकाका अतिरिक्त साझेदारी, सांस्कृतिक, सहलगानी, समपूरकजस्ता खाकाहरू पनि प्रचलनमा छन । सहरमा नागरिककै सहभागितमा रहेर विकासका खाका कोर्ने काम गरिएको हुन्छ । विश्वभर विभिन्न राष्ट्रले विकासको तह एवं सामाजिक र आर्थिक विकासका आधारमा आफ्ना सहरलाई 'स्मार्ट सिटी'को खाका तयार गरेका छन् । अतः लगानी, स्रोत, आपूर्ति, वजेट परिचालन नै आर्थिक विकासका खावा हुन । स्मार्ट सिटी प्रविधिमूलक शासनको विकास अभ्यास भएकोले सूचना प्रविधिको अधिकतम प्रयोग गरेर सहरी पूर्वाधार विकास गरिन्छ र त्यसलाई नै त्यसलाई 'स्मार्ट सिटी' को स्वरूपमा रूपान्तरण गरिन्छ । जनता, सरकार, अर्थतन्त्र, आवागमन, वातावरण र जीवनस्तरलाई 'स्मार्ट सिटी'का सूचक मानेर सहरी विकासको खाका तयार गर्ने विश्वव्यापी मान्यता छ । तिनै सूचकलाई परिमार्जन र परिष्कृत गर्दै आफ्नै राष्ट्र सुहाँउँदो र विशिष्ट प्रकृति बनाई सहरी विकास मोडलमा रूपान्तरण गरिन्छ ।

## १.४ नेपालमा स्मार्ट सिटीको अवधारणा




सहरीकरण एक विश्वव्यापी घटना हो, जसमा विश्वको आधाभन्दा बढी जनसंख्या सहरमा बस्छन् । सहरी जनसंख्याको हिस्सा २०५० सम्ममा ६६ प्रतिशत पुग्ने अपेक्षा एसिया र अफ्रिकामा केन्द्रित वृद्धिले सङ्केत गरेको छ । नेपालका छिमेकी राष्ट्र चीन र भारतले सन् २०५० सम्ममा ६९ करोड ६० लाख सहरी बासिन्दा थप्ने प्रक्षेपण गरेका छन् । राष्ट्रसंघको एक अध्ययनअनुसार विश्वको उच्च १० सहरीकरण वृद्धि भएको राष्ट्र भित्र नेपाल पनि पर्छ ।



सहरीकरणका केही विशेष चरित्र हुन्छन । सबै भन्दा पहिला त जनघनत्व बढी भएको एकीकृत बस्ती सहरीकरणमा हुन्छ । त्यस्तै, कृषिभन्दा गैरकृषिजन्य व्यवसायमा संलग्न मानिसको अनुपात बढी हुनु सहरीकरणको अर्को विशेषता हो । यसैले सहरका तीन विशेषता छन् एकीकृत बस्ती, व्यापक जनघनत्व र कृषिभन्दा गैरकृषि व्यवसायको बाहुल्य । यी तीनै विशेषताले भौतिक स्वरूपको व्यवस्थापन र मौजुदा स्रोतकै सक्षमताबाटै स्मार्ट सिटी निर्माण गरिन्छ । सहरीकरणमा स्मार्ट तथा हरित सहर बनाउने मात्र पनि हैन, यो त सांस्कृतिक, सामाजिक, आर्थिक र राजनीतिक सुशासनको स्थापना गर्नु गरिन्छ ।

नेपालमा योजना विहीन सहरीकरण प्रकिया छ । सन् १९८१ मा देशको कुल जनसंख्याको ६.४ प्रतिशत बसोबास गर्ने २३ नगरपालिका थिए । सन् १९९१ र २०११ को बीचमा नगरपालिकाको संख्या ५८ रहे र नगरपालिकामा बसोबास गर्ने जनसंख्याको हिस्सा १३.९ बाट १७.१ प्रतिशतमा उल्लेखनीय वृद्धि भएको थियो । यस बीचमा सहरीकरणको अनुपात ३.३८ प्रतिशत वार्षिक दर रहेको देखिन्छ । नेपालको सहरी क्षेत्रलाई नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका गरी तीन क्षेत्रमा विभाजन गरिएको छ । नेपालमा आठौं योजनाबाट राष्ट्रिय सहरी दृष्टिकोण ब्यक्त गरिएको हो । नेपालका सहरहरू अझै सहरीकरणको प्रारम्भिक चरणमा छन । नेपालका नगरपालिकाहरूभित्रका सहरहरूको जनसंख्याको आकार र घनत्वका हिसाबले धेरै भिन्न छन् । एकातिर कम जनघनत्वका कारण अधिकांश नगरपालिकाहरूमा विकास लागत उच्च छ । थोरै जनसंख्या भएको क्षेत्रबाहेक उच्च जनसंख्या घनत्व सामान्यतया ठूलो सार्वजनिक क्षेत्र खर्चको माग गरेका छन जसले तीब्र जनसंख्या वृद्धिको संकेत गर्छ । त्यसैले स्थनानीय सहरहरूमा सेवाको नाममा बासिन्दाहरूमा वित्तीय भार थोपरिएको अवस्था पनि छ ।

नेपालमा आज एकातिर काठमाडौं (२० हजार २ सय ८९ व्यक्ति प्रतिवर्गकिलोमिटर) जस्ता घना जनसंख्या भएका सहरहरूमा मात्र होइन कि  ललितपुर (१४ हजार ९ सय ६६) र भक्तपुर (१२ हजार ७ सय ५३) तथा पोखराजस्ता द्रुत रूपमा विकास भइरहेका सहरहरूमा पनि  छन । भरतपुर, मध्यपुर थिमि र वीरेन्द्रनगरमा वार्षिक औसत वृद्धि तीब्र छ र यहाँ मात्र  सन् २००१ र २०११ बीच ५ प्रतिशतभन्दा बढी दरले जनसंख्या वृद्धि भएको देखिन्छ ।




नेपालमा सहरीकरणलाई प्रायः नगरपालिकाको जनसंख्याका हिसाबले व्याख्या गरिन्छ । सहरी क्षेत्र (सहर र नगरहरू) जनसंख्यासँग सम्बन्धीत न्यूनतम मापदण्ड पूरा गर्ने, पूर्वाधार र राजस्वलाई नगरका मापक बनाइन्छ । तर, पछिल्लो समयमा गरिएका नगरपालिकाको घोषणा धेरैजसो राजनीतिक छन । तर सहरीकरण भन्नाले सहरी क्षेत्रको भौतिक, सामाजिक तथा आर्थिक विस्तारलाई जनाउँछ, चाहे त्यो क्षेत्रफल, जनसंख्या र पूर्वाधारको विकास किन नहोस् । व्यवस्थित सहरीकरण नै विकासको मार्ग हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले हिमालमा १० हजार, पहाडमा ४० हजार, भित्री मधेसमा ५० हजार, तराईमा ७५ हजार र काठमाडौँ उपत्यकामा १ लाख जनसंख्या भएमा नगरपालिका हुने भनेर मापदण्ड तोकेको नीतिगत व्यवस्था रहेको छ ।

नेपालको सन्दर्भमा हाल रहेका सहर आधारभूत सहर हुन र त्यहाँ प्रविधिमूलक विकासको मोडल अबलम्बन गरी स्मार्ट सिटी बनाउन खोजिएको छ । सरकारले स्मार्ट सिटीलाई गेमचेञ्चर परियोजनामा समावेश गरेको छ । सेवा सुविधा खोज्दै शहर पस्न खोज्ने बासिन्दालाई रोक्नका लागि स्मार्ट सिटीले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । नेपाल सरकारले स्मार्ट सिटीको उदेश्य निम्न राखिएको छ ।

- शहरीकरणलाई व्यवस्थित गरी प्रत्येक शहरलाई त्यस क्षेत्रको केन्द्रको रूपमा विकास गर्ने
- ठूला शहरी क्षेत्र, तराई तथा कृषियोग्य क्षेत्रहरूमा हुन सक्ने बसाइसराइ नियन्त्रण गर्ने
- वस्तीहरूको विकासको रणनीतिक योजना, कार्यक्रम, भू-उपयोग तथा विकास रणनीति तयार पार्ने



- कृषि, पर्यटक, शौक्षिक तथा औद्योगिक क्षेत्रहरूको विकास एवं प्रवर्द्धन गरी ग्रामिण विकास एवं प्रवर्द्धन गरी आर्थिक क्रियाकलापहरू क्रियाशिल गर्ने
- ग्रामिण क्षेत्रबाट ठूला सहरहरूमा हुने बसाइसराइ कम गर्दै साना तथा मझौ ला आधुनिक सहरहरूको विकास गर्दै जाने ।

सहरको परिमार्जन र परिष्कृत सोचको आवश्यकता र सेवा सुविधालाई केन्द्रमा राख्दै नेपाल सरकारले आर्थिक वर्ष ०७२/७३ को बजेटमार्फत पहिलो पटक 'स्मार्ट सिटी' निर्माण गर्ने अवधारणा सार्वजनिक गरेको थियो । बजेटमा काठमाडौँ उपत्यका, लुम्बिनी र निजगढमा एक-एक वटा 'स्मार्ट सिटी' विकासको गुरूयोजना तयार पार्ने कार्यक्रम थियो । उपत्यका प्राधिकरणले काठमाडौँ उपत्यकामा वि. सं. २०७४ वैशाख २४ गतेदेखि केही स्थानमा जग्गाको कित्ताकाट रोकेर नयाँ सहरको पूर्वाधारबारे अध्ययन गरी योजना तर्जुमाका लागि तीन वर्षसम्म यी क्षेत्रमा जग्गाको कित्ताकाट समेत रोकेको थियो ।

राष्ट्रिय योजना आयोगले स्मार्ट जनता, शासन, पूर्वाधार, अर्थव्यवस्था आधारभूत विशेषतायुक्त 'स्मार्ट सिटी'को अवधारणा पत्र तयार पारेको छ । यही थिम (Theme) मा रहेर आर्थिक वर्ष २०७२/७३ को बजेटमार्फत तीन सहरलाई स्मार्ट सिटीको रूपमा विकास गरिने घोषणा गरिएको भए पनि नेपाल सरकारको मन्त्रिस्तरीय बैठकले २०७४ को असार २८ मा निर्णय गरी थप १० वटा सहरहरूलाई स्मार्ट सिटीका रूपमा विकास गर्ने गरेको थियो । सो निर्णयानुसार स्मार्ट सिटीको अवधारणा अनुरूप एकिकृत सहरी विकास तथा पूर्वाधार विकास गर्ने अध्ययन सुरू गर्ने गरी १० स्थान तोकेको थियो र जसमध्ये एक वालिङ नगरपालिका पनि परेको थियो । वि.सं. २०७७ चैत ३० गते बसेको मन्त्रिपरिषद् बैठकले स्मार्ट सहर निर्माण आयोजनालाई 'गेम चेन्जर आयोजना' का रूपमा अगाडि बढाएको थियो । यसमा पनि प्रदेश १ को धनकुटा र गौरीगञ्ज, प्रदेश २ को रौतहट जिल्लाको मौलापुर र चन्द्रपुर, बागमती प्रदेशको काभ्रेको काभ्रे भ्याली र भक्तपुरको गुन्डु, गण्डकी प्रदेशको वालिङ, लुम्बिनीको लुम्बिनी र तुलसीपुर, कर्णालीको दुल्लु तथा सुदूरपश्चिमको भीमदत्त र अमरगढी नामका स्मार्ट सहर निर्माण गर्ने निर्णय गरिएको थियो । सहरी मन्त्रालयसँग यसअघि नै १३ वटा सहरलाई स्मार्ट सहरका रूपमा निर्माण गर्ने निर्णय रहे को थियो तर २०७७ चैत ३० को मन्त्रिपरिषद्को निर्णयबाट पहिलाको १३ मध्ये आठ र चारवटा नयाँ थप भएर आउँदा सरकारको पछिल्लो र अहिलेको निर्णयअनुसार मुलुकभर जम्मा १७ वटा स्मार्ट सहर निर्माण गर्नुपर्ने देखिन्छ ।



नेपालमा सहरी विकास तथा भवन निर्माण विभागले स्मार्ट सिटीको क्षेत्रमा कार्य प्रारम्भ गरेको छ । सो विभागले तयार पारेको प्रस्तावित स्मार्ट सिटीको खाकामा सहरको विकासको स्तर र सन्दर्भ हेरेर स्मार्ट सिटीको योजना बनाएको छ । सो दस्तावेजमा उल्लेख भए अनुसार सबै सहरका लागि अनुसार ४ पिल्लर, ३१ कम्पोनेन्ट र १ सय १७ सूचकहरू तोकेर खाका तयार गरिएको छ । विभागले तयार पारेको प्रस्तावमा उल्लेख भएअनुसार चारवटा स्मार्ट पिल्लरहरूमा स्मार्ट पिपुल, स्मार्ट गभर्नेन्स, स्मार्ट इन्फ्रास्ट्रक्चर र स्मार्ट

इकोनोमी छन् । त्यस्तै ५३ वटा मुख्य सूचक र ६४ वटा सहायक सूचक गरी १ सय १७ वटा सूचकहरू रहेका छन् । यसैको परिधिमा रहेर निर्णय भएका सहरहरूको डिपिआर तयार तथा र स्मार्ट सिटीका लागि मापन गर्ने सूचक तोकेर कार्यान्वन गर्ने अभ्यास सुरू भएको छ । नयाँ सहर आयोजना समन्वय कार्यालयले स्मार्ट सिटीलाई मापन गर्ने सूचकसहितको खाका प्रस्ताव स्वीकृत भइसकेपछि मात्र स्मार्ट सिटी कार्यान्वयनमा आउने तयारी गरेको देखिन्छ । तर काठमाडौं उपत्यकामा बन्ने भनेको स्मार्ट सिटीको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) फेरि परिवर्तन गरेको छ ।




वि सं २०७७ फागुनमा शहरी विकास मन्त्रालयले काठमाडौं उपत्यकामा स्मार्ट सिटी 'काठमाडौं इशान', 'काठमाडौं आग्नेय', ललित पुरमा प्रस्तावित स्मार्ट सिटी 'काठमाडौं नै ऋत्य' र 'काठमाडौं उत्तर'को विस्तत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरेको थियो । तर, गोकर्णेश्वर नगरपालिका, कागेश्वरी मनोहरा नगरपालिका र शंखरापुर नगरपालिकाले आफ्नै पहलमा स्मार्ट सिटी निमार्ण गर्ने योजना अघि सारेपछि केन्द्र सरकारले बनाएको डिपीआर पुन परिवर्तन गरेको देखिन्छ । तीन वटा नगरपालिका कागेश्वरी मनोहरा, शंखरापुर नगरपालिका र गोकर्णेश्वर नगरपालिकाले भने आफ्नो योजनमा नयाँ शहर बनाउने योजनाको विस्तृत परियोजना (डिपीआर) उपत्यका विकास प्राधिकरणमा बुझाएपछि केन्द्र सरकारले बनाएको डिपीआरमा फेरिबदल भएको हो । तीन वटा नगरपालिकाले कागेश्वरी मनोहरा नगरपालिकाको वडा नं १, २, ३ र ४, गोकर्णेश्वर नगरपालिकाको वडा नं १, २ र ४ एवं शंखरापुर नगरपालिकाको वडा नं ९ भित्रको करिब ५६ हजार रोपनी जग्गामध्ये १३ हजार रोपनी जग्गा एकीकरण गरेर नयाँ शहर बनाउन लागिएको छ । वि सं २०७७ फागुनमा नै सरकारले करिब ३३६ अर्ब लगानीमा काठमाडौंमा बन्ने तीन वटा स्मार्ट शहरको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) को सारसंक्षेप सार्वजनिक गरेको थियो ।

सहरी विकास मन्त्रालयका अनुसार यी शहरहरू बन्न सम्बन्धित क्षेत्रका स्थानीयबासीले प्रतिकित्ता औसत ३६.९८ प्रतिशतसम्म योगदान गर्नुपर्ने उल्लेख छ । तीनवटै शहरको प्रतिकित्ता औसत योगदान ३४.९५ प्रतिशत छ । कागेश्वरी मनोहरा नगरपालिका, शंङ्खापुर नगरपालिका र गोकर्णेश्वर नगरपालिकाले ५६ हजार रोपनी जग्गामध्ये १३ हजार रोपनीलाई एकिकरण गरेर नयाँ शहर बनाउने लागिएको छ ।

सहरी विकास मन्त्रालयको तथ्याङ्क अनुसार बाराको निजगढ, रूपन्देही लुम्बिनी, गोरखाको पालुङटार, धनकुटा, सिराहाको मिर्चैया, रौतहटको चन्द्रपुर, काभ्रेपलान्चोकको काभ्रे, चितवनको भरतपुर, स्याङ्जाको वालिङ, दाङको तुलसीपुर, दैलेखको दुल्लु, डडेलधुरा को अमरगढी र कैलालीको टिकापुरमा स्मार्ट सिटीहरूको मास्टर प्लान भई निर्माणका लागि

अध्ययन सम्पन्न भएको देखिन्छ । हराभरा सहर, निःशुल्क वाईफाई, खानेपानी, ढलको उचित व्यवस्थापन, रोजगारी सृजना, सडक, ट्राफिक, पर्यटन लगायतका विषयहरू यसभित्र समेटिएका छन । तर सरकारको नीति तथा कार्यक्रममा मात्र घोषणा गर्ने होडबाजी देखिने तर बजेटको सुनिश्चित नगर्ने प्रवृतिकका कारण अविश्वास जनमानसमा उत्तिकै रहेको छ ।

नेपाल सरकारले स्मार्ट सिटी निर्माणका लागि आवश्यकपर्ने न्यूनतम मापदण्ड तयार गरेको छ । सवै सुविधामा सूचना प्रविधिको अधिकतम पहुँच सहितको सहरी सेवा नै स्मार्ट सिटीको मुख्य अवधारणा तोकेको छ र कम्तीमा एक सय हेक्टर जमिन हुनुपर्ने, प्रति हेक्टर जमिनमा न्यूनतम १० व्यक्तिको बसोबास, यातायात, स्वास्थ्य, शिक्षा र सुरक्षा पूर्वाधार तथा सूचना प्रविधिमा पहुँच स्मार्ट सिटिका लागि अनिवार्य हुने सर्तहरू छन । यस्तै खानेपानी, विजुली, टेलिफोनको सर्वसुलभ ब्यवस्था नभए सरकारले स्मार्ट सिटीको मान्यता नदिने तथा पूर्वाधार विकास र सूचना प्रविधिलाई उच्च प्राथमिकता दिइएको छ । स्थानीय तह निर्वाचनसँगै देशैभरजसो स्मार्ट सिटी घोषणाको लहर चलेको छ । तर सहरहरूलाई पूर्वाधारयुक्त बनाउँदै स्मार्ट सिटी बनाउने अभ्यास गर्नुपर्छ । स्याङ्जाको वालिङ स्मार्ट सिटीमा भने सडक स्तरोन्नतीको कार्य भइरहेको आयोजना कार्यालयले जनाएको छ । जसमा केवरेभन्ज्याङ, हिलेपानी रूग्दिठाटी वटा नम्बर ७, स्वरेक-टापु-मैदान सकड खण्ड, आग्रे डाडा पुघार पैथोक गरौसुर मन्दिर ३.८ किलोमिटर, आपडाली पिपलेक होमस्टे सडक, वालिङ राउट डाडा पेकु पोखे सडक, लखनी वाहुनथान देउराली सडकको कार्य भएको सहरी विकास मन्त्रालयको भनाइ छ । जसमा स्मार्ट सिटीको अवधारणामा प्रदेशिक सन्तुलन, जनसंख्या समेतको सन्तुलनलाई विचार गरी विकासको कार्य शुरू गरिएको नयाँ शहर आयोजना समन्वय कार्यालयले जनाएको छ । साथै, स्मार्ट लाइट, स्मार्ट ट्राफिक लाइट, स्पिड, लाइट र ध्वनिक सेन्सर, डिजिटल होर्डिङ बोर्ड, सिसिटीभी क्यामेरा, डिजिटल इन्फर्मेशन बोर्ड र साइनेज र वेदर मनिटरिङ सिस्टमको व्यवस्था हुनु पर्ने आयोजनाले उल्लेख गरेको छ ।




सबैभन्दा पहिले नेपालका सहरहरूलाई स्मार्ट सिटीको रूपमा विकास गर्न आवश्यक स्पस्ट मौलिक मापदण्डहरू पत्ता लगाउनुपर्छ । नगर वा सहरहरू अनुसार यी मापदण्ड फरक हुन सक्छन् । नगर वा सहरहरूले आफ्ना सबल र कमजोर पक्ष तथा सम्भावना र चुनौती प्रस्टरूपमा बुझ्नुपर्छ। स्मार्ट सिटीमा सूचना प्रविधिलाई एकीकृत गरिएका भौतिक पूर्वाधारहरू र स्मार्ट सेवा प्रणालीहरूको निर्माण आवश्यक हुन्छ । नेपालमा शुद्ध खानेपानी, सरसफाइ, ढल निकास, फोहोरमैला व्यवस्थापन, सडक, यातायात, ऊर्जा, शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रका पूर्वाधारहरूको निकै कमी छ । स्मार्ट सिटीका मुख्य पक्ष यी पूर्वाधारको निर्माणमा प्रत्यक्ष संलग्न हुने प्राविधिक जनशक्तिको धेरै खाँचो पर्छ। विश्वको अनुभव हेर्दा पनि

अमेरिकाको न्यूयोर्क, बेलायतको लन्डन, फ्रान्सको पेरिस, अमेरिकाकै बोस्टन, सान फ्रान्सिस्को, वासिँगटन डिसी, दक्षिण कोरियाको सोल, जापानको टोक्यो, जर्मनीको बर्लिन र नेदरल्यान्ड्सको आम्सटरडम विभिन्न सूचकांकका आधारमा विश्वका उत्कृष्ट स्मार्ट सहरका उदाहरण हुन् । यी सहरले निकै धेरै मिहिनेत र लामो समयपछि यो अहिलेको विकास हासिल गरेका हुन् । नेपालले ती सहरको उदाहरणबाट धेरै अनुभव लिन सक्छ । नगर वा सहरको रूपान्तरणका लागि योजनाबद्ध लगानी सहित एकीकृत विकास रणनीति आत्मसात गर्नुपर्छ ।

## १.५ स्मार्ट सिटीको कार्यान्वयनभित्र वालिङ नगरपालिका

वालिङ नगरपालिकाले स्मार्ट सिटीलाई नगर विकासको गन्तव्य मानेर दिगो विकासका लक्ष्यहरूलाई आफ्नो नीति तथा कार्यक्रममार्फत आन्तरिकीकरण गरेको छ । नगरका राजनितिक दल, सामाजिक अभियन्ता, विषय विषेशज्ञ, व्यवसायी, स्थानीय सबैको सल्लाह अनुरूप स्मार्ट सिटी बनाउनको लागि घनिभुत रूपमा छलफल गरी नगरको बृहत योजना २०७४ बनेको छ । स्मार्ट सिटी निर्माणको सोच वालिङ निर्माणको २० वर्षको कार्ययोजनाको खाका हो । सन् २०३० सम्ममा वालिङ नगरपालिकाले दिगो विकासका लक्ष्यहरू हासिल गरिसक्न सूचक बनाई समयसीमा तोकेको छ ।







नगरपालिकाले आगामी ८ वर्षमा आधारभूत सिटी बन्ने, १२ वर्षमा दिगो सहर बन्ने उदेश्य राखेको छ भने ती उपलब्धिलाई संस्थागत गरी समग्र २० वर्षमा स्मार्ट सिटीमा पुग्ने दीर्घकालीन गन्तव्य तोकेको छ । यसरी वालिङको स्मार्ट सिटी बन्ने सपना समयबद्ध कार्यतालिका हो । समयका हिसाबले लामो र कार्यशैलीका रूपमा बृहत कार्यसूची हो । स्मार्ट नगरपालिका निर्माणका लागि तयार गरिएका ४ खम्बा, ३० वटा घटकहरू, १०६ वटा सूचक तयारी गरी १००० अंक भार किटान गरिएको छ । यो अवधारणा अन्तराष्ट्रिय अनुकरण मात्र होइन । विकासको देखावटी प्रवृति र कोरा नारा मात्र होइन । राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित पुस्तक 'दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३० मा उल्लेख भएअनुसार दिगो विकास लक्ष्यहरूमा गरिबीको अन्त्य, स्वस्थ जीवन, गुणात्मक शिक्षा, लैङ्गिक समानता र सबै महिला, किशोरी र बालिकाहरूलाई सशक्त बनाउने मार्गबाट प्रेरित छ । विकासको स्थानीयकरण र रणनैतिक सोचको खाका पनि हो । नगरले स्मार्ट सिटीको सूचकभित्र रहेर सेवा प्रदान गर्ने अभ्यास सुरू पनि गरेको छ । समयसीमा भित्र उपलब्धि केकति भयो भनेर समीक्षा गर्ने प्रणाली संस्थागत भएको छ । तर पनि स्मार्ट सिटीको अवधारणाले तोकेको लक्ष्य भेट्न र करीब २० वर्ष



समयसीमा लाग्नेछ । विभिन्न दस्तावेज निर्माण गरी विकासमा हस्तक्षेपकारी भूमिका बढाउँदै नगरले रणनैतिक योजना र वार्षिक योजना तयार पार्नुका साथै नगरको समग्र विषयवस्तु समेटेर नगर प्रोफाइल समेत तयार पारी तथ्याङ्क व्यवस्थापनमा सुधार गरेको छ ।

नगरपालिकाले मुख्यतया स्मार्ट सिटीको लागि चार वटा विषयलाई सहरी विकासको खम्वा (Pillar) मानेको छ । त्यसभित्र सूचना, पुर्वाधारका अवयवहरू तथा सामाजिक र आर्थिक कृयाकलाप समेटेर आधार स्तम्भहरू विकास र विस्तार भएका छन । उक्त खम्बाहरू निम्न छन :

**स्मार्ट पुर्वाधार :** स्मार्ट इन्फ्रास्ट्रक्चर हुनुले पनि स्मार्ट सिटी जनाउँछ । भूकम्प प्रतिरोधी घरहरू, डिजिटल नक्सा, मापदण्ड अनुसारका रोडहरू, स्मार्ट ट्राफिक लाइटहरू ट्राफिक व्यवस्थापन, सुविधा सम्पन्न हस्पिटल, एम्बुलेन्स इत्यादिको सन्तुलित व्यवस्थापनले सिटीलाई स्मार्ट बनाउँछ ।




घर नक्साको अभिलेख तथा सेवा प्रवाहमा डिजिटल प्रणाली लागू हुँदैछ । यस भित्र सडक, खानेपानी .सिंचाई, यातायात, फोहरमैला व्यवस्थापन, भुउपयोग, सुचना प्रविधि र पुर्वाधार को विकास गरी सर्वसाधारणको पहुँच सम्म पुर याउने र पुर्वाधारमा लगानी गर्ने लक्ष्य समेत किटान गरिएको छ ।

**स्मार्ट सुशासन :** त्यसैगरी नगरपालिकाको स्मार्ट सिटीको खाकाअनुसार स्मार्ट गभर्नेन्स पनि स्मार्ट सिटी बनाउने अर्को तत्त्व हो । नगरपालिका प्रविधिमैत्री हुनु, स्थानीय निकायबाट दिइने हरेक सेवासुविधाहरू डिजीटलाइज्ड सिस्टमबाट हुनु, स्थानीय सार्वजनिक प्रशासनले दिने सेवासुविधाहरू अनलाइन प्रणालीमार्फत विकास गर्ने कार्यहरू यस अन्तर्गत पर्दछन । जनताको सेवालाई घरदैलोसम्म पुर्याउने गरी यस क्षेत्रका सूचक तय गरिएका छन ।






**स्मार्ट अर्थतन्त्र :** लगानी भित्र्याउने र लगानी सुरक्षा गर्ने कानून तयार गर्ने, उत्पादन तथा बजारमा स्थानीय सहभागिता बढाउने कार्यक्रम रहेको छ । एक गाँउ एक उत्पादन, एक गाँउ एक सहकारी मार्फत प्रशस्त स्वरोजगारी श्रृजना, स्थानीय उत्पादन विक्री गर्ने कम्पनीको स्थापना, कृषकको लागि सहुलियत, प्राविधिकको समुचित व्यवस्था तथा अनुदान दिने, नयाँ उद्दोग स्थापना गर्ने र स्थानीय

उद्योग ग्रामको स्थापना गरी धेरैलाई रोजगारीको व्यवस्था गर्ने लक्ष्य निर्धारण भएको छ ।




**स्मार्ट नागरिक वा जनता :** स्मार्ट सिटी हुनका लागि स्मार्ट सिटिजन हुनुपर्ने सार रहेको छ । मानिसहरू वैचारिक बहस गर्ने क्षमता विकास गर्ने र सभ्य र सुसंस्कृत विचार व्यक्त गर्न सक्ने अपेक्षा नगरले राखेको छ । नगरमा संचालित विद्यालयहरूलाई प्राविधिक शिक्षालयमा रूपान्तरण गरी दक्ष प्राविधिकको उत्पादन गर्ने, विभिन्न साधनहरूमा, घरमा सेन्सर प्रयोग गर्ने, इनोभेसन ल्याव जडान गर्ने, विपद व्यवस्थापन तथा अन्य सहरी घटनाहरूमा ड्रोन तथा सि.सी क्यामरा प्रयोग गरी शहरलाई प्रविधि मैत्री वनाउने स्मार्ट समाधानकोसुनिश्चित गर्ने कामका सूचकहरूका निर्धारण गरिएको छ ।



यसरी चार खम्वाको आधारको साथै प्रविधि, श्रोत साधन, सेवाको उपयोग, फोहोर मैलाको व्यवस्थापन पुन प्रयोग, पर्यावरण संरक्षण, जनताको उत्सुकता, समावेशिता आदि विषयहरू समेटिएका छन् । नयाँ बन्ने संरचना आधुनिक, सुविधा सम्पन्न र दीर्घकालीन हुनुपर्छ भन्ने मान्यतालाई नगरपालिकाले आत्मसात् गरेको छ । साथै वातावरणीय सुधार, नदी नियन्त्रण, कोरिडोर सडक निर्माण, ताल तलैया निर्माण, पानीको भू-सतही उठान, प्राकृतिक चक्रीय प्रणालीको सन्तुलनका साथ आधुनिक स्वस्थकर हावापानी, शारीरिक परिश्रम गर्ने स्थल र मनोरम पार्क निर्माणलाई प्राथमिकतामा राखिएको छ । वालिङ नगरपालिका भने खाका तयार गरी निश्चित मापदण्ड बनाई कार्यान्वयन गरिरहेको छ । यसमा नीति, बजेट तथा कार्यक्रमले समर्थन गरेका छन ।

संसारका स्मार्ट सिटी घोषणा भएका विभिन्न सहरहरूका आ-आफ्नै विशेषता छन् । सन् २०३० सम्ममा यस वालिङ नगरपालिकाले दिगो विकासका लक्ष्यहरू हासिल गरिसक्ने र ८ वर्षमा बेसिक सिटी अर्थात आधारभूत सहर तथा स्मार्ट भिलेज र १२ वर्षमा सस्टेनेबल सिटी अर्थात दिगो सहर बनाउने धारणा छ । बाँकी समयावधिमा स्मार्ट सिटीको काम हुनेछन र यी कार्यले पूर्णता पाउन २० वर्ष लाग्नेछन । स्मार्ट सिटीको प्रमुख आधार सूचना, संचार र प्रविधि नै हुन् । यी तीन प्रमुख तत्त्वको उचित प्रयोग गरेर शहरलाई सुविधासम्पन्न बनाउनु 'स्मार्ट सिटी' को प्रमुख अवधारणा हो । सूचना, संचार र प्रविधिको अधिकतम प्रयोग गरेर शहरको अर्थव्यवस्था, वातावरण, यातायात र प्रशासन चुस्तदुरूस्त नबनाइँदासम्म कुनै शहर 'स्मार्ट' बन्दैन । स्मार्ट सिटीका लागि चौबीसै घण्टा खानेपानी, बिजुली, ढल निकास, सार्वजनिक यातायात सञ्जाल, प्रशस्त बाल तथा वृद्धमैत्री खुला क्षेत्र र संरचना अनिवार्य

हुन्छ । त्यसैले स्मार्ट सिटीलाई शहरका हरेक नागरिकको जीवनस्तर पहिलेभन्दा माथि उठाउने अवधारणा मानिन्छ । यस्तैमा भारत सरकारले सन् २०१४ मा भनेको थियो– 'स्मार्ट सिटीले साक्षरता, सीप वा आर्थिक अवस्थाको आधारमा विभेद नगरी सबै बासिन्दाका लागि आर्थिक क्रियाकलाप र रोजगारी सुनिश्चित गर्दछ ।'




स्मार्ट सिटी बनाउने प्रक्रिया सम्बन्धमा विश्वमा एकरूपता छैन । वास्तवमा सन् १९९० को मध्यतिर इन्टरनेट शुरु भएपछि विभिन्न देशले इ-गभर्नेन्सको अवधारणा अघि सारेपछि त्योसँगै 'स्मार्ट सिटी' शब्दावली प्रचलनमा आयो । त्यतिबेला पनि शहरी पूर्वाधारलाई चुस्तदुरूस्त राख्नु नै स्मार्ट सिटी बन्ने प्रमुख आधार मानिन्थ्यो । कम्प्युटर उत्पादक कम्पनी आईबीएमले २०११ मा 'स्मार्ट सिटी' शब्दको ट्रेडमार्क पाएपछि भने यसलाई बढी सूचनाप्रविधिसँग जोड्न थालियो । यूरोपेली युनियनले कुनै शहर 'स्मार्ट' बन्नलाई ६ वटा पाटो 'स्मार्ट' हुनुपर्ने बताएको छ । त्यसअनुसार सूचना प्रविधि प्रयोग गरेर ओपन डाटा अभ्यास गर्ने सरकार, प्रविधिसँग जोडिएका व्यवसाय र वस्तुहरू उत्पादन गर्न प्रोत्साहन गर्ने अर्थव्यवस्था, सफा तथा वातावरणमैत्री र सजिलो तथा सुलभ यातायात व्यवस्था, नवीकरणीय ऊर्जा प्रयोग, प्रविधि साक्षर जनसंख्या, प्रविधियुक्त स्वास्थ्य सेवाको विकास स्मार्ट सिटीका प्रमुख विशेषता हुन् ।



विश्वको अभ्यास हेर्दा जसले जे भने पनि शहरको अर्थतन्त्र र नागरिकको जीवनस्तरमा सुधार 'स्मार्ट सिटी' को लक्ष्य हो । स्पेनको बार्सिलोना र नेदरल्याण्डको आम्स्टरडम त्यहाँका मेयर अर्थात् निर्वाचित जनप्रतिनिधिको नेतृत्वमा बनेका 'स्मार्ट सिटी' हुन् । बार्सिलोना स्मार्ट अर्थतन्त्र, स्मार्ट जीवनयापन, स्मार्ट वातावरण, स्मार्ट सरकार, स्मार्ट यातायात र स्मार्ट जनताका आधारमा 'स्मार्ट सिटी' बनेको हो । बार्सिलोनाका मेयर चुनिएका जर्मियर ट्रायसले आफ्नो कार्यकाल २०११–२०१५ मा करीब १०० स्मार्ट परियो जना अघि बढाएका थिए । त्यही योजना अनुसार बार्सिलो नामा ५०० किलोमिटर लामो अप्टिकल फाइबर राखियो । त्यो सँगसँगै ऊर्जा विकास, फोहोरमैला व्यवस्थापन, यातायात र विद्युतीय सवारी साधनलगायतका कामलाई अघि बढाएर बार्सिलोनालाई अहिलेको अवस्थामा ल्याइएको हो । विश्वका कतिपय शहर कार्यकारी प्रमुखहरूको नेतृत्वमा 'स्मार्ट सिटी' बनेका छन् ।




सबभन्दा पहिले 'स्मार्ट सिटी' बनाउने व्यावहारिक र ठोस योजना चाहिने तथा त्यसका लागि अनुसन्धानदेखि योजना बनाउने र कार्यान्वयन गर्नेसम्मका काम गर्न कुशल नेतृत्वसहितको विज्ञको शक्तिशाली निकाय बनाउनु उचित हुन्छ । अन्य देशका अभ्यास हेर्दा हाम्रा मेयर या कार्यकारी प्रमुखले त्यस्तो निकायको नेतृत्व गर्न सक्ने देखिन्छ ।

# नगरका मुख्य मुख्य नीति तथा कार्यक्रमहरू

## १. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रमहरू

- 'स्वस्थ नगरबासी : स्वस्थ नगर' भन्ने नाराका साथ स्वास्थ्य सेवालाई टोकन र विरामीको प्रोफाईलको डिजिटलाइजेशन ।
- विशेषज्ञ सेवा सहितको ५० वेडको अस्पताल निर्माण गरी संचालन ।
- नगरभित्र पाठेघरको क्यान्सरको पहिचान तथा मृगौला परीक्षण ।
- बालबालिकाहरूलाई स्वास्थ सेवा प्रदान गर्न स्कुल-नर्स कार्यक्रम ।
- सम्पूर्ण नगरवासी विपन्न नागरिकहरूलाई नगरबाटै बिमा कार्यक्रम ।
- गह्रौ प्राथमिक अस्पतालबाट Tele service , Mobile Highway, Service Card लागू ।



- कोभिड १९ को व्यवस्थापन ।
- स्वास्थ्य चौकीहरूका प्रयोगशालाहरूको क्षमता विकास गर्नुका साथै No Home Delivery कार्यक्रम ।
- कोभिड १९ ले निम्त्याएका तथा अन्य कारणले रोजगारी गुमाएका व्यक्तिहरूलाई लक्षित गरी राहत र रोजगारी कार्यक्रम ।




## २. शिक्षा सम्वन्धी नीति तथा कार्यक्रमहरू

- 'सामुदायिक विद्यालयको सुधारः बालबालिको भविष्यको आधार' भन्ने नाराका साथ विद्यालहरूको व्यवस्थापकीय क्षमताको विकास र सुधार कार्यक्रम ।



- नगरभित्र रहेका शिक्षण संस्थाको नक्सांकन गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा विद्यालय समायोजन ।
- प्राध्यानाध्यापक र विषयगत शिक्षकका बीचमा सूचकसहित कार्यसम्पादन करार ।
- स्थानीय पाठ्यक्रम निमार्ण र पाठ्यपुस्तक लेखन ।
- सबै माध्यामिक विद्यालयहरूमा सूचना प्रविधि प्रयोगशाला र उच्च गतिको इन्टरनेट सुविधा विस्तार



- नगरशिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीका क्षमता विकास ।
- नगरस्तरीय अतिरिक्त क्रियाकलाप (खेलकूद, हाजिरीजवाफ, वक्तृत्वकला, सँगीत आदि) सञ्चालन ।

- विद्यालयको नतिजामुखी अनुगमन प्रणाली विकास
- विद्यालयलाई जङ्क फुडबाट मुक्त राख्दै किचन गार्डेनको रूपमा विकास ।
- सामुदायिक विद्यालयहरूको समग्र व्यवस्थापनका सुधारका लागि ई.हाजिरी, नेटवर्क, डिजिटल गभर्नान्स लगायतका विशेष खालका कार्यक्रम ।
- शिक्षित वेरोजगार समाधानका लागि लोकसेवा कक्षा सञ्चालन ।
- प्रत्येक वडामा ICT सम्बन्धी अध्यन अध्यापन गराउन शिक्षक समूह गठन ।

## ३. कृषि तथा पशु विकास सम्वन्धी नीति तथा कार्यक्रम

- कृषक र उद्दमी : वालिङका सारथी भन्ने नारालाई साकार पार्दै कृषि उत्पादन र बजारीकरणमा बढोत्तरी ।
- वालिङ प्रोडक्ट होल्डीङ को–अपरेटिभ स्थापना ।
- कृषकहरूलाई माटोको प्रकार गुणस्तर, हावापानी अनुकुल खेती गर्न मल, बिउ र प्राविधिक सेवा उपलब्धता ।
- कृषिलाई व्यासायिकरणको लागि हाईटेक नर्सरी, प्रोटेवल शित भण्डार, टनेल तथा थोपा सिंचाई जस्ता प्रविधिहरूको विस्तार ।
- युवा कृषकलाई तोकिएको मापदण्ड अनुसार उद्मशीलता प्रवर्द्धन गर्न EBFC कार्यक्रम कार्यान्वयन ।



- कृषिमा सहुलीयतपूर्ण व्याजदरको सुविधालाई नगरपालिका जमानतमा बसी सहकारी, बैक तथा वित्तिय संस्थाद्वारा ऋण उपलब्धता ।
- पशु बीमा, नश्ल सुधार तथा कृषि बीमा, पशु सुरक्षा एवं प्रवर्द्धन कार्यक्रम संचालन गरी दुग्ध उत्पादन तथा बजारीकरण ।
- कृषि तथा पशुपंक्षी जन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण सम्वन्धमा रोकथाम तथा नियन्त्रण ।
- कृषकको सहभागिता र साझेदारीमा कृषि औजारको व्यापक रूपमा वितरण ।
- अनियन्त्रित रूपमा छाडिएका चौपायाको व्यवस्थापन ।
- GIS पद्धतिद्वारा Land Use प्रणालीको विकासका भूउपयोग नीति निमार्णा ।
- श्रममा आधारित रोजगार कार्यक्रम ।
- मौसमी तथा बेमौसमि तरकारी उत्पादनका लागि बीउ,पुँजी तथा तालिमको व्यवस्था ।

- साना तथा निर्वाहमुखी पशुपालन गर्ने कृषकलाई दाना, घाँस, गोठ, खोर निर्माणमा अनुदान ।
- बालीनालीमा देखिएको बाँदरको आतङ्कलाई न्युनीकरण कार्यक्रम ।
- 'पौरखी किसानको मान : नगरपालिकाको सम्मानः सबै किसानलाई उत्पादनमा आधारित अनुदान नीति ।
- किसानहरूको लागि मोबाइल पशु क्लिनिक प्रदान तथा Lab को स्थापना ।

## ४. पर्यटन सम्वन्धी नीति तथा कार्यक्रम

- वालिङको कला, संस्कृति र ठाउँ : जीवनमा एकपटक घुम्न जाउ भन्ने नारालाई साकार पार्न सूचना सम्प्रेषण, क्षमता अभिवृद्धि, पूर्वाधार विकास र पहुँच विस्तार ।
- स्थानीय रङ्ग (Local Color) पहिचान र विस्तारका लागि संस्कृति र समुदायमा आधारित होमस्टे संचालन ।
- Botanical / Silk Park, Adventure Place, hiking जस्ता पर्यटकीय स्थलहरूको पहिचान, संरक्षण र विकास ।




- प्याराग्लाईडिङ, क्यानोइङ, साईक्लिङ, ऱ्याफ्टिङ जस्ता साहसिक पर्यटक पूर्वाधार विकास एवं प्रवर्द्धनात्मक कार्यक्रम ।
- पर्यटकीय क्षेत्र तथा कला संस्कृतिको सूचना तथा जानकारीका ईन्टरनेटको माध्यमबाट सूचना प्राप्त हुने व्यवस्था ।
- नगरभित्र रहेका थामको चौर, माझकोट, बाहुनथान, घ्याङखोलाजस्ता अन्य पर्यटकीय तथा वनभोज स्थलहरूको स्तरोउन्नती ।
- गौशालालाई बहुउपयोगी योजनाको रूपमा विकास गर्दै धार्मिक पर्यटकीय गन्तव्य स्थलको रूपमा स्थापित ।

## ५. उद्योग, श्रम तथा रोजगारी सम्बन्धी नीति तथा कार्यक्रम

- स्थानीय उत्पादन र रोजगारी सृजनाका लागि औद्यागिक ग्राम क्षेत्रमा पूर्वाधार विकास ।
- लक्षित वर्गलाई सीप विकास तालिम र रोजगारी एवम आय आर्जन सम्बन्धी विशेष कार्यक्रम ।
- बेरोजगारको तथ्याङ्क संकलन गरी अभिलेख व्यवस्थापन ।
- श्रममा आधारित काममा परिचालन ।
- स्थानीय तहमा उद्योग स्थापनाका लागि एकीकृत कानुनको निर्माण ।



- प्रचलित कानुन अनुसार विकास साझेदारसँग विकास सहायता परिचालन ।

## ६. युवा तथा खेलकूद नीति तथा कार्यक्रम

- नवयुवाको जोश र ज्ञान : वालिङको भविष्यको शान भन्ने नारालाई मनन गरी खेलकूद क्षेत्रको विकास, पूर्वाधारको निर्माण, सिकाई, प्रतियोगिता आदि ।
- रंगशाला, नियमित खेलकुद, खेल प्रतिष्ठान निर्माण र स्तरोन्नति ।
- मेयर कप / उप मेयर कप खेलकुद प्रतियोगितालाई संचालन ।
- युवाको साहस, सिर्जनाशीलता, आत्मविश्वास, उद्यमशीलताको उच्च मूल्याङ्कन गर्दै शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवा शक्तिलाई नगरको मानवीय पूँजीको रूपमा स्वीकार ।
- युवाहरूको क्षमता प्रष्फुटनका लागि युवा परिचालन कार्यक्रम ।
- युवा केन्द्रित लैङ्गिक समानता र सशक्तिकरण, लागुऔषध दुर्व्यसन, सकारात्मक सोंच, मनोसामाजिक परामर्श जस्ता कार्यक्रम ।
- खेलकूद, सामाजिक विकास, वातावरण संरक्षण विपत, प्रकोप व्यवस्थापन सामाजिक तथा आर्थिक रूपान्तरण लगायतका क्षेत्रमा स्वयंसेवकको रूपमा युवाहरू परिचालन ।

## ७. सहकारी तथा अन्य वित्तीय क्षेत्रसँग सम्वन्धी नीति

- सहकारी संस्थाहरूको Corporate Governance अनुसार अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रम ।
- सहकारी शिक्षा, सहकारी व्यवसाय प्रवर्द्धन जस्ता सहकारी सम्वन्धी आवश्यक तालिम संचालन ।
- सहकारी संस्थाको कानुनी निर्देशन, मापदण्ड कार्यान्वयन र नियमनमा विशेष जोड ।
- वित्तीय संस्थाहरूको तथ्याङ्क अध्यावधिक गर्दै Social Accountability प्रति जिम्मेवार ।

## ८. सामाजिक विकास सम्वन्धी नीति तथा कार्यक्रमहरू

- भिन्न क्षमता भएका व्यक्तिहरू, महिला, दलित, विपन्न, बहिष्करणमा परेका समुदायहरूका लागि चेतनामूलक कार्यक्रम ।
- माझी, कुमाल र दलितहरूका साथै विपन्न वर्गहरूको लागि विशेष कार्यक्रम ।



- आय आर्जन, गरीवी न्युनीकरण, रोजगारी प्रवर्द्धन जस्ता कार्यक्रमलाई विशेष प्राथमिता ।
- वेरोजगार तथा युवालाई स्वरोजगार कार्यक्रम संचालन ।



- खरको छानालाई विस्तापित कार्यक्रम
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण । सम्पूर्ण तथ्याङ्कको डिजिटाइजेसन ।
- महिला हिंसाको न्यूनीकरण गर्न आवश्यक तथ्यगत पैरवीका लागि समुदायस्तरदेखि नगरपालिका तहसम्म अभियानका कार्यक्रम ।



- आय आर्जनका गतिविधि बढाउन महिला तथा आमा समूहहरूलाई बीउ पुँजी उपलब्धता ।
- चेतनामूलक कार्यक्रम (एफ. एम. प्रशारण, सडक नाटक, क्षमता अभिवृद्धि (तालिम, गोष्ठी) कार्यक्रम सञ्चालन ।
- स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिहरूको क्षमता विकास अन्तर्गत Knowledge Sharing Forum सञ्चालन ।

## ९. खानेपानी सम्वन्धी नीति तथा कार्यक्रम

- सवै नगरवासीहरूलाई भरपर्दो र शुद्ध र गुणस्तरीय खानेपानीको सेवा विस्तार ।
- वालिङ नगरपालिका WASH गठन गरी सवै खानेपानी समितिहरूको नियन्त्रण र एकीकृत विकास ।

## १०. संस्कृति प्रवर्द्धन सम्वन्धी नीति तथा कार्यक्रम

- संस्कृति संरक्षणका लागि  विशेष कार्यक्रम सञ्चालन ।



- विभिन्न जाति र भाषीको सँास्कृतिक सम्पदाको अध्ययन गरी डकुमेन्ट्री निर्माण ।
- विभिन्न जातजातिमा आधारित भाषा, संस्कृति, सम्पदा तथा परम्पराको अनुसन्धान गर्दै संरक्षण ।
- अध्ययन अवलोकन लगायतका प्रवर्द्धनात्मक क्रियाकलापहरू संचालन ।



- प्रतिभाहरूको पहिचानको लागि प्रतिस्पर्धा गरी कला, साहित्य र

सृजनाको संरक्षण र सम्वर्द्धन ।

- नगरभित्रको पर्यटन, संस्कृति कला साहित्यको प्रचार प्रसार गर्न वालिङ साहित्य महोत्सव सञ्चालन।
- पर्यटकीय महत्वका विविध विषयहरूलाई समेटी वृत्त चित्र निर्माण र प्रचारप्रसार ।

## ११. पूर्वाधार विकास सम्वन्धी नीति तथा कार्यक्रमहरू



- सिद्धार्थ राजमार्गको चाप कम गर्न करिडोर निर्माण कार्यलाई उच्च प्राथमिकता ।
- शहरी योजना तथा भवन निर्माण मापदण्डको पूर्ण पालना ।
- टोल विकास संस्थाहरूसँग नक्सा पास र घरहरूको अभिलेखीकरण ।
- नगरपालिकाको चक्रपथको DPR निर्माण ।
- नगरपालिका भित्रका सवै वडा कार्यालयसम्म बाह्रै महिना निर्वाधरूपमा सडक सञ्चालन ।
- वसपार्कको निर्माण कार्य । पार्किङ क्षेत्रलाई व्यवस्थापन ।
- सडक रणनीतिक योजना तयार गरी नगर क्षेत्र भित्रका सडकहरूलाई सुदृढीकरण तथा स्तरोन्नति ।
- रणनैतिक योजना  निर्माण तथा कार्यान्वयन ।




- नगरभित्रका पूर्वाधार निर्माण गर्दा वडास्तरीय, नगरस्तरीय र प्रदेश तथा संघस्तरीय योजना गरी तीन तहमा वर्गीकरण गरी कार्यान्वयन ।
- वडा कार्यालयको भवन नभएको वडाहरूमा क्रमशः वडा कार्यालय भवनको निर्माण ।
- नगरका आसपासका क्षेत्रहरूको विकास गरि सेटलाईट सिटी/भिलेजको रूपमा विकास ।
- टेलिफोनको तामाको तारलाई विस्थापित गरी अप्टिकल फाईबर विस्तार ।
- सिकर्मी र डकर्मीहरूलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्बन्धी तालीम दिई दक्ष ।
- नगरभित्रका आयोजनाको Screening गरी  Project Bank  स्थापना ।
- Local Game Changer Project को पहिचान ।
- आयोजनाहरूलाई वहुबर्षीय र प्राथमिकता तोक्न सूचकसहित वस्तुपरक र वैज्ञानिक मापदण्ड ।
- मध्यकालीन खर्च संरचनाको निर्माण गरी योजना र बजेटका बीचमा तालमेल मिलाई पुँजीगत खर्च प्रणालीमा सुधार ।

## १२. सिंचाई सम्बन्धी नीति तथा कार्यक्रमहरू

- खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा प्रदान ।
- सिंचाई सुविधाको लागि वैकल्पिक पद्धतिको अध्ययन ।
- खोला लगायतका महत्त्वपूर्ण कुलो आसपासका क्षेत्रको जग्गा संरक्षण, हरियाली प्रवर्द्धन ।

## १३. भवन तथा शहरी विकास सम्वन्धी नीतिहरू

- यस नगरपालिकावाट पास गरिने नक्साहरूलाई Automation गरी नक्सा पास प्रक्रियालाई अनलाईन सेवामा आवद्ध ।
- नक्सा पास सम्वन्धमा जनचेतना जगाउन टोल विकास संस्थाहरूसँग अन्तर्किया ।
- नगर क्षेत्रभित्रका १४ वटै वडाका घरहरूमा Pink Colour अनिवार्य ।
- व्यवस्थित शहरी विकास का लागि Land pooling को कार्य गर्न केहि स्थानमा न.पा.को Pilot Project को रूपमा विकास ।



- सार्वजनिक तथा निजि भवनहरूको निर्माण गर्दा राष्ट्रिय भवन संहिताको पालनामा जोड ।

## १४. सूचना प्रविधि तथा सञ्चार सम्वन्धी नीति तथा कार्यक्रमहरू

- सेवाको सूचना प्रविधि इकाई मार्फत नियमित रूपमा अनुगमन तथा नियमन ।
- स्थानीय पत्रिका, एफ एम रेडियो, केवल र टेलिभिजनहरू मर्फत नगरका गतिविधिहरू आवश्यकतानुसार प्रकाशन र प्रसारण ।
- मोवाईल एप माफर्त घर-घर बाटनै सेवा लिने कार्यको शुरूवात ।
- नगरपालिकाका सम्पूर्ण गतिविधिलाई सहज रूपमा जनतासम्म पुर्‍याउनका लागि Smart Waling नामक रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि सबै वडामा रहेका अनलाईन प्रणाली विस्तार ।
- कार्यालयका कर्मचारी र सेवाग्राहीको बीचमा प्रत्यक्ष भेटघाटको अन्त्य ।
- सार्वजनिक सुनुवाई, मुखपत्र प्रकाशन, जनतासँग मेयरलगायतका रेडियो कार्यक्रम
- सम्पादित कार्यहरूको चौमासिक सार्वजनिकीकरण गर्ने प्रणालीको विकास ।




- नगरपालिका वा सम्पूर्ण वडाहरूमा डिजिटल प्रणालीबाट सेवा प्रवाह ।

## १५. वन वातावरण तथा भू–संरक्षण सम्वन्धी नीति तथा कार्यक्रम

- नीतिगत र कानुनी परिधिमा रही नदीजन्य निर्माण सामाग्रीको सहज आपूर्ति ।
- सडक, खोला खोल्सामा वृक्षारोपण, बाँस रोपण, रूख तथा तटवन्धन, सामुदायिक भवनको संरक्षण, खाली ठाँउमा वृक्षरोपण ।
- नगरवासीलाई घरको छत र वरण्डामा कौसी खेतीको शुरूवात गरी हरित नगरको अवधारणा ।
- आँधिखोला र त्यसका नदी सञ्जालको व्यवस्थापनका लागि आधुनिक प्रविधि अपनाई वहुउपयोग र संरक्षण ।

## १६. जलाधार संरक्षण तथा जलवायु परिवर्तन सम्वन्धी नीति तथा कार्यक्रमहरू

- दिगो व्यवस्थापनका लागि जैविक स्रोत संरक्षण अभियानलाई प्राथमिकता ।
- जलाधार तथा सिमसार क्षेत्रको पहिचान गरी प्रभावकारी संरक्षणको व्यवस्था ।
- नदीजन्य पदार्थ जस्तैः ढुंगा, गिट्टी, बालुवाको आंकलन गरी निर्दिष्ट क्षेत्रहरूबाट त्यस्ता वस्तुमा उत्खनन, संकलन, प्रशोधन ओसारपसार र विक्रि वितरणलाई दिगो व्यवस्थापन ।

## १७. सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्वन्धी नीति तथा कार्यक्रमहरू

- फोहोरमैला प्रशोधनमा आधुनिक प्रविधि प्रयोग ।
- विकास साझेदार संस्थासँग सार्वजनिक ढल व्यवस्थापन दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रशोधन प्रणालीको स्थापना ।



- नगरभित्र घर निर्माणको अनुमति प्रक्रिया उपयुक्त मापदण्डको शौचालय र सेफ्टी टंकि निर्माणलाई अनिवार्य ।
- नगरपालिकाभित्र फोहोरमैला विर्सजन हुने प्रशोधन व्यवस्थापन केन्द्र तथा संकलन विन्दु छनौट ।



- नगरवासीकै सहभागितमा फोहोर उत्पादन कम गर्ने तथा पुन प्रयोग गर्न जनचेतनामुलक कार्यक्रमलाई टोलटोलसम्म विस्तार ।
- Zero Waste Concept मा गई रहेका फोहरलाई आधुनिक प्राविधि प्रयोग गरी Resource को Multipurpose Uses रूपमा उपयोग गर्ने ।
- Fiscal Sludge Management लाई व्यवस्थित र सुरक्षित गर्न श्रोतको रूपमा उपभोग ।
- Resource Management Center को प्रभावकारितामा अरू वृद्धि गरी यस्ता RMC केन्द्रहरू वडा वडामा विस्तार ।
- नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्नेतर्फ अभियान ।

- मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थ पुनः प्रयोगको नीति अवलम्बन ।



- वैकल्पिक उर्जाको रूपमा सौयै उर्जा, शून्य फोहोर मैलाको रूपमा बायो ग्यँासको विकास ।

## १८. प्रकोप नियन्त्रण र विपद व्यवस्थापन सम्वन्धी नीति तथा कार्यक्रम

- विपदको अवस्थामा तत्काल उद्धार लागि Rapid Response Team निर्माण ।
- विपद व्यवस्थापनलाई प्रभावकारी र दुत बनाउनको लागि प्रत्येक वडामा उद्धार समिति ।
- भूस्खलन, वाढी पहिरो, आगलागि, भुकम्प, आदि जस्ता प्राकृतिक विपत्तिको Mapping ।



- नगरपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी, जिल्ला प्रहरी र नेपाल रेडक्रससँग समन्वय गरी तुरून्त प्राथमिक राहत र दीर्घकालीन यो जना वनाउन न.पा.मा विपद व्यवस्थापन केन्द्र स्थापना ।
- प्राकृतिक प्रकोपवाट प्रभावितलाई तत्काल राहत, औषधोपचार ,खानपान लत्ताकपडा उपलब्धता ।
- विपद् व्यवस्थापन कोषको वृद्धीको लागि सार्वजनिक निजि र गैरसकारी संस्थाहरू सँग समन्वय ।
- विपद्को अवस्थामा तत्काल उद्धार तथा सुरक्षित वासस्थानको पहिचान र व्यवस्था ।



- कोभिड १९ का साथै सबै प्रकारका विपदको रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी, प्रतिकार्य र पुनलाभका कार्यक्रम ।
- स्थानीय विपद व्यवस्थापन कोषको व्यवस्था ।
- विपद् पूर्वतयारी, विपत व्यवस्थपन, क्षति न्यूनीकरण लगायतका विषयहरूको रणनीति ।
- समुदायकै सहयोगमा जोखिममा परेका बस्तीहरूलाई स्थानान्तरण ।

## १९. सामाजिक उतरदायित्व सम्वन्धी नीति तथा कार्यक्रम

- नगरसभा संचालन कार्यविधि, २०७४ मा उल्लेखित मर्यादा पालन सम्बन्धी विविध विषयहरूलाई कडाईका साथ पालना ।
- जननिर्वाचित प्रतिनिधिहरूका लागि आचारसंहिताको परिपालनामा ।
- नगरकार्यपालिकाको वैठकवाट स्वीकृत वैठक संचालन सम्बन्धी कार्यविधिको पालना।
- नगर कार्यपालिकाको वैठकवाट स्वीकृत वालिङ. नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालना ।

## २०. मानव पुँजी विकास तथा संस्थागत क्षमता विकास सम्वन्धी नीति तथा कार्यक्रम

- Organization and Development अध्ययन ।
- सुशासन तथा संस्थागत विकासको लागि कानून, नियम, विनियमावली, कार्यविधि निर्माण ।
- नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन Digital Governance मा जोड ।
- भौतिक पूर्वाधार विकास तथा Intuitional Memory अभिलेख प्रणाली व्यवस्थापन ।
- Paperless Governance /Digital Governance को अवधारणा अवलम्वन ।
- नवीन प्रविधिलाई जोड दिदै Artificial Intelligence का त्ययकि लाई सेवा प्रवाहमा आवद्ध ।






## २१. राजस्व परिचालन सम्वन्धी नीतिहरू

- आन्तरिक आयमा सवल वनाउन राजश्वमा सुधार गर्न राजस्व सुधार कार्ययोजनाको तर्जुमा ।
- आन्तरिक आय वृद्धि गर्न व्यवसाय कर तथा सम्पत्ति कर सम्बन्धी कानुन तर्जुमा ।
- नगरपालिका भित्रका सम्पुर्ण करयोग्य व्यवसायलाई करको दायरा वृद्धि ।
- नगरभित्रका नागरिकहरूलाई स्वयम कर घोषणा कार्यक्रमतर्फ प्रेरित ।
- नगरभित्र Tax Mapping गरी करदातालाई Tax Tracking Number प्रदान ।
- राजस्व तथा कर सम्बन्धी नीति तथा कानुन निर्माण गर्दा निजी, व्यवसायी, उद्दमी, नागरिक समाजसहित सरोकारवालाहरूसँग अन्तर्क्रिया ।








## २२. सुशासन सम्वन्धी नीतिहरू

- खर्चको विवरण वेवसाइड साईट मार्फत सार्वजनिकीकरण गर्ने प्रणालीको विकास ।
- आन्तरिक लेखा परीक्षणालाई प्रभावकारिता ।
- आयोजनामा छुट्टाइएको पूँजीगत खर्चको न्यूनतम ७० प्रतिशत रकम चैत्र मसान्त भित्रै खर्च गर्ने सुनिश्चिताका लागि नगरपालिकाको आन्तरिक नियन्त्रण परिचालन ।
- योजना अनुगमनको वार्षिक कार्यतालिका र सूचक निर्माण गरी परिणाममुखी अनुगमनलाई

प्राथमिकता




- योजनाहरूको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरूको सहभागितालाई सुनिश्चित ।
- राष्ट्रसेवक कर्मचारीहरूलाई कार्य सम्पादनका स्पष्ट मापनयोग्य सूचक सहितको 'कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली' निर्माण ।
- नगरपालिका वा सम्पूर्ण वडाहरूमा डिजिटल प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाई तीव्रता ।
- नगरपालिका भित्रको दर्ता, चलानी तथा महत्त्वपूर्ण डकुमेन्टलाई दीर्घकालसम्म जोगाई राख्नका लागि अफिस Automation प्रणालीलाई कार्यान्वयन ।



- नगरको नियमनकारी भूमिलाई प्रभावकारी बनाई नागरिकको जनजीविकासँग सम्बन्धीत विषयहरूलाई प्रचलित कानूनको परिपालना ।
- स्थानीय सुरक्षा निकाय र सरोकारवालाहरू बीच सुरक्षा व्यवस्थालाई सवल बनाउन आवश्यक अन्तरक्रिया ।
- नगरपालिकामा विद्यमान जनशक्तिको लेखा परीक्षण सँगसँगै कार्यसम्पादनका स्पष्ट सूचक निर्माण गरी नगरपालिकालाई 'उत्कृष्टताको केन्द्र' (Center of Excellence) को रूपमा विकास ।
- नगरपालिकावाट संचालित गतिविधि, विकास कार्यक्रम, सेवा प्रवाहको अधिकतम सार्वजनिक गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि ।

## २३. नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरक्रिया, समन्वयजस्ता नीति तथा कार्यक्रमहरू

- नागरीक सन्तुष्टीको लागि  नगरबाट सम्पादलन भएका सेवाको नागरिक सर्वेक्षण ।
- सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई प्रभावकारिता ।
- गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउनमा Vote Pole पद्धति लागू ।

## २४. स्मार्ट सिटी /आई. सिटी सम्बन्धी नीति तथा कार्यक्रमहरू

- वालिङ नगरपालिकाको शहरी क्षेत्रलाई स्मार्ट सिटीको रूपमा विकास । ग्रामीण क्षेत्रलाई स्मार्ट भिलेजको रूपमा विकास ।
- नगरपालिकाको दीर्घकालिन विकासको लागि योजना निर्माण, दिगो विकासका लक्ष र सूचकहरूको स्थानीयकरण ।




- प्रत्येक वार्ड, स्वास्थ्यकेन्द्र तथा विद्यालयमा Internet Connectivity विस्तार ।
- सम्पूर्ण सरकारी कार्यालय तथा विद्यालयहरूमा Peroformance Based कार्यप्रणाली ।
- Sensor, Robotics, Automation लाई दैनिक प्रशासनिक कार्यप्रणालीमा प्रयोग ।
- Digital Divided लाई कम गर्न Digital शिक्षामा जोड ।
- वालिङ नगरपालिकाको नीति तथा योजना परिषद्ले परिमार्जित गरेको वृहत योजना,

MTEF, आवधिक योजना र बार्षिक रणनीति योजनालाई लागू ।

- स्मार्ट सिटीको विभिन्न कार्यहरू गर्नको लागि आवश्यक विज्ञ, संघ संस्था, गैर सरकारी संस्था, दातृ निकाय तथा अन्तर्राष्ट्रिय सेवा प्रदायक अन्य आवश्यक क्षेत्रमा सहकार्य तथा समन्वय ।
- बालबालिका तथा वृद्धवृद्धा लगायत सबै नागरिकलाई साइबर स्वास्थ्य सचेतना कार्यक्रम ।
- डिजिटल नेपाल फ्रेमवर्क २०१९ ले तोकेका क्षेत्रहरूलाई प्राथमिकता सरकारी डाटाबेस, वेबसाइट तथा सूचना प्रणालीको संरक्षण ।
- स्थानीय विवादहरू हामी आँफै समाधान गर्ने मेलमिलापको माध्यमलाई प्राथमिकता ।
- प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रही स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ मा तोकिएको क्षेत्राधिकारभित्र रही न्याय सम्पादन ।
- वालिङ नगरपालिकाको वृहतर हितका लागि औद्योगिक क्षेत्र, हेलिप्याड, हावाइ मैदान, पर्क, खेल मैदान-रंगशाला र रिसोर्ट जस्ता कार्यहरू सञ्चालन ।
- नगरस्तरीय, प्रदेशस्तरीय र संघस्तरीय कार्यक्रम र योजनाका लागि आवश्यक पूर्वाधार सञ्चालन गर्न आवश्यक पर्ने जग्गाहरू नगरपालिकाले प्रचलित कानुन बमोजिम खरिद ।
- विजुलीको सेवा नपुगेका घरधुरीहरूलाई विजुली पुऱ्याउन उपकरण तथा लाईन विस्तार का साथै काठको पोल विस्तापित गरी फलामे पोल व्यवस्थापन ।

## नगरपालिकाका वार्षिक क्रियाकलापहरू




एक घर : एक टनेल कार्यक्रम

हाईटेक नर्सरी निर्माण

वडाहरूमा पकेट क्षेत्रका कार्यक्रमहरू

कृषि बीमा कार्यक्रम

सहभागिता र साझेदारीमा कृषि औजार

बाली तथा पशु संरक्षण कोषको व्यवस्था

तरकारी पकेट क्षेत्रमा विस्तार

कृषिजन्य वस्तुहरूको प्रशोधनको लागि प्रशोधन केन्द्र स्थापना

कृषक समूह गठन

नक्सा पास प्रक्रियालाई अनलाईन सेवामा आवद्ध

भवन तथा घरमा Pink Colour

राष्ट्रिय भवन संहिताको पालना

घर नक्सा अभिलेखीकरण

इ-नक्सा स्वीकृति सेवा आवद्ध सेवाग्राही

दीगो भरपर्दो र सुरक्षित यातायातका पूर्वाधारको पहुँच




समयवद्ध स्थानीय यातायात वा नगर बसको पहुँच

सडक सञ्जालमा जोडिएका घरधुरी

कालोपत्रे सडकमा आवद्ध घरधुरी

ग्राभेल सडकमा आवद्ध घरधुरी

नयाँ ट्रयाक विस्तार

सडक ग्राभेलको स्तरोन्नति

सडक पिच/ढलान कार्यक्रम

सडक मर्मत तथा विस्तार

सडक विस्तार /चौडा  कार्यक्रम



ट्याङकी निर्माण नयाँ

ट्याङकी मर्मत

खानेपानी धारा निर्माण

सिँचाइ प्रणालीको निर्माण

नयाँ भवन निर्माण

पुल तथा पुलेसा  निर्माण

शौचालयको निर्माण र बढोत्तरी

वेभसाइटमा नियमित सूचना सम्प्रेषण



सूचनाको हक सम्बन्धी सूचनाको स्वयं खुलासाको अभ्यास

स्थाानीय कार्य सम्पादन सूचक तयार गरी सम्झौता

विभिन्न Mobile and Web apps लागू

अनलाइन गुनासो संकलन र फछ्र्यौटको अनलाइन प्रणाली

नगर र वडास्तरमा डिजिटल सूचना पाटीको ब्यवस्था

कार्यालयमा उजुरी पेटीका, नागरिक वडापत्र, हेल्प डेस्कको व्यवस्था

पशु उपचार कार्यक्रम

पशु खोप कार्यक्रम

कृत्रिम गर्भाधान

पशु बिमा कार्यक्रम

मागमा आधारित कार्यक्रम

नश्ल सुधार

पशु सुरक्षा एवं प्रवर्द्धन कार्यक्रम संचालन



कृषकलाई दाना, घाँस, गोठ, खोर निर्माणमा अनुदान
ऐन, नियम र कार्यविधि निर्माण
अभिमुखिकरण तथा क्षमता विकास कार्यक्रम
समावेशीकरण /प्रवर्द्धनात्मक कार्यक्रम
अपाङ्ग परिचयपत्र वितरण
लैंगिक हिंसा न्यूनिकरण कोष स्थापना र परिचालन
बाल श्रम उन्मुलन कार्यक्रम
क्षमता विकास तालिम
महिला समूहलाई सीप विकास कार्यक्रम
नेतृत्व विकास कार्यक्रम
सीमान्तीकृत तथा दलित समूहको क्षमता विकास
स्मार्ट बाल क्लब गठन
आन्तरिक स्रोतको परिचालन तथा बिस्तार
दिगो विकासका लक्ष र सूचकहरूको वार्षिक प्रगति
योजना सुधार सम्बन्धी कार्ययोजना निर्माण
उपभोक्ता समिति तथा कर्मचारीलाई तालिम व्यवस्था
स्थानीय समस्या समाधान समितिको वैठक सञ्चालन
सार्वजनिक सुनुवाइ तथा सार्वजनिक परीक्षण
उपभोक्ता समिति तथा टोल विकास संस्थाको सूचीकरण
आवश्यक तथ्याङ्क व्यवस्थापन
वहुबर्षीय र प्राथमिकतासहित स्थानीय गौरवका कार्यक्रम
राजस्व भुक्तानीको अनलाइन पद्धतिमा आवद्ध करदाता
Tax Mapping र Code Number सम्बन्धी कार्य
स्वयम कर घोषणा कार्यक्रम
राजश्व संकलनको अद्यावधिक अभिलेख
कर सम्बन्धमा नगरवासीलाई सचेतना अभियान सञ्चालन
करदाताको सर्वेक्षण तथ्याङ्क व्यवस्थापन
नीति र कानुन निर्माण
खर्चको विवरण वेवसाइड साईट मार्फत मासिक रूपमा सार्वजनिकीकरण
बेरूजु फर्स्यौट
खरिद योजना र कार्यान्वयन












सामाजिक सुरक्षा भत्ता वितरण तथा सुधार



बितीय सुशासन जोखिम न्युनीकरण

डिजिटल भुक्तानी प्रणाली

सुरक्षित भवन (स्फेयर मापदण्ड अनुसार इभ्याकुएशन केन्द्रहरू)

फायर स्टेशन (अग्नी नियन्त्रक यन्त्रमा पानी भर्ने बिन्दु ब्यवस्थापन)



Rapid Response Team निर्माण

सबै वडामा उद्धार समितिको गठन

Disater Mapping

वडामा उद्धार स्वयंमसेवको गठन

स्थानीय विपद व्यवस्थापन कोष

विपदको रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी, प्रतिकार्य योजना तयारी




सहकारीमा पहुँच विस्तार

नमुना सहकारीको स्थापना र संचालन

वितीय साक्षरता तालिम संचालन गरिने

सूचना प्रविधिमा आधारित एकिकृत तथ्याङ निमार्ण र अद्यावधिक

Corporate Card लागू




लेखा प्रणाली सम्बन्धी तालिम

इ- हाजिरी व्यवस्थापन

सफ्टवेर निर्माण र कार्यान्वयन

वार्ड तथा गाउँमा Internet Connectivity

सेवाको Costomization र विस्तार

विभिन्न Softwre निर्माण र परिमार्जन

Apps सञ्चालन र कार्यान्वयन

Digital Profile Upgrading

Data Bank



Innovation Lab

नगरस्तरको अस्पताल भवन

स्वास्थ्य चौकी भवन

शहरी स्वास्थ्य केन्द्र भवन निर्माण

गाउँघर क्लिनिक/ घुम्ति सेवा
आपतकालीन प्रसूति सेवा केन्द्र
आयुर्वेद औषधालय केन्द्र
किड्नी डाइलासिस् केन्द्र
स्वास्थ्य बिमा कार्यक्रम शुरू गर्ने
वार्षिक समीक्षा बैठक (स्वास्थ्य शाखा)
स्वास्थ्य संस्थाका व्यवस्थापन समितिको बैठक

# वि सं. २०७४–२०७८ सम्मका नगरपालिकाका उपलब्धिहरू

## कानून र नीति : वालिङको समृद्धि

स्थानीय सरकार सञ्चालन र व्यवस्थापनका लागि विभिन्न ऐन, नियम र कानून तर्जुमा आवश्यक हुन्छ । नीति विना न विकासले गति लिन्छ न जनताले सुशासनको अनुभूति प्राप्त गर्छन । योजनाविना त विकासको लक्ष्यको कल्पना नै गर्न सकिदैन । त्यसैले नेपालमै पहिलोपटक वालिङ नगरपालिकाले २० वर्षे सोचसहित समयसीमाभित्र आबद्ध भएर स्मार्ट सिटीको  बृहत नगर योजना तथा पाँच वर्षे रणनीति निर्माण गरेको छ ।

नगरपालिकाको कार्य प्रगति

| क्र.स. | ऐनको सूची |
|---|---|
| 1 | वालिङ नगरपालिकाको आर्थिक ऐन,२०७५ |
| 2 | वालिङ नगरपालिकाको विनियोजन ऐन,२०७५ |
| 3 | वालिङ नगरपालिकाको प्रशासकीय कार्यविधि ऐन,२०७५ |
| 4 | वालिङ नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७५ |
| 5 | वालिङ नगरपालिकाको सहकारी ऐन,२०७५ |
| 6 | वालिङ नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेकोऐन , २०७५ |
| 7 | वालिङ नगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| 8 | बालबालिकाको अधिकार व्यवस्थित गर्न बनेको ऐन,२०७५ |
| 9 | स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन,२०७५ |
| 10 | स्थानीय शिक्षा ऐन, २०७५ |
| 11 | वालिङ नगरपालिकाको पशु स्वास्थ्य तथा पशु ऐन,२०७४ |
| 12 | वालिङ नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५ |
| 13 | स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६ |
| 14 | वालिङ नगरपालिकामा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ |
| 15 | न्यायिक समितिको कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७७ |

नगरपालिकाको कार्य प्रगति

| क्र.स. | कार्यविधिको सूची |
|---|---|
| 1 | वालिङ नगरपालिकाको विपद् व्यवस्थापन कार्यविधि,२०७४ |
| 2 | वालिङ नगरपालिकाको सवारी साधन संचालन कार्यविधि,२०७४ |
| 3 | वालिङ नगरपालिकाको एक गाउँ एक उत्पादन आयमूलक कार्यविधि,२०७४ |
| 4 | वालिङ नगरपालिका उपभोक्ता समिति कार्य संचालन कार्यविधि,२०७४ |
| 5 | वालिङ नगरपालिका न्यायिक सम्पादन सम्बन्धी कार्यविधि,२०७५ |
| 6 | वालिङ नगरपालिका स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७५ |
| 7 | ए वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि,२०७५ |
| 8 | कोरोना भाईरस (COVID-19) सम्बन्धि राहत वितरण तथा व्यवस्थापन कार्यविधि , २०७७ |
| 9 | आन्तरिक आय संकलन तथा आय(ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७७ |
| 10 | उद्यमशीलता व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्तन केन्द्र कार्य सञ्चालन कार्यविधि, २०७७ |
| 11 | कोभिड-१९ उद्धार र सामाजिक आर्थिक प्रतिकार्य परियोजना नीति तथा सञ्चालन कार्यविधि, २०७७ |
| 12 | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ |
| 13 | वालिङ नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि,२०७७ |
| 14 | लैङ्गिक हिंसा कोष सञ्चालन कार्यविधि,२०७७ |
| 15 | वालिङ नगरपालिकाको एफ.एम. रेडियो व्यवस्थापन तथा संचालन कार्यविधि,२०७७ |
| 16 | वालिङ नगरपालिकामा करारमा प्राविधिक कर्मचारीव्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ |
| 17 | वालिङ नगरपालिकाको राष्ट्रिय एकीकृत सूचना प्रणाली(BIPAD)पोर्टल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ |

नागरिककै संलग्नता तथा बहस र पैरवीमा रहेर वालिङ नगरपालिकाले कानून तथा नीति तर्जुमा गरिरहेको छ र यिनै दस्तावेजको जगमा रहेर वालिङ नगरपालिकाले स्मार्ट सिटीको मार्गचित्र कोरेको छ । वि सं २०७४ देखि हालसम्म तर्जुमा गरिएका नगरपालिकालका ऐन १८, नियमावली ६, कार्यविधि ३४, निर्देशिका ३ वटाले स्मार्ट सिटीको खाकालाई स्पष्ट आधार दिनुका साथै कानुनी जगसहित नगरबाट सम्पादन हुने क्रियाकलापहरूमा नागरिकहरूको पहुँच स्थापित गरेका छन । त्यसैले नेपालको संविधानमा प्रदत्त एकल तथा साझा सूचीका अधिकारक्षेत्रलाई वालिङ नगरले संस्थागत गरेको छ ।



साथै वार्षिक रूपमा नगरका नीति तथा कार्यक्रमहरू सार्वजनिक गर्ने कार्य प्रणालीले खुला सरकारको अवधारणालाई वालिङ नगरपालिका लागू गरेको छ । यसबाट नागरिकको सूचनाको हकको सम्मान हुनुका साथै नागरिकमा सुशासन प्राप्त

गर्ने अधिकारमा टेवा पुगेको छ । नगरका कानुन स्थानीय राजपत्रमा प्रकाशित हुनुले कानुनी शासनप्रतिको प्रतिबद्धता हुनुका साथै विधिको शासनलाई टेवा पुगेको छ भने नागरिकमाझ कानुनी साक्षरता बढेको छ । नगरले कार्यपालिकामा भए गरेका  निर्णयहरू वेभसाइटबाट सार्वजनिक गर्ने खुला शासनको अभ्यास आत्मसात गरेको छ भने  नगरबाट जारी गरिएका कर तथा सेवा शुल्कहरू सार्वजनिक गरी उत्तरदायी तथा जनमुखी कार्यशैली अपनाएको छ ।

### फोहरमैला व्यवस्थापनः वालिङ मोडेल




सहरको मूल समस्या फोहोर व्यवस्थापन हो । तर वालिङ नगरपालिकाले लागू गरेको फोहर व्यवस्थापन मोडल मौलिक प्रकृतिको छ । यो अवधारणा ल्यान्डफिल्ड साइडभन्दा फरक छ र जुन स्रोत व्यवस्थापन मोडलमा आधारित छ । नगरपालिकाले हरित सहरको अवधारणालाई लागू गरी फोहरलाई मोहरमा बदल्ने अभ्यास गरेको छ ।




नगरस्तरीय सरसफाई समितिको क्रियाशिलतामा जोड दिई प्रत्यक्ष जनसहभागितामा आधारित फोहर व्यवस्थापन विधि लागू गरिएको छ । नगरका टोल विकास समितिलाई  सचेतना कार्यक्रमहरूबाट सरसफाई कार्यलाई थप ब्यवस्थित बनाउन सकिएको छ । प्रत्येक घरलाई नगरको फोहर व्यवस्थापनमा जोड्दै कुहिने र नकुहिने फोहोरहरू घर घरबाट छुट्टयाउन लगाइएको छ । जुन फोहर व्यवस्थापनमा नागरिकको प्रत्यक्ष संलग्नताको अभ्यास हो । नगरले सहरी सौन्दर्यलाई निजी क्षेत्र तथा गैरसरकारी संस्थालाई जिम्मा लगाएर आफू अलग बस्नुभन्दा आफै कुशल नेतृत्वसहित नागरिकलाई साथमा लिएर फोहोर व्यवस्थापनमा सक्रिय हुर्नुपर्छ भन्ने रणनैतिक सोचको अवधारणा हो ।

नगरपालिकाले Waste Mapping  प्रयोगमा ल्याई दैनिक रूपमा नगरका गाडीहरूबाट छुट्टा छुट्टै कुहिने, नकुहिने तथा दिशाजन्य फोहोरहरू घरदैलोबाट संकलन गर्ने कार्य गरेको छ । नगरका बासिन्दालाई Waste Apps तथा GPS बाट सवारी मार्ग तथा दैनिक तालिका प्रदान गरी सुसूचित गरिएको छ । नगरका सवारी साधनबाट संकलन गरिएको फोहरलाई नगरबाटै निर्माण गरिएको स्रोत व्यवस्थापन केन्द्रमा  लैजाने गरिएको छ । सो केन्द्रमा लगेर कुहिने फोहोरबाट प्राङ्गारिक मल र नकुहिने तथा पुनः प्रयोग मिल्ने फोहोरलाई बिक्री गरी नगरपालिकाको आयस्रोतमा बृद्धि गरिएको छ ।




नगरपालिकामा उत्पादन हुने फोहोरलाई तीन तहमा वर्गीकरण गरेर व्यवस्थापन गर्ने

गरिन्छ । जसमा कुहिने, नकुहिने तथा सिसाजन्य फोहर रहेका छन । यस स्रोत व्यवस्थापन मोडलमा फोहर व्यवस्थापनलाई संकलन, प्रशोधन तथा उत्पादनको मोडलबाट व्यवस्थित गर्न खोजिएको छ । फोहोर व्यवस्थापनका लागि नगरपालिकाले प्रत्येक ५० घरधुरी समेटेर फोहोर व्यवस्थापन समिति बनाएको छ । नगरपालिका क्षेत्रलाई शून्य फोहर क्षेत्र बनाउने उदघोषसहित नगरपालिकामा उत्पादन हुने फोहोरलाई वर्गीकरण गरेर व्यवस्थापन कार्य भइरहेको छ । नगरपालिका क्षेत्रलाई शून्य फोहर क्षेत्र बनाउने लक्ष्यमा यस कार्यक्रमले सफलता दिने देखिन्छ ।



नगरपालिकामा उत्पादन हुने फोहोरबाट नगरपालिकाले जैविक मल बनाउने, नगल्ने र नसड्नेलाई फोहोर बिक्री गरेर नगरपालिकाले आम्दानीमा जोड दिन मेसिनसमेत खरिद गरिएको छ । सबै नगरबासीहरूमा **हाम्रो फोहोर : हाम्रै जिम्मेवारी** भन्ने धारणा विकास गराउनमा वालिङ नगरपालिका क्रियाशील छ ।




वि सं २०७७ मा वालिङ नगरपालिका शहरी योजना, वातावरण, विपद, जोखिम ब्यवस्थापन र उत्थानशिलतामा देशकै सर्वोत्कृष्ट नगर घोषित भएको हो । यस वालिङ मोडेलको अध्ययन र स्थलगत अवलोकनमा नेपालका अन्य विभिन्न नगरपालिका तथा गाउँपालिकाका प्रतिनिधिहरू आगमन हुने गरेको छ । यसको अवलोकन गर्नका लागि २०७७/०७८ मा मात्र देशका विभिन्न नगरपालिका, शैक्षिक तथा अन्य सङ्घसंस्था गरी १०७ वटा निकायबाट अध्ययन अवलोकन गरेको तथ्याङ्क छ । जसले गर्दा यस मोडेलको अनुकरण तथा चिनारी समेत टेवा पुग्ने गरेको अवस्था छ ।



यस केन्द्रमा सङ्कलन हुने फोहोरमैला बिक्रीबाट आन्तरिक आम्दानी भइरहेको छ । देशका विभिन्न सहरमा फोहोरले सास्ती पाइरहेका बेला वालिङ नगरपालिकाले फोहोर बिक्रीबाट आन्तरिक आयको वृद्धि गरेको छ ।

फोहोर मैलाको व्यवस्थापनका लागि हाल पाँच जनाले प्रत्यक्ष रूपमा रोजगारीसमेत पाएका छन् । वालिङलाई सफा र स्वच्छ सहरका रूपमा विकास गर्नका लागि नगरवासीलाई फोहोर मैला व्यवस्थापनसम्बन्धी तालिमसमेत दिने गरिएको छ । यसर्थ वालिङको फोहरमैला व्यवस्थापनमा निम्न पक्षहरू महत्वपूर्ण रहेका छनः



- स्रोतमा वर्गिकरण
- नागरिकहरूको प्रत्यक्ष संलग्नता
- नगरपालिकाको नेतृत्व र सहजीकरण
- प्रविधिको अधिकतम प्रयोग
- Industrial Based Model
- Waste Resource Management

**लेदो व्यवस्थापन प्लान्ट सञ्चालनः नेपालकै पहिलो अभ्यास**



सहरी क्षेत्रमा दिसाजन्य लेदो व्यवस्थापन अर्को चुनौतिको विषय हो । यसको कुशल व्यवस्थापनमार्फत प्रदुषणलाई न्यूनीकरण गर्न वालिङ नगरपालिकाले लेदो व्यवस्थापन प्लान्ट सञ्चालनमा ल्याएको छ । नगरको लेदोजन्य वस्तुको व्यवस्थापनका लागि प्लान्ट निर्माण गरी सञ्चालनमा ल्याइएको छ । घर-घरमा रहेका सफ्टी ट्यापी भरिएपछि बाहिरी खुल्ला ठाउँमा लगेर आफूखुसी फाल्ने प्रवृतिका कारण खोलानाला तथा पानीका स्रोत प्रदूषित हुने भएकोले त्यसको उचित व्यवस्थापनका लागि प्लान्ट निर्माण गरी सञ्चालनमा ल्याइएको हो ।

नगरका बासिन्दाहरूको घरमा रहेका सेफ्टी ट्याङ्की दिसाजन्य लेदो भण्डारण गर्ने ट्याङ्की मात्रै भएकोले त्यो भरिएपछि फाल्ने स्थानको अभाव थियो । त्यसैले नगरपालिकाले सञ्चालनमा ल्याएको प्लान्टमा सस्तो र सहजरूपमा व्यवस्थापन गर्न वालिङका नगर वासीलाई सहज भएको छ । यस प्लान्टबाट बायोग्यास र कम्पोष्ट मल बनाउनुका साथै त्यहाँबाट निस्केको पानीलाई प्रशोधन गरेर पुनः प्रयोग गर्न मिल्ने सोचसहित कार्यान्वयनमा ल्याइएको छ । यो प्लान्टको निर्माण र सञ्चालन दिसापिसाबको व्यवस्थित सङ्कलन देखि सुरक्षित विसर्जनसम्मको चरणबद्ध प्रक्रिया सरसफाइ प्रणाली हो ।



यो प्रणालीअन्तर्गत सङ्कलन, भण्डारण, रित्याउने र ढुवानी गर्ने, प्रशोधन र पुनः प्रयोग वा सुरक्षित विसर्जनजस्ता कार्यहरू रहेका छन । नगरपालिकाले प्लान्ट सञ्चालन गरेसँगै निजी व्यवसायीबाट भन्दा सस्तो शुल्कमा त्यसको उचित व्यवस्थापन गर्न थालिएको छ । घर-घरमा निर्माण भएका सेफ्टी ट्याङ्की खाल्डो भरिएपछि खाली जमिन, खेतबारी, जङ्गलमा ट्याङ्कर मार्फत विसर्जन गरिँदै आएकामा प्लान्ट सञ्चालनमा आएसँगै थप व्यवस्थित भएको छ । सहरी







सौन्दर्यको बढोत्तरी तथा वातावरणीय संरक्षणमा यस परियोजनाले लाभ दिने देखिन्छ भने नागरिकलाई लेदो व्यवस्थापनका लागि स्थान खोज्नुपर्ने झन्झटबाट मुक्ति देखिन्छ ।

नगरभित्रका खानेपानी तथा अन्य खोला नदीका पानीका स्रोतहरूमा 'कोलिफर्म' अत्याधिक मात्रामा देखापरेको जसले गर्दा पानी प्रदुषित भई अनेक खालका महामारी जन्य रोगहरू उत्पन्न हुन सक्ने भएकाले जनस्वास्थ्यलाई मध्यनजर गरी प्लान्ट निर्माण गरिएको हो । यो प्लान्ट एकीकृत फोहरमैला व्यवस्थापनका क्षेत्रमा नगरपालिकास्तरमा नेपालकै पहिलो हो ।

नगरपालिकाले नेपाल नगरपालिका सङ्घसँग समन्वय गर्दै एन्फो संस्थाको प्राविधिक डिजाइन सहयोग, राष्ट्रिय योजना आयोग, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिटी नेट, एसप्याक, युएनडिपी र बिलगेट्स एण्ड मेलिन्दा फाउण्डेशनको सहयोगमा एकीकृत फोहर व्यवस्थापन कार्यक्रमअन्तर्गत प्लान्ट निर्माण गरी सञ्चालनमा ल्याएको हो ।

## ज्ञानमुखी सोचः अनुसन्धान/ अन्वेषण

स्मार्ट सिटीको चौथो खम्बा स्मार्ट नागरिक बनाउने सोचको कार्ययोजनासहित नगर पालिकाले इनोभेसन सेन्टर स्थापना गरी अनुसन्धात्मक शासन प्रणालीलाई आत्मसात गर्न खोजेको छ । नगरका सेवा र सुविधालाई प्रविधि र ज्ञानसँग जोडेर नागरिकमा सुशासनको अनुभूति दिलाउने दिशातिर उत्प्रेरित छ । यो स्मार्ट शासनको अभ्यास हो ।



स्मार्ट सुशासनमा प्रविधिमैत्री अभ्यास र अनुसन्धानको ठूलो हात हुन्छ । नगरकै मानव पुँजीलाई परिचालन गरी यसको खाकाभित्र रहेर नयाँ नयाँ रोबेटिक्स, ड्रोन, यन्त्रहरू आविष्कार गरी प्रविधिमैत्री शासनमा लक्ष्यित गर्न खोजिएको छ ।

त्यसैले स्कुलका विद्यार्थी, शिक्षक, विज्ञ आदिलाई यस अनुसन्धात्मक ज्ञानमा एकीकृत गर्ने र नव प्रवर्तन अन्वेषण गर्ने योजना नगरको छ । यसमा कृषि, स्वास्थ्य, सीप तथा सूचना प्रविधिका खोज र अनुसन्धान उत्पादन गर्ने लक्ष्य नगरले राखेको छ । यसमा पर्याप्त लगानी, ज्ञान र सीपयुक्त जनशक्ति जरूरी

हुन्छ ।

नगरपालिकाभित्र रहेका स्कुल तथा कलेजमा ८, ९, १०, ११ र १२ कक्षामा अध्ययनरत विद्यार्थी र विज्ञान शिक्षकलाई यो अनुसन्धानमुखी केन्द्रमा आबद्ध गराउने लक्ष्य नगरको रहेको छ । जसले नगरभित्र प्रतिभा प्रस्फुटन र आविष्कार होस् भन्ने हेतु रहेको छ ।



वालिङ नगरक्षेत्रका जनशक्तिहरू देशभित्र वा बाहिर छरिएको रहेको अवस्थामा उनीहरूको ज्ञान र सीपलाई एकीकृत गरी यहाँ अध्ययनरत विद्यार्थीहरूमा हस्तान्तरण गर्ने लक्ष्य राखिएको छ । यो शासनमा Research Based अवधारणा हो ।

## डिजिटल शासनः पहुँच र विस्तार



वालिङ नगरपालिकाले स्मार्ट वालिङः डिजिटल सिस्टमको सुरूवात गरेको छ । स्मार्ट वालिङ एप्सको सुरूवात गरी डिजिटल शासनको कार्यान्वयन गरिएको छ । वडामा हुने सिफारिसका काम काजहरू डिजिटल सिस्टमबाट रूपान्तरण गर्नुका साथै भुक्तानीसहितका कार्यहरूलाई डिजिटाइजेशसन गरिएको छ ।

नगरका सेवाहरू, सामाजिक सुरक्षा कार्यक्रम, राजस्व आदि कार्यहरूलाई डिजिटाइजेशनमा लैजानुका साथै नगरपालिकाले निर्माण गरेको एप तथा विद्युतीय सुशासनभित्र नगरका सबै गतिविधि समावेश हुनुले नगरको कार्यशैली माथि सर्वसाधरणको पहुँच स्थापित भएको छ र यसले नगरको कार्यशैलीमा पारदर्शिताको उच्चतम प्रयोग जोड भएको छ ।

नगरले विद्युतीय हस्ताक्षर (डिजिटल सिग्नेचर) को प्रयोगबाट छिटो छरितो, पारदर्शी सेवा प्रदान गर्न सकिनुका साथै कागजी प्रक्रिया अन्त्य हुने लक्ष्य राखेको छ । जनप्रतिनिधि तथा कर्मचारी सबैलाई व्यक्तिगत रूपमा 'क्रिप्टो टोकन' उपलब्ध गराएको छ । विद्युतीय हस्ताक्षर लागू भएपछि कोही पनि सेवाग्राही कार्यालय समयबाहेक पनि सेवा लिन सक्ने देखिन्छ ।



साथै नगरका सेवा र पहुँचलाई नागरिककै हात हातमा पुर्याउन अनलाईन

पेमेन्ट गेटवेका लागि डिजिटल पेमेन्ट सिस्टम खल्ती एप कार्यान्वयनमा आएको छ र यसबाट सर्वसाधारणले बिजुली, बत्ती, पानी तथा फोहरमैलाको सेवा शुल्क तिर्न सक्ने व्यवस्था रहेको छ । स्मार्ट वालिङ डिजिटल सिस्टमलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि नगर बासीलाई यसबारे आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था गरी प्रविधिमैत्री बनाउने कार्यमा जोड दिइएको छ । रेडियन्ट ईन्फोटेक नेपालले वालिङ नगरपालिकालाई विद्युतीय हस्ताक्षर



उपलब्ध गराएको थियो भने सेल एपले डिजिटल प्रणाली हस्तान्तरण गरेको थियो । नगरले डिजिटल शासनलाई उच्च प्राथिमिकतामा राखी कार्यान्वयन गर्दै आएको छ । यो Hi – Tech Intervention शासनको अभ्यास र कार्यान्वयन हो ।

## गुलाबी सहरको ब्रान्डिङ : वालिङ

गुलाबी रङ सौहार्दता, माया, सुन्दरता र शक्तिको प्रतीकका रूपमा मानिन्छ ।




वालिङ नगरपालिकाका बजार होस् वा गाउँका घरमा एउटै रङ लगाएर समानता झल्काउँदै अन्ततः समग्रमा वालिङको पहिचानका रूपमा 'गुलाबी नगर' बनाउने मुख्य उद्देश्यले गुलाबी रङ छनोट गरिएको थियो ।

निर्वाचित जनप्रतिनिधि र वालिङ नगरपालिकाभित्र रहेका जेसिज, लायन्स क्लब, युवा क्लब, विभिन्न सङ्घ संस्थाको छलफलबाट वालिङलाई गुलाबी नगरका रूपमा पहिचान दिने कार्य भएको छ । नगरसभाबाट पारित गरी कार्यान्वयनमा ल्याएको वालिङ नगरभित्र निर्माण भएका नयाँ घरमा गुलाबी रङ लगाएपछि मात्रै घर सम्पन्नताको प्रमाणपत्र दिने गरिएको छ । नयाँ घर निर्माण सम्पन्न भएपछि बाहिरी भित्तामा गुलाबी रङ




लगाएपछि घर सम्पन्नताको प्रमाण पत्र दिइने अभ्यास रहेको छ ।

वालिङका नागरिकको मन, भावना र विचारले अपनत्व लिएको देखिएको यस अभियानलाई नेपालका अन्य पालिकाले अनुकरण गरेका छन ।

**नागरिकसँगै नगर : नगरसँगै नागरिक** रहेको यस अभियानले सर्वसाधारणमा अपनत्व र स्वामित्व स्थापित गरेको छ । यसमा सम्पूर्ण नगरवासीको पनि साथ र सहयोग रहेकाले गुलाबी शहर अभियान प्रभावकारी हुँदै गएको छ ।





सम्पूर्ण नगरवासीहरूको आपसी सौहार्दता, सद्भाव, सहिष्णुतालाई यस गुलाबी रङगले भावानात्मक एकीकृत गर्दै नगरको विकास र समुन्तितमा आबद्ध गरेको छ । आज सम्पूर्ण नगर एउटै रङभित्र अटेको छ र पृथक पहिचान दिन सक्षम भएको छ । गुलाबी सहर भनेर वालिङ नगरलाई वान कलर ब्राण्डको रूपमा देशैभरि चिनाएको अवस्था छ । नगरपालिकाले आफूलाई वान कलर क्षेत्रको रूपमा विकास र विस्तार गरी भिन्न पहिचान र गौरव दिलाएको छ ।

## युवाको सरोकारः सृजना र रोजगार





अवसर र रोजगारी अहिले निकै बहसका विषय हुन् । कुल जनसंख्याको ४० प्रतिशत हिस्सा ओगट्ने युवा वर्ग छन । कोरोना महामारीले लाखौँ युवा वैदेशिक रोजगारीबाट रोजगारी गुमाएर झन्डै १५ लाख नेपाली युवा घर फर्केका छन् । यसभित्र वालिङ नगरपालिकाले युवामा लगानी गर्नका लागि ज्ञान, सीप, पुँजी र प्रविधि हस्तान्तरण कार्यक्रममा जोड दिएको छ ।

कृषि व्यवसाय सुरू गर्ने युवालाई राजस्व छुट दिने, कृषि उत्पादनको बजारी करणमा सहयोग गर्ने, कृषि बिमा तथा अनुदानको व्यवस्था गर्ने, विदेशबाट फर्केर









आएका युवालाई सीपका आधारमा व्यवसायी कर्जा उपलब्ध गराउने, कर्जाको ब्याज मिनाहा गर्ने, कृषिमा अनुसन्धान गर्न चाहने युवालाई अध्ययन तथा अनुसन्धान रकम उपलब्ध गराउने कार्य नगरले गरेको छ ।

विदेशमा सिकेको ज्ञान, सीप, अनुभव र पुँजीलाई उपयोग गरी युवाहरूले आफ्नै प्रयासमा स्टार्टअप बिजनेस सुरू गरेका पनि छन् । पछिल्लो समय नेपालमा विदेशबाट फर्केर आएका युवाले युवा उद्यमशीलताको क्षेत्रमा गतिलो उदाहरण पेस गरेका छन् ।

विदेश वा स्वदेशमै कोरोनाका कारण प्रभावित वालिङवासीलाई उद्यमशीलतातर्फ लाग्न अभिप्रेरित गर्ने उद्देश्यले यो कार्यक्रम ल्याइएको हो । व्यवसाय वा उद्यम गर्न चाहनेले नगरपालिकामा आर्थिक सहयोग मागेको आधारमा सहयोग गर्ने नीति नगरको छ । विशेषगरी उत्पादन तथा नवप्रवर्तनका सोच राख्ने युवायुवतीलाई उक्त कोषमार्फत अनुदान उपलब्ध गराइएको छ ।

कोरोनाको सङ्क्रमणका कारण रोजगारी गुमाएका यहाँका युवायुवतीलाई लक्षित गरी अनुदान उपलब्ध गराइएको छ। विदेशमा रोजगारी गुमाई फर्केका वा स्वदेशमा रोजगारीमा रहेका युवा युवतीलाई स्वरोजगार तथा आत्मनिर्भर बनाइ उनीहरूको आयआर्जन वृद्धि गर्न 'उद्यमशिलता व्यवसाय प्रवर्द्ध न तथा नवप्रवर्तन केन्द्र सञ्चालन कार्यविधि २०७७' निर्माण गरी सोही कार्यविधिका आधारमा रहेर स्थापित कोषबाट आर्थिक सहयोग गरिएको छ । कोरोना सङ्क्रमणका कारण बेरोजगारी समस्या बढ्दै गएकाले यसमा कमी ल्याइ उनीहरूलाई उद्यमी बनाइ आत्मनिर्भर बनाउने मुख्य उद्देश्य रहेको छ ।

## स्थानीय पाठ्यक्रमः हाम्रो वालिङ कार्यान्वयन




स्थानीय तहले विद्यालयको सहभागितामा स्थानीय विज्ञ, अभिभावक तथा शिक्षकको सहयोगमा स्थानीय विषयको तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने नीतिगत व्यवस्था अनुसार स्थानीय पाठ्यक्रम 'हाम्रो वालिङ' को विकास गरिएको छ ।

यस पाठ्यक्रमको कार्यान्वयन स्थानीय तहबाटै हुने भएकाले क्षमता विकास गरी सबै विद्यालयमा स्थानीय विषयको पठनपाठन सुनिश्चित गर्ने दायित्व नगरपालिकाको हो । यही आवश्यकतालाई दृष्टिगत गरी स्थानीय तहमा स्थानीय विषयबस्तुमा आधारित स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयनमा गर्ने उदेश्यले यो स्थानिय पाठ्यक्रम 'हाम्रो वालिङ' को विकास गरिएको छ ।

स्थानीय पाठ्यक्रम 'हाम्रो वालिङ' मा वालिङको परिचय, वालिङको प्राकृतिक स्रोत र सम्पदा, यहाँका ऐतिहासिक र पर्यटकीय स्थल, संस्कार र संस्कृति, स्थानीय पेशा व्यवसाय र प्रविधि, स्थानीय खेलकुदहरू आदि विषयबस्तु समाबेश गरिएको छ । यसमा सिकाई सहजिकरण विधि तथा प्रक्रिया,विद्यार्थी मूल्याङ्कन, पाठ्यक्रम कार्यान्वयन योजना र पाठ्यक्रम परिमार्जन प्रक्रिया समेत समावेश गरिएको छ । यसै पाठ्यक्रममा रहेर पुस्तक लेखन तथा परिमार्जन कार्य भएका छन ।

## शिक्षामा नयाँ अभ्यासः एकैदिन विद्यालय व्यवस्थापन समिति गठन




वालिङ नगरपालिकाले नगरका ७२ सामुदायिक विद्यालयमा शुक्रबार एकैदिन विद्यालय व्यवस्थापन समिति गठन गरेर नयाँ अभ्यासको थालनी गरेको छ । सामुदायिक विद्यालयमा अनावश्यकरूपमा राजनीतिक हस्तक्षेप हुने, गैर अभिभावकको हस्तक्षेपका कारण समिति गठन प्रक्रियामा ढिलाइ र झण्झटिलो हुने लगायतका कारणले विद्यालयको व्यवस्थापकीय प्रक्रियामा यस अभियानले सुधार गरेको गरेको छ । वि सं २०७७ माघमा नगरभित्रका ७२ वटा सामुदायिक विद्यालयमा एकैदिन र एकै समयमा समिति गठन गरिएको हो । नगरभित्रका सबै सामुदायिक विद्यालयमा एकैदिन र एउटै समयमा विब्यस गठन गर्दा स्वतन्त्ररूपमा विना गुटबन्दी नेतृत्व प्राप्त हुने विश्वास नगर को छ । सामुदायिक विद्यालयमा बढ्दै गएको राजनीतिक हस्तक्षेप रोक्न तथा शैक्षिक गुणस्तर वृद्धि गर्न र वास्तविक प्रतिनिधित्वका लागि नयाँ अभ्यास थालिएको हो । नगरपालिकाभित्रका ७२ जना कर्मचारीलाई विद्यालय व्यवस्थापन समिति गठनसम्बन्धी अभिमुखीकरण पश्चात्

विद्यालयमा खटाइएको थियो ।

एकैदिन एउटै समयमा विद्यालय व्यवस्थापन समिति गठन गर्दा राजनीतिक हस्तक्षेप हुन नपाउने, एउटै व्यक्ति फरक फरक विद्यालयमा नेतृत्वमा बस्न नपाउने भएकाले दोहोरो पनाका अन्त्य हुनुका साथै आगामी तीन वर्षपछि एकैपटक सबै विब्यसको पदावधि सकिने भएकाले पनि नगरपालिकाले नयाँ अभ्यासको रूपमा अभियान ल्याइएको हो । नगरपालिकाले थालेको यो अभियान नेपालमै पहिलो अभ्यास मानिएको छ।

## तालिम र सीपको सोच : स्वरोजगारको खोज









रोजगारी तथा सीप विकासका लागि नगरपालिकाले रोजगार सेवा केन्द्र, लघु उद्यम विकास कार्यक्रम (मेड्पा), सुरक्षित आप्रवासन परियोजना, उद्यमशीलता प्रबर्द्धन केन्द्र स्थापना गरी तालिम र सीप विकासका लागि संस्थागत कार्य गर्दै आएको छ ।

नगरले कृषकहरूलाई मागमा आधारित भएर पशुपालन तथा कृषि कार्य सम्बन्धी वर्षेनी तालिम सञ्चालन गर्दै आएको छ र यस्ता कार्यक्रमले स्वरोजगार र आय आर्जनमा टेवा पुग्ने लक्ष्य नगरले राखेको छ ।

आब २०७७/०७८ मा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) वालिङ नगरपालिकाको वडा नं. ३,४,५,७ मा कार्यक्रम सञ्चालनमा गरेको छ । जसमा नगरका १०० घरधुरी बजार, स्रोत तथा सम्भाब्यता अध्ययन, सहभागितामूलक ग्रामीण लेखाजोखा १००, घरधुरीमा सर्वेक्षण गरिएको छ । साथै रोजगारी र उद्दमशीलताका लागि ५० समूह निर्माण गरी सो समूहलाई क्षमता अभिवृद्धि गरिएको छ ।

आय आर्जनमा बृद्धिका लागि उद्यमशिलता विकास तालीम विभिन्न साझेदार संस्था मार्फत तथा प्रदेश तथा संघीय सरकारसँग समेत समन्वयमा सञ्चालन हुँदै आएका छन । नगरमा कोशेली घर निर्माण भएको छ र यहाँ नगरका १४ वटै वडाहरूको समूहहरूको

उत्पादनलाई बजारीकरणमा टेवा पुग्ने सोच छ ।

साथमा नागरिकहरूलाई सिलाई कटाइ तालिम प्रदान गरी आय आर्जनमा समेत सुधार ल्याउन खोजिएको छ । वैदेशिक रोजगारीमा जानेका परिवारका लागि लागि सुरक्षित आप्रवासन कार्यक्रमले वितीय साक्षरता कार्यक्रम सञ्चालन गरी बचत गर्न नागरिकलाई सहजीकरण गरेको छ । यसबाट रेमिटान्सको उपभोग फजुल खर्चमा न्युन भई वचत र लगानी तर्फ उन्मुख हुने अपेक्षा नगरपालिकाले लिएको छ ।





## रोजगारी हक: श्रमको सम्मान

नेपालको संविधानले सुनिश्चित गरेको रोजगारीको हकलाई स्थानीय सरकार का माध्यमबाट वालिङ नगरपालिकाले आ.व. २०७५/७६ मा सुचिकृत वेरोजगार १५८६ तथा आ.व. २०७६/७७ मा ३९७ सूचीकृत गरी श्रममूलक रोजगारी दिलाएको छ ।

यस कार्यक्रम मार्फत २०७५/७६ मा ३०५ जना र आ ब २०७६/७७ मा १८१ जना व्यक्तिहरू लाभग्राहीको रूपमा संलग्न भएका छन । यस कार्यक्रममा औसत रोजगारी दिन आ ब मा २०७६/७७ मा १८ दिन रहेको छ र हालसम्म यो कार्यक्रम निरन्तर कार्यान्वयनमा रहेको छ ।

बिगत दुई बर्षको तथ्याङ्क हेर्दा कूल १८ आयोजनाहरू यस कार्यक्रम मार्फत सञ्चालन भएका छन । यस आबमा पनि २८ वटा निर्माण तथा श्रममूलक कार्यक्रमहरू रहेका छन । यसबाट थप लाभग्राही लाभान्वित हुने देखिन्छ ।







## स्वास्थ्य बीमा : आकर्षण र पहुँच

यस नगरपालिकाको बासिन्दामा स्वास्थ्य बीमा कार्यक्रमप्रति आकर्षण देखिदै गएको छ । गह्रौँ प्राथमिक अस्पतालमा २०७६ जेठ १ गतेदेखि लागू भएको स्वास्थ्य बीमाबाट



स्वास्थ्य जाँच गराउने, औषधि लिनेको सङ्ख्या बर्सेनि वृद्धि हुँदै गएको अस्पतालको तथ्याङ्क बाट देखिन्छ । निजी क्लिनिक, फार्मेसी तथा पोखरा, पाल्पाका अस्पतालमा गएर उपचार गर्ने वा स्वास्थ्य जाँच गराउने यहाँका नागरिक पछिल्लो समय स्वास्थ्य बीमामार्फत वालिङमै उपचार गराउन थालेका छन । गह्रौँ प्राथमिक अस्पतालमा अस्पतालमा २०७८ वैशाख १ देखि भदौ मसान्तसम्म पाँच महिनाको अवधिमा सात हजार ८३५ ले स्वास्थ्य सेवा लिइसकेका छन् । त्यस्तै २०७७ को वैशाखदेखि चैत मसान्तसम्म कूल २७ हजार ४७७ र २०७६ जेठ १ देखि चैत मसान्तसम्म १४ हजार १९९ बीमितले स्वास्थ्य सेवा लिएका छन् ।

स्याङ्जा जिल्लाकै मध्यभाग वालिङमा रहेको गह्रौँ प्राथमिक अस्पतालमा वालिङ नगरपालिकासहित, गल्याङ, चापाकोट, भीरकोट नगरपालिका तथा छिमेकी जिल्ला दक्षिण पर्वत र पाल्पाको केही भागका बिरामीले यहाँबाट सेवा लिने गरेका अस्पतालले तथ्याङ्कमा छ । वालिङ नगरपालिकाभित्र २१ प्रतिशत नागरिक गरिबीको रेखामुनि रहेकाले उनीहरूका नगरपालिकाले निःशुल्करूपमा स्वास्थ्य बीमा गरिदिने नगरको नीति तथा कार्यक्रम रहेको छ । स्वास्थ्य बीमा गर्नतर्फ वालिङका नागरिकलाई प्रेरित गरिएको र जसको आर्थिक अवस्था कमजोर छ उनीहरूको निःशुल्क बीमा नगरपालिकाले गरिदिएको छ ।

नगरपालिकाले न्यून आय भएका वा गरिबीको रेखामुनि रहेका २१ प्रतिशत नागरिक तथा राष्ट्रिय र स्थानीय तहका खेलाडी तथा परिवारको नगरपालिकाले निःशुल्क बीमा गरिदिने नीति कार्यान्वयन गरेको छ । जिल्लाका अन्य पालिकामा रहेका स्वास्थ्य संस्थामा भन्दा यस स्वास्थ्य संस्थाले बीमाबापतको रकम बीमा बोर्डबाट धेरै भित्र्याउने गरेको तथ्याङ्क छ । यसले यो कार्यक्रम वालिङ नगरपालिकामा प्रभावकारी बन्दै गएको छ ।

## बर्थिङ सेन्टर सञ्चालन

वालिङ नगरपालिका-३ माझकोट स्वास्थ्यचौकीमा 'बर्थिङ सेन्टर' स्थापना गरी सेवा दिन थालिएको छ । बर्थिङ सेन्टर सञ्चालनमा आएसँगै गर्भवतीले स्वास्थ्य मापदण्ड अनुसार गर्नुपर्ने स्वास्थ्य परीक्षणसँगै संस्थागत सुत्केरी हुने क्रम बढेको छ । बर्थिङ सेन्टर स्थापना भई सेवा प्रवाह थालेसँगै अहिले गर्भवतीहरू नियमित स्वास्थ्य चौकीमा आउने क्रम बढे को देखिएको छ । घरघरमै वा वालिङ, पोखरा लगायतका अस्पतालमा गएर सुत्केरी हुने गरेकामा अहिले भने गर्भवती भएदेखि नै नियमित स्वास्थ्यकर्मीको परामर्शअनुसार स्वास्थ्य परीक्षणमा आउने गरेका छन ।

गर्भवती भएदेखि नै उहाँहरूको तथ्याङ्क राखेर नियमित निगरानी र आवश्यक परामर्श गरिरहेको छ । बजारदेखि अलिक टाढा र यातायातका दृष्टिले भनेको समयमा सवारी साधनहरू नपाइने समस्याले गर्भवतीलाई बोकेर वालिङ लैजानुपर्ने अवस्था थियो अहिले भने त्यो समस्या समाधान भएको छ । स्वास्थ्यचौकीमा बर्थिङ सेन्टर स्थापनासँगै तालिमप्राप्त नर्सले



सेवा दिएपछि यहाँका स्थानीयवासीलाई सहज भएको छ । गत वर्षदेखि स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर स्थापना गरी सेवा थप गरेसँगै घरमै सुत्केरी हुने वा अन्यत्र जानुपर्ने अवस्थाको अन्त्य भएको छ । विकट र ग्रामीण भेग भएकाले स्वास्थ्यको पहुँचलाई ग्रामीण भेगसम्म विस्तार गर्नुपर्छ भन्ने लागेर माझकोट स्वास्थ्यचौकीमा बर्थिङ सेन्टरको सेवा थप गरिएको हो । बर्थिङ सेन्टरका लागि आवश्यक पर्ने पूर्वाधार, उपकरणहरूको व्यवस्था गरिएको छ । माझकोट स्वास्थ्य चौकीमा सञ्चालनमा ल्याइएको बर्थिङ सेन्टर का लागि स्याङ्जा परिवार तथा दक्षिणकोरिया किम्हे बुसान शाखाले स्वास्थ्य उपकरणहरू उपलब्ध गराएको छ । ग्रामीण भेगमा सहज र संस्थागतरूपमा सुत्केरी गराउनका लागि आवश्यक उपकरणहरू नगरपालिकाले स्वास्थ्यचौकीलाई उपलब्ध गराएको छ ।

## प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति





नगरपालिको गह्रौं घ्याङ्लिङ प्राथमिक स्वास्थ्य केन्द्रलाई अस्पतालमा स्तरोन्नति गरिएको छ। वालिङ नगर कार्यपालिकाको २०७६ मङ्सिर २४ गते को बैठकले वालिङ-९ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी १५ शैयाको अस्पताल बनाउने निर्णय गरेको थियो । गह्रौं घ्याङ्लिङ प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नतिसँगै ‘गह्रौं प्राथमिक अस्पताल’ नामकरण गरिएको छ । प्राथमिक स्वास्थ्य केन्द्रबाट अस्पतालमा स्तरोन्नति भएसँगै यहाँबाट प्रदान गरिने सेवा पनि विस्तार भएको छ भने आवश्यक दक्ष जनशक्तिको पनि व्यवस्थापन भएको छ ।



अस्पतालमा एमडिजिपी चिकित्सक मार्फत नियमित स्वास्थ्य परीक्षण गर्ने, विभिन्न विभाग गठन गरी गुणस्तरीय सेवा प्रदान गर्ने, रिफरल सेन्टरको विकास गर्नेलगायतका काम भइरहेको छ । सञ्चालनमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नतिसँगै हाल १५ शैयाको अस्पताललाई अहिलेकै ठाउँमा सञ्चालन गर्ने र अस्पताल निर्माणका लागि खरिद गरिएको जग्गामा १५ शैयाको अस्पताल निर्माण कार्य भइरहेको छ । वालिङमा स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन र स्वास्थ्यका क्षेत्रमा नगरवासीको पहुँच विस्तार गर्न वालिङ-१ मा ५० शैयाको 'वालिङ नगर अस्पताल'को भवन निर्माणका लागि सङ्घीय स्वास्थ्य मन्त्रालयमा अनुरोध समेत गरिएको छ । स्वास्थ्य केन्द्र भए पनि यहाँ अस्पतालबाट प्रदान गरिने सेवा दिँदै आइएको छ ।



स्याङ्जा जिल्लाको झण्डै आधा भेग, दक्षिण पर्वतका केही भेग, गुल्मीका केही भेग तथा पाल्पाको केही भेगका बासिन्दाले यहाँबाट सेवा लिँदै आएका छन् । जिल्लाकै हकमा सबैभन्दा धेरै बिरामीको चाप हुने स्वास्थ्य केन्द्रका रूपमा रहेको यस स्वास्थ्य केन्द्रको स्तरोन्नति गरी थप गुणस्तरीय सेवा प्रदान गर्ने कार्यमा जोड दिइएको छ । स्वास्थ्य केन्द्र सञ्चालनको अवस्थासम्म १४ दरबन्दी र बाँकी ३० स्वास्थ्य केन्द्र तथा वालिङ नगरपालिकाले आर्थिक दायित्व बहन गर्ने गरी व्यवस्थित गर्दै आएको छ ।

अस्पतालका रूपमा स्तरोन्नति भएपछि सामान्य शल्यक्रिया सेवा, जटिल प्रकारका प्रसूति सेवा, हर्निया, हाइड्रोसिल, एपेन्डिक्सजस्ता रोगको शल्यक्रिया सेवा दिन सकिन्छ । अस्पतालका रूपमा स्तरोन्नति नहुँदै पनि यहाँबाट ओपिडी सेवा, इमर्जेन्सी सेवा, प्रसूति सेवा, ल्याब सेवा, दन्त सेवा, एचआइभी उपचार तथा एआरटी सेवा, आँखा उपचार सेवा, क्षयरोग विशेष जाँच सेवा (जिन एक्सपर्ट), सामान्य शल्यक्रिया, प्याथोलोजी, रगत, खकार, वीर्य जाँच, चौबिसै घण्टा भिडियो एक्स-रे, एक्स-रे सेवा, फार्मेसी सेवा, निःशुल्क सुरक्षित गर्भपतन सेवा, स्वास्थ्य बीमा सेवा, शवपरीक्षण, एम्बुलेन्स सेवालगायत रहेका छन् ।

## सामाजिक सुरक्षा : पहुँच र सुधार

नगरपालिका तथा वडा कार्यालयहरूमा २०३८ सालदेखिका ब्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, सम्बन्ध विच्छेद, विवाह, बसाई सराई) हरूको दर्ता किताब लेवलिङ कार्य तथा डिजिटाई जेशन कार्य सम्पन्न गरेको छ । नगरपालिकाले सामाजिक सुरक्षा भत्ता रकम वितरण गर्ने नौवटा बैंक तथा वित्तीय संस्थाहरूसँग कम्तिमा तीन वर्षको सम्झौता गरी वितरण कार्यलाई छिटो, छरितो तथा

पारदर्शी बनाएको छ । सामाजिक सुरक्षा भत्ता भुक्तानीमा फरवार्ड फिड तथा रिजर्भ फिडको कार्यान्वयन गरिएको छ ।

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी गुनासो सुनुवाईका लागि नगरपालिका स्तरीय समन्वय समिति तथा गुनासो सुनुवाई समिति र १४ वटै वडामा वडास्तरीय गुनासो सुनुवाई समिति गठन गरिएको छ ।






आब २०७७ मा मात्र वालिङ नगर पालिकाका सामाजिक सुरक्षा भत्ता बापत ६ हजार ३७३ लाभग्राहीले रू. १६ करोड ३२ लाख १६ हजार ६४० बुझेका छन् । सामाजिक सुरक्षा भत्ता लाभग्राहीको विवरण एमआईएस प्रतिवेदन र बैंक तथा वित्तीय संस्थाको प्रतिवेदन अनुसार केही विवरण फरक देखिदा संशोधनका गुनासोहरू धेरै आउने गरेको भए तापनि समन्वयमा सो व्यवस्थापन हुँदै आएको छ ।नगरपालिकाले ज्येष्ठ नागरिक, दलित, आर्थिकरूपले विपन्न, एकल एवं विधवा महिला, असाहृय, अपाङ्गता भएका ब्यक्तिहरूकालागि बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ ।

**२०७६ देखी २०७८ असार मसान्त व्यक्तिगत घटनादर्ताको प्रतिवदेन**

| गा वि स/न.पा. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध विच्छेद | विवाह | बसाइँ सरी आएको | | बसाइँ सरी जाने | | बेवारिसे | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | तेस्रो लिङ्ग | जम्मा | पुरुष | महिला | तेस्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | जम्मा |
| वालिङ | २८८२ | २७२९ | | ५६११ | ७७७ | ६२६ | | १४०३ | ८५ | १५६४ | ११० | ३८५ | २१० | १०११ | | १०६३ |
| जम्मा | २८८२ | २७२९ | ० | ५६११ | ७७७ | ६२६ | ० | १४०३ | ८५ | १५६४ | ११० | ३८५ | २१० | १०११ | ० | १०६३ |

*Source: online.donidcr.gov.np*

**२०३८ साल देखीका Digitization भएका पुराना व्यक्तिगत घटना दर्ताका विवरण**

| घटना दर्ता विवरण | दर्ता किताबमा रहेका घटना दर्ता संख्या | डिजिटाईज गरेको जम्मा दर्ता संख्या | अक्षर नबुझिने | अपुर्ण विवरण |
|---|---|---|---|---|
| जन्म | २२७७१ | २१५६२ | ४५२ | ८०८ |
| मृत्यु | ४०४८ | ३९२५ | ३६ | ८५ |
| सम्बन्ध विच्छेद | ६१ | ३७ | १ | २२ |
| विवाह | ७६३० | ७५८७ | ६५ | ६७ |
| बसाईसराई | २२०९ | १६७२ | २९ | ५४७ |

Source: digitization.docr.gov.np

यस कार्यक्रमबाट लाभान्वति वर्ग वृद्धि हुँदै गएको र आब २०७७ नगरपालिकाका १४ वटाहरूमा ७० वर्षभन्दामाथिका तीन हजार २८६, ज्येष्ठ नागरिक दलित ४७८, ज्येष्ठ नागरिक एकल महिला ८००, असहाय/विधवा ८७२, अपाङ्ग भत्ता क वर्गा १४३, ख बर्ग २६६ र दलित बालबालिका ७८३ गरी कूल छ हजार ६२८ जनालाई तीन चौमासिकमा बैंकमार्फत रकम हस्तान्तरण गरिएको छ । नगरपालिकामा सबैभन्दा धेरै भत्ता बुझ्नेको संख्या ७० वर्षमाथिका तीन हजार २८६ जना ज्येष्ठ नागरिकहरू रहेका छन्

## स्थानीय उत्पादन : बजारीकरण र व्यवसायीकरण

नगरपालिकाले नगरका बासिन्दाहरूको आर्थिक जीवनमा सकारात्मक परिवर्तन ल्याउनका लागि स्थानीय उत्पादन र बजारीकरणका लागि विभिन्न क्रियाकलाप सञ्चालन गरिएका छन । यस खालका कार्यक्रमहरू उत्पादनका क्षेत्रसँग सम्बन्धीत रहेका छन । स्थानीय श्रम तथा स्रोतको उपयोग गरी स्वरोजगार र आम्दानी बढाउने प्रकृतिका कार्यक्रमहरू नगरले सञ्चालन गर्दै आएको छ । आफ्नै खेतबारी तथा जमिनमा उत्पादन गरी बजारीकरण गर्ने काममा यस्ता कार्यक्रमले टेवा दिएका छन ।






पशु विकास क्षेत्र अन्तर्गत भैसी, बाख्रा, बङ्गुर तथा कुखुरा पालन कार्यक्रम सञ्चालन भएका छन । वडा र नगर दुबै तहकाबाट स्थानीय मागका आधारमा स्थानीय उत्पादनकलाई बजारसँग जोडेर कृषकको आम्दानी बढाउने लक्ष्य राखिएको छ ।




जस अन्तर्गत आव २०७४/०७५ मा मात्र बीउ पूँजी कार्यक्रम अन्तर्गत निमुखा र व्यावसायिक सोच भएका व्यवसायीहरूलाई २१ लाख २५ हजार लगानी गरिएको छ ।

नगरले कृषकहरूको सहभागितामा आलु, मकै, तरकारी, गहुँका क्षेत्रहरूलाई प्रबर्द्धन गरेको छ । कृषकहरूको समूह बनाई उनीहरूमा सामूहिक भावनाको विकास गरी उत्पादनमुखी भावना जगाउन सीप तथा प्राविधिक ज्ञान समेत दिइएको छ ।




नगरले एक गाउँ एक उत्पादन कार्यक्रममा विशेष जोड दिएको छ । कृषि कार्यक्रमहरूमा कृषिसँग सम्बन्धीत सहकारी संस्थाहरूको विशेष सक्रियतामा कार्यान्वयन गरिएको छ । नगरमा कृषक समूह ७८ वटा र कृषि फर्म २७९, कृषि सहकारी संख्या ५४ वटा रहेका छन । व्यावसायिक कृषकहरूले गरेका बाली बिमा संख्या २५ वटा रहेका छन ।

नगरको कृषिसम्बन्धी तथ्याङ्क अध्यावधिक गर्नुका साथै नियमित प्राविधिकहरूद्वारा

पशु तथा बालीनालीहरूको घरदैलोमा गई उपचार गर्ने प्रवन्ध मिलाइएको छ । कृषि उत्पादन बजारीकरणको उचित ब्यवस्थापन वालिङ होल्डिङ सहकारीको अवधारणा लागू गरिएको छ भने कृषि बीमाप्रति किसानहरूलाई आकर्षित गराइएको छ । ब्यवसायिक कृषि फर्म विस्तार, किसानमैत्री प्रविधिको विस्तारमा जोड दिने रहेको छ ।



यसका साथै आव २०७४/०७५  देखि २०७७/ ०७८ सम्म पशुहरूको उपचार सेवा ६८७०२, पशुहरूलाई खोप सेवा ३६११०, प्रयोगशाला सेवा  १४५७९, कृत्रिम गर्भाधान ९५६ रहेको छ । साथै गाई भैसी फार्म १०८, बाख्रा फार्म १८३ वटा, बंगुर फार्म ८० वटा, मत्यस्यपालन १२ वटा, कुखुरा फार्म २३२ वटा रहेको छ । कूल नगरभित्र उद्यमीको दर्ता ८४२ रहेको छ ।



कृषकको ब्यवसायीकरण यस्ता कार्यक्रमले पशुपंक्षी फर्मको स्थापनामा बृद्धि हुनुका साथै मासु उत्पादन बढेको छ । उन्नत नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइएको छ । घाँसको नर्सरी स्थापना र क्षेत्र विस्तार गरिएको छ र स्वच्छ, दूध, मासु र अण्डाको, लागत साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिएको छ । स्थलगत प्राविधिक सेवा, जुनोटिक रोग नियन्त्रणको लागि खोप तथा बन्ध्याकरण सेवा नगरले प्रदान गर्दै आएको छ । घाँस, दूध र मासुमा आत्मनिर्भर हुने, पशुपंक्षीपालनमा आधुनिकीकरण, व्यावसायिक पशुपंक्षी तथा मत्स्य फार्म विस्तार गर्ने, स्तरीय प्रयोगशाला सेवा दिने, कृत्रिम गर्भाधान सेवा विस्तार गर्ने, साना कृषकको आयआर्जन वृद्धि गर्ने, बजारीकरण कार्यक्रमलाई नगरपालिकाले प्राथमिकतामा राखेको छ । मागमा आधारित भएर आमासमूह, कृषि समूह, उद्यमी समूहसँग स-साना प्रविधि, वीउ, विजन, उपकरण समेत वितरण गरिएको छ । पशु, कृषि, सीप सबै क्षेत्रमा भएको व्यावसायिकताको  प्रबर्द्धन गर्दै नागरिकलाई आय आर्जन र बजारसँग जोड्ने नीति तथा कार्यक्रम नगरपालिकाले लिएको छ ।

## वन्डरफूल वालिङ : पर्यटकीय गन्तव्य












स्मार्ट सिटीका १९ वटा थिम मध्ये 'वन्डर फूल वालिङ' एउटा हो र, वण्डरफूल वालिङभित्र तीन वटा इन्डिकेटर छन्–नेचर, कल्चर र एडभेन्चर। यी तीनवटै सूचकमा वालिङ भरिपूर्ण र परिपूर्ण छ । एडभेन्चरभित्र पदयात्रा, प्याराग्लाइडिङ, साइक्लिङ र राफ्टिङको सम्भाव्यता यस क्षेत्रमा रहेको छ र यस कार्यमा प्रर्याप्त अध्ययन गरी विकासका खाका तयार गरिएको छ ।

संस्कृति, प्रकृति र जीवनलाई संयोजन गरी पित्लेक, माझकोट, मन्साङकोटजस्ता ११ गाउँमा समुदायमा आधारित होमस्टे संचालन भई पर्या -पर्यटक (Eco Tourism) लाई आकर्षित गरिएको छ । यस नगरभित्र रहेका गहौसुर, थामको चौर, माझकोट, बाहुनथान, घ्याङखोलाजस्ता क्षेत्रहरू पर्यटन क्षेत्रमा सिलिकन, बोटानिकल र View Point का अवधारणातर्फ प्रेरित गरिएको छ । त्यही अनुसार DPR तयार गरी संघीय मन्त्रालयमा पेश गरिएको छ । गहौसुरलाई धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विस्तार भई धर्म र प्रकृतिको संयोजन भई दृश्यावलोकनको मनोरम स्थल बनेको छ ।

वालिङ बजारनजिक रहेको घ्याङखोला क्षेत्रको जैविक तथा हरियालीलाई प्रबद्धन गर्दै बोटानिकल गार्डेन थिममा निर्माण कार्य हुँदैछ । बाहुनथानको मनोरम दृश्यको प्रबर्द्धन गर्दै सिलिकन गार्डेनका रूपमा विकास गर्नुका साथै खाल्टेमा क्यानोनिङको विकासका लागि निजी क्षेत्रलाई साझेदारी तथा सहलगानीमा लैजाने नीति नगरको छ । गौशालालाई बहुउपयोगी योजनाको रूपमा विकास गर्दै धार्मिक पर्यटकीय गन्तव्य स्थलको बनाउन निजी क्षेत्र तथा धार्मिक संघ-संस्थासँग समन्वयमा व्यवस्थापन गरिने नीति छ ।

माझकोट शिवालय अन्तर्गत बुढाकोट पर्यटकीय क्षेत्रलाई पर्यटकीय क्षेत्रको सूचीभित्र समावेश गर्न सम्भाव्यता अध्ययन गरिएको छ । मन्स्याङकोट क्षेत्रमा प्याराग्लाइडिङ

क्षेत्रको रूपमा स्थापना गर्न खोजिएको छ । महापुर, मिलनकोट, डुम्रे भञ्ज्याङ, काउले, थाप र केउँरेबाट प्याराग्लाइडिङ सम्भाव्यतामा विकास गरिएको छ भने सुन्तलाबारी, अँधेरीखोला र वनकट्टामा क्यानोनिङ सम्भाव्यता पहिचान गरिएको छ ।




आँधीखोलाको ओडारदेखि बायाँटारी सम्म राफ्टिङको सम्भावना छ र नगरपालिकाले ट्रेकिङ, प्याराग्लाइडिङ, राफ्टिङ र साइक्लिङ गन्तव्यका रूपमा लिपिबद्ध गरेको छ । पूर्वाधार र व्यवस्थापकीय ज्ञान अभिवृद्धि गरी स्थानीय प्रोडक्टहररूको ब्राण्डिङ र मार्केटिङ गर्ने कार्य भएको छ । पर्यटन क्षेत्रको पहिचान, सम्भाव्यता अध्ययन, म्एच पहिलो चरणमा भएका छन् भने पूर्वाधार माथिको लगानी दोस्रो चरणको कार्य हुँदै छ । साथै ती क्षेत्रहरूको प्रवर्द्धन र ब्रान्डिङ कार्य तेस्रो चरणमा रहेका छन् । यही कार्य ढाँचाँमा नगरले कार्य अभ्यास सुरूवात गरेको छ ।

## घरनक्सा सेवाः डिजिटाइनेशन र अनलाइन

यस नगरपालिकावाट पास गरिने नक्साहरूलाई अटोमेसन गरी नक्सा पास प्रक्रियालाई अनलाईन सेवामा आवद्ध गरिएको छ । नक्सा पास सम्वन्धमा जनचेतना जगाउन टोल विकास संस्थाहरूसँग अन्तर्किया गरिएको छ । कुनै पनि घर, टहरा बनाउदा नक्सा पास गरेर मात्र बनाउने व्यवस्था अनिवार्य गरिएको छ।



आ.व. २०७४ देखी २०७८ साल सम्मको वार्षिक विवरण

| विवरण | संख्या |
|---|---|
| २०७२ मापदण्ड बमोजीम | ५८० |
| अभिलेखिकरण | ९६६ |
| नियमित | ९० |
| सम्पन्न लिगेका घरधनी सख्या | ५३४ |
| कुल जम्मा नक्शा पाश भएको सख्या | १६३६ |

भूमिगतरूपमा पार्किङको ब्यवस्था गरी घर निर्माण गर्दा पार्किङ क्षेत्रको नक्सा पास दस्तुर पूर्णरूपमा छुट दिने नीतिको निरन्तरता दिइएको छ । सार्वजनिक तथा निजि भवनहरूको निर्माण गर्दा राष्ट्रिय भवन संहिताको पालनामा जोड दिइएको छ । घर नक्सा सम्बन्धी मापदण्ड, २०७४ को बमोजिम आब २०७७ मा घरनक्सा पास भएको संख्या २२१, अभिलेखिकरण गरिएको ३१५, नियमित २१, सम्पन्नताको प्रमाण पत्र लिएका घरधनीको संख्या १०४ गरी कूल जम्मा नक्सा पास भएको संख्या ५५७ रहेको छ ।



घरनक्साको डाटालाई प्रविधिमा प्रविष्टि गर्ने तथा हालसम्म प्राप्त घरधनीको घर नक्सा डिजिटाईजेशन गरिएको छ । प्रत्येक नक्सालाई ईन्डेक्स फाईलिङ गरी नम्बरिङसहित कम्प्यूटरमा सफ्टकपिमा डाटा राखिएको छ र यस सेवालाई अनलाइनबाट सञ्चालन गरिएको छ ।

## योजना व्यवस्थापनः जनताको अपनत्व र सहभागिता

नगरपालिकाले प्रत्येक बर्ष टोल र बस्तीस्तरबाट जनसहभागितामा कानुनले तोकेको सातै चरणकै प्रक्रिया पूरा गरेर योजना तर्जुमा गरेको छ । योजना माग र छनोटमा जनताको प्रत्यक्ष नियन्त्रण र स्वामित्व स्थापित गर्ने अभ्यासमा नगर प्रतिबद्ध छ । नगरबाट सञ्चालित योजनाहरू वडास्तर र नगरस्तर गरी दुबै तहबाट कार्यान्वन गरिएको छ । कोभिड १९ को जटिल परिस्थितिका बीचमा पनि योजना सञ्चालन गरी तोकिएको लक्ष्य नगरले पूरा गरेको छ ।




आ.व. २०७४ देखि विकास बजेटको कूल अंशमा ८५ प्रतिशत भन्दा खर्च प्रगति भएको छ । यस नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को कूल बजेटमा पुँजीगत बजेटको अंश ३२ प्रतिशत रहेकोमा २०७८/ ०७९ मा ४२ प्रतिशत पुगेको छ । यसले पुँजीगत खर्चको बढोत्तरीमा नगरले बजेट सिलिङको बाँडफाँडमा ध्यान दिएको छ ।




मध्यकालीन खर्च संरचनाको निर्माण गरी योजना र बजेटका बीचमा तालमेल मिलाई पुँजीगत खर्च प्रणालीमा सुधार गरिएको छ । योजना अनुगमन, मूल्याङ्कन जाँच पास तथा फरफारक समितिको प्रतिवेदन, सार्वजनिक परीक्षण प्रतिवेदनका आधारमा योजनाको अन्तिम किस्ता दिने गरिएको छ । नगरले रू. पाँच लाखभन्दा माथिका योजनाहरूको निर्माण स्थलमा सूचना पार्टी राख्ने गरिएको छ र जसमा उपभोक्ता समितिका अध्यक्षको नाम समेत व्यवस्था रहेको छ ।




योजना पुस्तिका कार्यान्वयनमा ल्याई उपभोक्ताबाट सम्पादन गरिने कार्यलाई व्यवस्थित गरिएको छ । ठूला लागतका योजनाहरको डिपिआर तयार गरी सोही अनुसार कार्यान्वयनमा लगिएको छ भने नदीजन्य सामग्रीहरूको निकासीका लागि IEE प्रतिवेदन तयार गरी सो को आधारमा निकासा गर्ने गरिएको छ । स्मार्ट वालिङ्को सूचक तथा नतिजालाई आधार मानी प्रोजेक्ट छनौटको ब्यवस्था गरिएको छ ।




योजना कार्यान्वयन गर्दा आन्तरिक नियन्त्रण प्रणालीमामा सुधार गरिएको छ । तोकिएका खरिद कानुन अनुसार ईटेन्डर गरी ठेक्का व्यवस्थापनमा खुला प्रतिस्पर्धा र पारदर्शी अपनाइएको छ । लागत र गुणस्तर नियन्त्रण प्रणाली विकासका लागि आन्तरिक मापदण्ड र विधि तय गरिएको छ । वडा तहसम्म प्राविधिक कर्मचारी खटाई कार्यस्थलमै निरन्तर अनुगमन गर्ने पद्धति विकास गरिएको छ । उपभोक्ता समितिले कार्यान्वयन गर्ने योजनामा सूचनापाटी, सार्वजिक सुनुवाई र सार्वजनिक परीक्षणमा जोड दिइएको छ ।




नगरले पाँच वर्षे सडक रणनीतिक योजना तयार गरी नगर क्षेत्र भित्रका सडकहरूलाई सुदृढीकरण तथा स्तरोन्नतिको नीति तथा कार्यक्रम राखेको छ । प्रत्येक वडाका सडक, खाने पानी, सिञ्चाई र फोहोर व्यवस्थापन गर्न रणनैतिक योजनाको सूचक बनाई कार्यान्वयनमा लगिएको छ । नगरभित्रका पूर्वाधार निर्माण गर्दा वडास्तरीय, नगरस्तरीय र प्रदेश तथा संघस्तरीय योजना गरी तीन तहमा वर्गीकरण गरी कार्यान्वयन गरिएको छ । ।

प्रदेश र संघका योजनाहरूलाई समन्वयमा सञ्चालन गरिएको छ । नगरभित्रका आर्थिक, सामाजिक तथा वातावरणीय कार्यक्रम र आयोजनाको Screening गरी Project Bank स्थापना गरिएको छ । Local Game Changer Project को पहिचान गरेर नगरभित्रका आयोजनाहरूलाई वहुबर्षीय र प्राथमिकता तोक्न सूचकसहित वस्तुपरक र वैज्ञानिक मापदण्ड बनाइएको छ ।

## सेवाको विस्तार : एप्लिकेशन र एप प्रयोग




नगरपालिकाले स्मार्ट गभर्नेन्स भित्र रहेर सेवालाई जनमुखी, पहुँचमुखी तथा पारदर्शी बनाउन आईटीको अधिकतम उपयोग गरेको छ । यस क्षेत्रमा नगरभित्र हाउस सर्भेदेखि लिएर जिआईएस प्रणाली सम्म, जिपिएस सिस्टमदेखि लिएर एप्लिकेशनसम्मका सफ्टवयर प्रयोगमा आईसकेका छन् । त्यसैले हरेक नागरिकहरूको सेवा, रेकर्ड सिस्टम, कार्यशैली, नगरपालिकाका सम्पूर्ण कार्यहरू डिजिटल डाटाकोरूपमा उपयोग गरिएको छ । सम्पूर्ण सेवाहरूलाई सूचना प्रविधिमा आबद्ध गरी पेपरलेसको रूपमा रूपान्तरण गर्दै शून्य पेपरकोरूपमा स्थापित गर्ने कार्यहरू अगाडि बढिरहे का छन् । सुशासनमा जोड दिंदै भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको कार्यनीति अख्तियार गरिएको छ ।




नगरपालिकाले विभिन्न विद्युतीय प्रणालीहरूको विकास र प्रयोग गर्दै घरमै बसेर राजश्व, कर लगायतका भुक्तानीहरू गर्न सक्ने ब्यवस्था मिलाएको छ । वालिङ नगरपालिकाले निर्माण गरेको स्मार्ट वालिङ एप्स तथा खल्ती, कनेक्टिङ आईपिएस लगायतका एप्सहरूमार्फत नगरपालिका तथा वडा कार्यालयमा राजश्व, कर, खानेपानी, विद्युत कार्यालयको महशुल घरमै

बसेर पनि भुक्तानी गर्न सकिने भएको हो ।

स्थानीय तहको सेवालाई जनमुखी बनाउन प्रविधि र सूचनाको प्रयोग गरी १४ वटै कार्यालयहरूबाट नै सम्पादन हुने व्यवस्था मिलाइएको छ । सबै वडा कार्यालयहरूमा आन्तरिक नेटवर्क जडान भैसकेको छ ।

नगरपालिकाले E-payment gateways, CC-Cameras installation, Fiber lease line internet connectivity, E-attendances system, DMS (Document Management System) for paperless governance, Digital signature जस्ता कार्यहरू कार्यान्वनमा ल्याइसकेको छ । यसले जनमुखी सुशासनलाई प्रश्रय दिनुका साथै दैनिक कार्य प्रणालीमा शीघ्रता आएको छ ।




नगरपालिकाले डिजिटल माध्यमबाट सेवा दिने गरी एप्सहरू निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । जसमा नगरपालिका तथा वडा कार्यालयहरूले प्रदान गर्ने सबै प्रकारका सेवाहरू समेटेर 'स्मार्ट वालिङ एप' निर्माण भएको छ । नागरिक वा सेवाग्राहीले जुन सेवा लिनुहुन्छ सोही सेवाबापतको शुल्क विभिन्न डिजिटल एपमार्फत भुक्तानी गर्न सक्ने व्यवस्था छ । 'स्मार्ट वालिङ एप' सहित कनेक्टिङ आईपिएस, खल्तीलगायत ५ वटा डिजिटल माध्यमहरूबाट सेवाग्राहीले भुक्तानी गर्न सक्ने अवस्था छ । यसका लागि कर्मचारी तथा सरोकारवालाहरूलाई आवश्यक तालीम तथा प्रशिक्षण दिईएको र वडा वडामा नागरिकहरूलाई प्रयोग गर्ने विधिकाबारेमा जानकारी गराउन टोल विकाससमेतलाई प्रशिक्षित गरिएको छ । सेवाग्राहीको भीड भईरहने नगरपालिकामा मोबाईलमा रहेको खल्ती एपबाटै शुल्क भुक्तानी गर्न सकिने भएकाले नगरबासीलाई निक्कै सहज हुने देखिन्छ । वालिङका नागरिकले सेवा लिएबापत खल्ती वेबपेज वा मोबाईल एपमा रहेको सरकारी सेवा मेनुमा गई वालिङ नगरपालिका टयाप गरेर शुल्क भुक्तानी गर्न सक्ने अवस्था छ । वालिङ नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरू सबैले 'डिजिटल सिग्नेचर' उपलब्ध गराइएको र नगरपालिकाले 'डिजिटल सिग्नेचर' लाई अझै विकसित गर्दै क्रमशः पेपरलेस पद्धतिबाट सेवा प्रवाह गर्ने रणनीति अगाडि सारेको छ ।

## आन्तरिक आय : दायरा र क्षेत्र विस्तार

नगरपालिकाले गत आ.व. २०७६/०७७ मा कूल ४२१०५४८९ रूपियाँ आन्तरिक आम्दानी भएकोमा आ.व. २०७७/७८ मा आइपुग्दा ५२४००७६८ रूपियाँ आन्तरिक आय भएको छ । कोभिड १९ कारण स्थानीय आर्थिक क्रियाकलापमा शिथिलता आएकोले लक्ष्यभन्दा कम राजश्व उठेको भएता पनि गत आब २०७६/७७ को लक्ष्य भन्दा २०७७/ ०७८ मा राजस्व वृद्धि भएको देखिन्छ ।

गत आ.व. २०७६/०७७ र चालु आ.व. २०७७/०७८को आन्तरीक आय बुद्धि प्रतिशत




आन्तरिक राजश्व तर्फ सम्पत्ति, मालपोत, घर बहाल, व्यवसाय, प्राकृतिक स्रोतसाधन उपयोग कर का स्रोत रहेका छन भने सेवा शुल्कमा शुल्कतर्फ सेवा, सरसफाई, सम्पत्ति मूल्याङ्कन, अन्य प्रमाणित, सिफारिशं शुल्क दर्ता र नवीकरण, घरनक्सा, सिफारिस, नाता प्रमाणित शीर्षकहरू रहेका छन ।

दहत्तर बहत्तरके गत आ.व. र चालु आ.व.मा संकलीक रकमको बुद्धिको अवस्था




नगरको आन्तरिक आम्दानीको स्रोत न्युन भएकोले विकास बजेटको विनियोजमा चाप परेको छ । एकातिर स्थानीय सरकारहरूको आन्तरिक श्रोत न्यून रहेको र अर्कोतिर प्रशासनिक खर्च बढोत्तरी भई वितीय सन्तुलन कायम गर्न कठिन रहेको छ । स्थानीय तहमा हाल परिचालित श्रोत मुख्यगरी अनुदानमा आधारित रहेको छ र यसमध्ये आधा हिस्सा सशर्त अनुदानको रहेको छ । त्यसैले आन्तरिक स्रोत परिचालन गरी वित्तीय अन्तरनिर्भरता घटाउनेतर्फ नगरको कार्यसूची छ । आन्तरिक राजश्वको दायरा र क्षेत्र विस्तार गर्न नगर पालिकाले राजश्व सुधार कार्ययोजना निमार्ण गरी सोको सिफारिसका आधारमा नीति, ऐन, कानुन र संयन्त्र निमार्ण गरेको छ ।

## राजस्व सुधार: कार्ययोजना र कार्यान्वयन




नेपालको संविधान २०७२ ले स्थानीय तहलाई कर तथा गैरकर सम्बन्धी अधिकार दिएको छ । स्थानीय सरकार ऐन २०७४ को परिच्छेद ९ को दफा ५५ देखि ६८ सम्म स्थानीय तहले गर्न पाउने आर्थिक अधिकार एवं यसको कानुनी सीमासमेत निर्धारण गरेको छ । अन्तरसर कारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्थानीय तहले स्थानीय तहले लगाउन पाउने कर, संकलन गर्ने राजस्व, राजस्व बाँडफाँड तथा आर्थिक सहयोग सम्बन्धमा व्याख्या गरेको छ । यी संवैधानिक र कानुनी प्रावधान अनुसार स्थानीय तहको आन्तरिक राजस्व परिचालनका लागि राजस्व अधिकार सम्भावनाको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परि चालनका लागि नीतिगत, कानुनी तथा व्यवस्थापकीय सुधारका उपायहरू पहिचान गरी कार्यान्वयनमा ल्याउन प्रस्ताव गरिएको छ ।

त्यसैले वालिङ नगरपालिकाले राजस्व सुधार कार्ययोजना निर्माण गरी आगामी दिनमा आन्तरिक स्रोतको परिचालन गर्न सकिने खाका तयार गरेको छ । आन्तरिक आयको प्रक्षेपण गर्न राजस्व सुधार कार्ययोजनासहित जिम्मेवारी तथा नीतिगत र संस्थागत सुधारको मार्गदर्शन तयार गरिएको छ । वालिङ नगरपालिकाले राजस्व सुधार कार्ययोजना तर्जुमा गरी राजस्वका सुधारका क्षेत्रहरू पहिचान गरिएको छ । यसमा ह्रास कट्टीको व्यवस्थासहित सम्पत्ति कर संकलन कार्यविधि, जग्गाको मूल्य र क्षेत्रफलका आधारमा मालपोत कर निर्धारण, जग्गा बहाल कर संकलन कार्यविधि, व्यवसाय कर निर्धारण गर्दा व्यवसायको प्रकृतिका आधारमा भन्दा पुँजीगत लगानीका आधारमा अलग अलग दर निर्धारण, विज्ञापन कर निर्धारण, साना सवारी कर निर्धारणमा गर्नुपर्ने राजस्व क्षेत्रका सुधारका खाकाहरू प्रस्ताव गरिएका छन । यस कार्ययोजनाको नगरपालिकाले प्राथमिकताका आधारमा कार्यान्वयन गरिरहेको छ ।

## तथ्याङ्क प्रणालीको स्थापना

नगरको सम्पूर्ण तथ्याङ्कहरू डिजिटल प्रणालीमा राखिनुका साथै Document Management System विकास गरिएको छ । नगर भित्रका सडकहरूको डिजिटल प्रविधिबाट अभिलेखीकरण गर्ने कामको सुरूवात गरी करिब सबै वडाको रेकर्ड Update गर्ने काम सम्पन्न भैसकेको छ ।






नगरभित्रका अव्यवस्थित, सुकुम्बासी तथा भूमिहीन, गरिब, बेरोजगार नागरिकको तथ्याङ्क संकलन भइसकेको छ । यस्तै नगरको जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तिकरण सूचकाङ्क, सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति भवन, सडक, पसल, व्यवसायको विवरण सहितको तथ्याङ्क अभिलेख Update भई डिजिटल प्रोफाइल तयार गरिएको छ ।

**सेवामा स्वच्छता : पारदर्शिताको प्रतिबद्धता**






नगरपालिकाले सेवा प्रवाह सुधारका लागि अनलाईन कर / गैरकर भुक्तानी, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, वेभसाइटमा नियमित सूचना सम्प्रेषण तथा Mobile and Web apps लागू तथा सामाजिक सञ्जालको प्रयोगमा बढोत्तरी गरेको छ ।

कोभिड १९ को दैनिक तथ्य तथ्याङ्कको सार्वजनिक गरी जनताको सुसूचित अधिकारलाई सम्मान गर्नुका साथै नागरिकका सूचना, उजुरी तथा अन्य समस्याको सुनुवाईमा जोड दिइएको छ । कार्यालयमा उजुरी पेटीका, नागरिक वडापत्र, हेल्प डेस्कको व्यवस्था गरिएको छ भने टेलिभिजन र रेडियोमा जनतासँग मेयर कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

नगरले मासिक रूपमा खर्चको विवरण सार्वजिक गर्नुका साथै सूचनाको हकको कार्यान्वयनमा जोड दिएको छ । नगरको वेभसाइटमा Exit Pole को स्थापना गरी नागरिकहरूको गुनासो सुन्ने व्यवस्था मिलाइएको छ र गुनासोको सम्बोधन गरिएको छ ।

नगरपालिकाका १४ वटा वडाहरू नगरपालिका कार्यालय, वडा कार्यालयहरू र नगरका १७ वटा स्वास्थ्य संस्थाहरूमा फाईबर ईन्टरनेट विस्तार गरी सेवामा पारदर्शीता कायम गरिएको छ । वडा कार्यालयहरू, सरकारी कार्यालयहरू, स्वास्थ्य संघ संस्थाहरू, विद्यालयहरूमा फाईबर इन्टरनेट जडान गरेर पछिटो छरितो सेवा उपलब्ध गराउने कार्य भईरहेको छ । सेवाको क्षेत्र विस्तार र नागरिकको गुनासोलाई तत्काल सम्बोधन गर्ने विधि, प्रक्रिया, जनशक्तिमा निरन्तर सुधार गरिएके छ ।

## नगर शिक्षा : सुधार र उन्नयन





वालिङ नगरपालिकाले नगरको शैक्षिक केन्द्रहरूको सुधार र परिवर्तनका लागि नीतिगत सुधारका साथमा विद्यालयको शैक्षिक सुधारमा ध्यान दिँदै आएको छ । वि सं २०७७ माघ ९ गते नगरभित्रका सम्पूर्ण ७२ विद्यालय व्यवस्थापन समितिका अध्यक्षको चयन गरी नयाँ अभ्यास सुरू गरेको छ ।

शिक्षकको नेतृत्व र व्यवस्थापकीय कौशलता विकास गर्न बिट्रिस काउन्सिलको सहकार्यमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ । नगर को शिक्षालाई थप व्यवस्थित र गुणस्तरीय बनाउन निशुल्क पाठयपुस्तक, दलित तथा अपाङ्ग छात्रवृत्ति, माविमा पुस्तकालय, ICT, विज्ञान प्रयोगशाला, कम्प्युटरको व्यवस्था गरिएको छ । विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम लागू भएको छ । नगरका सबै सामुदायिक माध्यमिक विद्यालयमा कम्प्युटर र इन्टरनेटको पहुँच पुगेको छ ।

अनलाइन कक्षा संचालन सम्बन्धी शिक्षकका लागि तालिम



सबै बालबालिकाहरूलाई नि:शुल्क खाजाको व्यवस्था मिलाइएको छ भने ६ देखि १२ सम्मका छात्राका लागि स्यानिटरी प्याडको व्यवस्था गरिएको छ । नगरपालिकाको शैक्षिक अवस्थाको Mapping गरी तथ्याङ्कगत अवस्था समेटेर गरी शैक्षिक प्रोफाइल तयार भएको छ । यूवा प्रतिभा पहिचान कार्यक्रमहरू अन्तर्गत विचार लेखन प्रतियोगिता सञ्चालन गरी नगरपालिकाबाट छनोट भएका सहभागीलाई प्रदेशमा सहभागिताका लागि पठाइएको छ ।

स्वाध्ययन सामग्री वितरण



स्थानीय पाठ्यक्रम तथार गरी


अनलाइन कक्षा संचालनका लागि कम्प्युटर वितरण






पाठयपुस्तक कार्य प्रारम्भ भएको छ र वैकल्पिक सिकाइका सामग्री तयार गरी कार्यान्वयन गरिएको छ । विद्यालयहरूमा कम्प्यूटर, ल्यापटप, प्रिन्टरसहितका सामग्रीहरू प्रदान गरिएको छ भने सबै विद्यालयहरूमा ईन्टरनेटको पहुँच विस्तार गरिएको छ ।

कोभिड १९ को महामारीकाबीचमा शिक्षण सिकाई क्रियाकलापलाई निरन्तरता दिनका लागि अनलाईन कक्षा सञ्चालन गर्न १४४ शिक्षकहरूलाई तालिम दिईएको छ भने अनलाईन कक्षा सञ्चालन गर्न ७००० विद्यार्थीका लागि निशुल्क प्याके जसहितको सिम वितरण गरिएको छ ।

आधारभूत तह सञ्चालित विद्यालयका लागि कम्प्यूटर र ईन्टरनेटको ब्यवस्था गरिएको छ भने वैकल्पिक सिकाई सहजीकरणका लागि स्वाध्ययन सामग्रीको ब्यवस्था मिलाईनुकासाथै विषयगत शिक्षकहरूको समिति गठन गरिएको छ ।

## न्यायको पहुँचः विश्वास र वैधता

वालिङ नगरभित्र न्यायिक समितिको कार्यको पहुँच टोलस्तरसम्म पुगेको छ । न्यायिक



समितिको सचिवालयको स्थापना, न्याय सम्पादनका कार्यविधिहरूको प्रकाशन गरी न्यायिक कार्यलाई जनस्तरसम्म पुर्याइएको छ ।

सानातिना विवादको निरूपण स्थानीय



तहबाटै हुने मेलमिलाप प्रणाली बसिसकेको छ । न्यायिक समितिमा आएका ४५ वटा मुद्दाहरू मध्ये २७ वटा फछ्र्योट भएका छन् र १८ वटा मुद्दा छलफलको क्रममा रहेका छन् ।



नगरका १४ वटै वडामा वडास्तरीय मेलमिलाप केन्द्र स्थापना गरी न्यायिक समितिबाट १४ वटै वडाबाट ११६ जना मेलमिलापकर्ताहरूको सूचिकृत गरिएको छ । मेलमिलापकर्ताहरूको वडाहरूको मेलमिलाप केन्द्रमा वडा संयोजक तोकी जिम्मेवारी दिईएको छ । वडा संयोजकको जिम्मेवारी ६-६ महिनामा परिवर्तन गर्ने गरिएको छ । यसरी नगरले न्यायको पहुँचलनाई टोलबस्तीसम्म विस्तार गरी शासकीय वैधता र स्वामित्वलाई जनस्तरमा स्थापित गरिएको छ ।








## सडक सञ्जाल : पहुँच र विस्तार





नगरको २०७५ को तथ्याङ्क अनुसार वालिङ नगरपालिकाभित्र २१ प्रतिशत परिवारको घरसम्म सडक सञ्जाल पुगेको थिएन । तर हाल सबै घरपरिवार तथा टोलहरू सडक पहुँचमा जोडिएका छन । नगरको करिब ४५ प्रतिशत परिवारको घर अगाडिका सडक कच्ची अवस्थामा रहेको अवस्था छ र करीब ९०० किमी सडक नगरक्षेत्रभित्र रहेको छ । यस तथ्याङ्क हेर्दा सडक क्षेत्रमा व्यापक लगानी र स्रोतको खाँचो रहेको छ । नगरले यस समयमा सीमित स्रोतबाट पनि सडक सञ्जाल बाहिर रहेका सवै घरलाई सडक सञ्जालभित्र ल्याउने, नागरिकको सुरक्षित आवत जावतको अधिकारको सुनिश्चितता गराउने, सडक पहुँच स्थापित गर्ने, सडक फराकिलो तथा स्तरोन्नतिका कार्य गर्ने, नगरका रणनैतिक र गौरवका सडकहरूमा लगानी गर्ने जस्ता कार्यहरूमा केन्द्रित गरेको छ ।









यस नगरले यस समयाविधिभित्र १४ वटै सबै टोलमा ग्रामीण सडक मार्गको पहुँच विस्तार गरेको छ । सबै गाउँ र टोल पुग्ने गरी नयाँ ट्रयाक १०४ किमी खोलिएको छ । जोखिम र आवत जावत कठिनाई भएका सडकहरूमा सडक ग्राभेल १४ किमी गरिएको छ । नगर क्षेत्रभित्र संघीय, प्रादेशिक तथा स्थानीय तहहरूको समन्वय र सहकार्यमा करीब ११४ किमी सडक कालोपत्रे भएको अवस्था छ । नगरको अधिकांश लगानी सडक विस्तार तथा स्तरोन्ततिमा गएको छ । यस समयावधिमा नगरक्षेत्रमा करीब १२२ किमी सडक स्तरोन्ति भएको छ । सहरी र ग्रामीण सडक मर्मत ९५ किमी भएको अवस्था छ । वर्षेनी बाढी पैरोका कारण बाटो सरसफाइमा व्यापक लगानी गर्नुपरेको छ । साथै नगरपालिकाको ग्रामीण क्षेत्रमा गोरेटो ८ किमी भएको छ । नगरक्षेत्रमा ससाना पुल ९ वटा र कल्भर्ट निर्माण २४ वटा सम्पन्न भएका छन ।

बृहत नगर योजनाको परिधिमा रही नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सडकहरूलाई वडास्तरीय र नगर स्तरीय सडक सञ्जालमा वर्गीकरण गरी कार्यान्वयन गर्दै आएको छ । सडक सञ्जाल विस्तारमा नागरिकका मागका साथै उक्त सडकहरूको वर्गीकरणमा जनसंख्या, भूबनोट, आवश्यकता, स्थानीय उत्पादन, रोजगारी आदिलाई मापदण्ड बनाइएको छ । नगरमा एकातिर बस्ती टोलसम्म सडकको पहुँच विस्तार गर्नुपर्ने र अर्कोतिर नगरका रणनैतिक सडकहरूको विस्तार गर्नुपर्ने अवस्था छ ।

नगरक्षेत्रभित्र अधिकांश ग्रामीण स्थान रहेकोले धेरैजसो सडक ग्राभेल र स्तरोन्ति

गरी १२ महिना सञ्चालनमा ल्याउनुपर्ने चुनौती छ । नागरिकबाट अत्याधिक माग भई आएका योजनाहरू पनि यही क्षेत्रका रहेकाले नगरलाई यही क्षेत्रमा लगानी गर्नुपर्ने चाप छ ।



यस नगरका ग्रामीण सडकहरूको १२ महिना सञ्चालनमा ल्याउनका लागि करीब नगरभित्र करीब ९०० किमी सडकहरूको स्तरोन्नति, विस्तार कार्य, पहुँच स्थापित गर्न जरूरी छ । संघ स्थानीय तहमा गाउँ गाउँ पुग्ने र नगरका वडाको केन्द्र जोड्ने सडकहरूलाई पहिलो प्राथमिकतामा राखिएको छ ।



आधिखोला बहुउद्देश्यीय परियोजना (कोरिडोर निर्माण)

स्थानीय रूपमा रणनैतिक प्रकृतिका मानिएका आँधीखोला करिडोर निर्माण, स्थानीय उद्योग ग्राम स्थापना, मोटेरेवल पुल निर्माण, सिद्दार्थ राजमार्गको विस्तार मा मुख्य प्राथमिकता दिई कार्यान्वयन गरिएको छ । नदी नियन्त्रण अन्तर्गत आँधीखोलाको तटवन्धनलाई विस्तार गरी स्थानीय गौरवको कार्यक्रममा रूपान्तरण गरी कार्यान्वयन गरिएको छ ।



यस नगर Basic City कैं निर्माण क्रममा रहेकोले सडक पूर्वाधार अन्तर्गत पर्याप्त सुधारको खाँचो छ र त्यही दिशामा नगरले प्राथमिकता दिएको छ । जोखिमयुक्त क्षेत्र र स्थानमा पुल, कल्भर्ट, नाला निमार्ण गरिएको छ भने सडक विस्तार मा नगरले पहिलो प्राथमिकता दिएको छ ।



नगरले सबै बासिन्दालाई सडक सञ्जालमा समेटेने नीति अख्तियार गरेको छ । नगर भित्रका सबै नागरिकहरूको आवतजावत तथा स्थानीय उत्पादनमा सहजता ल्याउनका लागि चक्रपथको अवधारणामा अध्ययन कार्य सम्पन्न भएको छ । स्थानिय उत्पादन बजारसम्म ल्याउने सडकलाई मुख्यरूपमा कार्यान्वयन गरिएको छ ।

जनताको आगमनमा सहजता र सुगमता ल्याउनु नै सडक सञ्जाल विस्तार

को उदेश्य रहेको छ । नगरको विकासको पहिलो प्राथमिकता सडक पहुँच भएकोले यस क्षेत्रमा नगरले गुणस्तर, मर्मत सम्भार तथा सुधारका क्षेत्रमा प्रयाप्त ध्यान दिएको छ । तर ग्रामीण क्षेत्रमा १२ महिनै सवारी साधन गुड्नका लागि पर्याप्त लगानी र गुणस्तरको आवश्यकता रहेको महसुश नगरले गरेको छ । तर सीमित स्रोतका कारण अत्याधिक मात्रामा भएको सडक निर्माण कार्यको छनोट र निर्माणलाई वस्तुनिष्ठ बनाई कार्यान्वयन गरिएको छ ।











## पूर्वाधार विकासः समस्याको निकास



भौतिक पूर्वाधार कार्यक्रमको खानेपानी अन्तर्गत विभिन्न टोलहरूमा ४७ वटा खानेपानीका ट्याङ्की निर्माण भएका छन । नगरवासी सबैलाई खाने पानीको पहुँच स्थापित गर्न पुराना खानेपानी योजनाहरूमा मर्मत समेत गरिएको छ । जस अन्तर्गत २५ वटा मर्मत खानेपानी योजनाहरू रहेका छन । नगरमा लिफ्टिङ खानेपानी ५ वटा सम्पन्न भएका छन भने धारा निर्माण कार्यहरू १९९ संख्यामा भई खानेपानीको क्षेत्रमा उल्लेख्य कार्यान्वयन भएका छन ।

सिँचाइको क्षेत्रमा नयाँ कुलो निर्माण ६४४६ मि, कच्ची नाली निर्माण ५३०० मि,

बाँध निर्माण ९ स्थानमा रहेको छ । आँधीखोला नदी नियन्त्रण कार्यक्रम लागू भई दुवैतर्फ जाली भर्ने कार्य भएका छन । खेतीयोग्य जमिनलाई संरक्षण गर्दै नदी कटान कार्यलाई नियन्त्रण गर्न खोजिएको छ । यसका अतिरिक्त यस समयमा नगरक्षेत्रभित्र भवन निर्माण (सामुदायिक भवन, विद्यालय, स्वास्थ्य केन्द्र) ७२ वटा, ५ वटा टोलमा सडक बत्ती, खेलकुद मैदान १ वटा निर्माण भई कार्यान्वयन भएका छन ।



सूचना प्रविधिका पूर्वाधार अन्तर्गत नगरका १४ वटै वडा कार्यालयमा इन्टरनेट पहुँच पुगेको छ । यस कार्यले सेवा प्रवाहमा सुधार तथा सेवामा नागरिकहरूको पहुँच स्थापित भएको छ । नगरका सबै स्वास्थ्य केन्द्रमा इन्टरनेट सुविधा पुगेको छ भने सबै स्कुललाई प्रविधिमैत्री बनाइएको छ । इन्टरनेट, कम्प्युटर तथा विद्दयार्थीलाई मोबाइल सिम समेत वितरण गरी विद्यालयलाई प्रविधिमैत्री बनाइएको छ । स्वास्थ से वाका पूर्वाधारमा सबै वडामा सहरी स्वास्थ्यकेन्द्र निर्माण गर्ने कार्यलाई तीब्रता दिइएको छ । केही स्वास्थ्य के न्द्रका भवन सम्पन्न भएका छन भने के ही प्रकियामा रहेका छन । नगरको १५ शैयाको अस्पताल निर्माणाधीन रहेको छ । यिनले नगरको विकास कार्यको आधार विन्दु तय भएका छन ।



स्वास्थ्य केन्द्रका भवन सम्पन्न भएका छन भने केही प्रकियामा रहेका छन । नगरको १५ शैयाको अस्पताल निर्माणाधीन रहेको छ । यिनले नगरको विकास कार्यको आधारविन्दु तय भएका छन ।



स्वास्थ क्षेत्रमा शहरी स्वास्थ्य केन्द्रको भवनहरू निर्माण गरी सेवाको विस्तार समेत भएका छन । स्वास्थ्य सेवा जनताको सहज टोलटोलमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने यी भौतिक संरचनाहरूको निर्माण उल्लेख्य रहेका छन ।

## आधारभूत स्वास्थ्य सेवा: सबै वडामा विस्तार

वालिङ नगरपालिकाले नगरका १४ वटै वडामा आधारभूत स्वास्थ्य सेवा विस्तार गरेको छ । नगरको स्वास्थ पूर्वाधारभित्र नीति, कानुन, कार्यक्रम, संस्था, जनशक्तिलाई समेटिएका छन । त्यसैले यस नगरभित्र सरकारी अस्पताल १, स्वास्थ्य चौकी ९, सहरी स्वास्थ्य केन्द्र ७, गाउँघर क्लिनिक ३५ आयुर्वेद केन्द्र १ सञ्चालनमा रहेका छन। बजारमा रहेको गह्रौ प्राथमिक अस्पतालको स्तरोन्नतिको कार्य भइरहेको छ । स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका नागरीकलाई लक्षित गरि आधारभुत स्वास्थ्य सेवा पुर्याउने उदेश्यले स्वास्थ्य संस्था नभएका वडाहरुमा ८ वटा शहरी स्वास्थ्य केन्द्र स्थापना भएका छन भने बाँकी प्रकियामा रहेका छन ।







त्यही अस्पतामै अन्य सेवाका साथमा कोभिड-१९ का विरामीलाई उपचारको लागि आईसोलेन कक्ष र HDU कक्ष निर्माण गरेर संक्रमितको समेत उपचार भइरहेको छ । स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले सेवाग्राहीको पहुँचका लागि नगरपालिकाको स्वास्थ्य संस्था नभएका वार्डहरूमा शहरी स्वास्थ्य केन्द्र स्थापना गरिएको छ । हालैमात्र वडा १४ को डुम्रे भञ्याङमा शहरी स्वास्थ्य केन्द्र बिस्तार भएको छ । साथै पन्ध्र शैयाको नगर अस्पताल सम्झौता भई निर्माणाधीन रहेको छ ।



नगरबासीलाई आधारभूत स्वास्थ्यको पहुँच गाउँ गाउँमा नै पुऱ्याउने उद्देश्यले केन्द्रीय सरकार र नगरपालिकाको साझेदारीमा भवनसहित स्वास्थ्यकर्मीको ब्यवस्था गरिएको छ । नगरपालिकाका केही वडाहरूमा स्वास्थ्य सेवा रहेपनि वडाहरूमा भवनसहित स्वास्थ्यकर्मीको ब्यवस्थापन गरी आधारभूत स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

स्वास्थ्य सेवालाई सूचना प्रविधिसँग जोड्दै नवीनतम तरिकाबाट सेवाहरू प्रदान

गर्ने गरिएको छ । हाल वालिङका स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रहरूमार्फत आधारभूत स्वास्थ्य सेवाहरू अन्तर्गत विरामी जाँच सेवा, पोषण, सुरक्षित मातृत्व, परिवार नियोजन, खोप सेवा, सर्ने



नसर्ने रोगसम्बन्धी सचेतना सेवा, विद्यालय स्वास्थ्य सेवा लगायतका सेवाहरू प्रदान भएका छन ।

यस स्वास्थ्य क्षेत्रलाई व्यवस्थापन गर्नका लागि नगरपालिकाले एकीकृत स्वास्थ ऐन ल्याएको छ । स्वास्थ्य सेवालाई घरदैलोमा पुर्याउनकै निम्ति नगरका सम्पुर्ण वार्ड तथा नगरलाई पुर्णखोप घोषित गर्नुका साथै सेवा केन्द्रबाट खोप सेवा उपलब्ध गराइएको छ। साथै यस स्वास्थ्य क्षेत्रमा वालरोगको एकिकृत ब्यवस्थापन कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, परिवार नियोजन, सरूवा रोग नियन्त्रण ,जेष्ठ नागरीक स्वास्थ्य सम्बन्धी सेवा प्रदान गरिएको छ ।

वडाकै टोल टोलमा गएर महिलाहरूको पाठ्यघरको मुखको क्यान्सरको स्क्रिनिङ पश्चात समस्या देखिएका विरामीहरूलाई क्रायो थेरापिद्वार उपचार गर्ने कामको शुरूवात गरिएको छ । सबै स्वास्थ्य संस्थाबाट निशुल्क मृगौला परिक्षण हुने गरेको छ र टोल टोलमै पुगेर नगरवासीको मृगौला परीक्षण गर्ने कार्य विस्तार भइरहेको छ । गह्रौ प्राथमिक अस्पतालमा अप्रेसन द्वारा बच्चा जन्माउने सेवा संचालनमा ल्याइनुका साथै माझकोट स्वास्थ्य चौकीलाई वर्थिङ सेन्टरको रूपमा बिकास गरिएको छ । समय समयमै गाउँ टोलमा घुम्ती स्वास्थ्य शिविर संचालनमा ल्याइ स्वास्थ्य सेवालाई नगरवासीको पहुँच विस्तारमा जोड दिएइको छ । अति विपन्न परिवारका लागि स्वास्थ्य विमा कार्यक्रम गरिएको छ । स्थानीय जनस्वास्थ्य ऐन तथा नियमावलि तयार भएको छ । गह्रौ घ्याङलिङ प्रा.स्वा.केन्द्रको स्तरोन्नति गरि १५ सैयाको गह्रौ प्राथमिक अस्पताल बनाउने कार्य वहुवर्षीय योजनाका रूपमा रहेको छ ।

**होमस्टेको साखः स्थानीय स्वाद**

स्याङ्जाको वालिङ नगरपालिकाले नगरभित्रका होमस्टेका स्थानीय उत्पादनलाई प्रर्बद्धन गरी कुखुराका चल्ला तथा त्यस स्थानमा उत्पादन हुने तरकारीका बीउ बिजन समेत वितरण गरिएको छ । नगरपालिकाले 'होमस्टे कुखुरापालन समूह' गठन गरी सोही समूहलाई 'कुखुरा विकास कार्यक्रम' अन्तर्गत प्रति समूह छ सय वटा चल्ला वितरण गरिएको हो । स्थानीय समुदायको आयआर्जमा बढोत्तरी गर्न तथा होमस्टेहरूमा आउनुहुने पाहुनाहरूलाई स्थानीय तथा अर्गानिक स्वाद दिनका लागि स्थानीय जातका कुखुरापालनमा जोड दिने उद्देश्यले होमस्टेहरूलाई निशुल्क कुखुराका चल्ला वितरण गरिएको हो ।

साथै अर्गानिक तरकारी उत्पादनका लागि समेत बीउ बिजनसमेत बितरण गरिएको छ । त्यसै ले नगरभित्र रहेका होमस्टेको प्रबर्द्धनका लागि स्थानीय उत्पादन र रैथाने प्रजातिलाई संरक्षण र विकास गर्न खोजिएको छ । यस कार्यबाट स्थानीयले ब्यवसायिक लाभ लिन र होमस्टेको आर्थिक स्तरोन्नतितर्फ अग्रसर हुँदै जानका लागि यस अभियानले महत्वपूर्ण भूमिका खेल्ने विश्वास नगरको छ । नगरभित्र रहेका ११ वटा होमस्टे हरूलाई प्रवर्द्धन र विकासका लागि नगरले कार्ययोजना वनाएको छ । स्थानीय संस्कृति र उत्पादनले पाहुनालाई स्वागत गर्ने कार्यशैली अपनाएको छ भने मौलिक र फरक अनुभूति दिने वातावरण  उक्त होमस्टेहरूमा सृजना गरिएको छ ।



## जोखिमबाट स्थान्तरण: जग्गाधनी पूर्जा हस्तान्तरण



मनसुनजन्य विपदका कारण प्रभावित हुने नगरका घरपरिवार ६ वटा घर परिवारलाई जग्गाधनी प्रमाण पूर्जा हस्तान्तरण गरिएको छ भने बाँकी २१ जनाको प्रक्रियामा रहेको छ । गतवर्ष वर्षासँगै बस्तीमा धाँजा फाटेकाले सुरक्षित ठाउँमा बस्ती स्थानान्तरणका लागि स्याङ्जाको वालिङ नगरपालिका ८ दमैडाँडाका छ घर परिवारलाई घर निर्माणका लागि जग्गा हस्तान्तरण गरिएको हो ।

पहिलेदेखि बस्दै आएको घर बस्तीमा गतवर्षको वर्षायाममा जमिन भास्सिने, चिरिएकाले प्राविधिकको राय सुझाव अनुसार उहाँहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने भएकाले जग्गाको खोजी गरेसँगै जग्गा प्राप्ति भएको छ । जग्गा प्राप्तिसँगै सो परिवारले आवास निर्माणको प्रक्रिया थाल्ने र सुरक्षित ठाउँमा बस्ती स्थानान्तरण हुनेछ ।



जग्गा प्राप्तिदेखि आवास निर्माणका लागि केन्द्र, प्रदेश र वालिङ नगरपालिकाको संयुक्त लागत साझेदारी रहने कार्यक्रम छ । आरब २०७७/ ०७८ मा सम्ममा मनसुनजन्य विपदका कारण प्रभावित हुने घरपरिवार नगरपालिकाभित्र २०० भन्दा बढी रहेका छन् । छ घर परिवारलाई प्रतिघर करीब ५ आनाका दरले जग्गाधनी प्रमाण पूर्जा हस्तान्तरण गरिएको छ ।

## आवासको हक स्थापित : खरका छाना विस्थापित

नगरपालिकाले हालसम्म सबै वडामा गरी २५६ खरका छाना विस्थापित गरी जस्तापाताको व्यवस्था गरी सुरक्षित आवासको नीति लागू गरेको छ । सुरक्षित नागरिक आवास कार्यक्रममार्फत खरका छाना विस्थापित गरी नागरिकको घरमा जस्तापाता लगाईएको हो । आर्थिक वर्ष २०७६/०७७ देखि कार्यान्वयनमा आएको यो अभियान अन्तर्गत हालसम्म नगर भित्रका २५६ घरमा खरका छाना हटाएर जस्तापाता लगाईएको छ । आगलागिको संभावना तथा छाना छाउने दक्ष कामदारको अभावका कारण नगरपालिका तथा सुरक्षित नागरिक आवास कार्यक्रममार्फत नागरिकको आवासमा जस्तापाता लगाई सुरक्षित गरिएको छ । नगरपालिकामा आवेदन दिएकामध्ये यस कार्यक्रमका लागि २५४ मध्ये २४० घरधुरीले मात्रै सम्झौता गरेर आवास निर्माण कार्य थालेको छन । यस कार्यक्रम अन्तर्गत नागरिकलाई सम्झौता बमोजिम दुई किस्तामा गरेर लाभग्राहीलाई ५० हजार उपलब्ध गराउने नीति रहेको छ ।




सुरक्षित नागरिक आवासका लागि सम्झौता भएका २४० घरमध्ये हालसम्म १७६ घरले दोस्रो किस्ता निर्माण सकेपछि लगेका छन् । बाँकी कार्य प्रक्रियामा रहेका छन । नागरिकको आवास सम्बन्धी अधिकारलाई सुरक्षित गर्न नगरले जस्तापाता समेत उपलब्ध गराएको छ । नगरपालिकाबाट हालसम्म २५० घर संख्याले जस्तापाता समेत लगेका छन् भने सुरक्षित नागरिक आवास कार्यक्रममार्फत १०६ घरलाई रू. ५० हजार रकम भुक्तान भइसकेको छ । नगरपालिकामा प्राप्त आवेदनमध्ये करीब १५० घरहरू निर्माण हुन बाँकी रहेका छन् । नगरपालिकाले आर्थिक वर्ष २०७६ /०७७ बाट शुरूआत गरेको आवास अधिकारको सुनिश्चतता कार्यक्रममा वि.सं. २०७७ बाट सुरक्षित नागरिक आवास कार्यक्रममार्फत सहयोग प्राप्त भएको थियो भने नगरले आफ्नै आयबाट यस कार्यक्रम सञ्चालन गर्दै आएको थियो ।

## नेपालकै सर्वोत्कृष्ट नगरपालिका : पुरस्कृत र सम्मानित



वि. सं. २०७७ मा स्याङ्जाको वालिङ नगर पालिका देशकै सर्वोत्कृष्ट नगरपालिका भई नगरपालिका संघबाट पुरस्कृत तथा सम्मानित भएको थियो । शहरी योजना, वातावरण, विपद् जोखिम व्यवस्थापन र उत्थानशीलताको क्षेत्रमा वालिङ नगरपालिका देशकै सर्वोत्कृष्ट नगर घोषित भएको हो । नेपाल नगरपालिका सङ्घको २८ औँ वार्षिकोत्सवका अवसरमा बुधबार काठमाडौँमा आयोजित एक समारोहमा प्रधानमन्त्री केपी शर्मा ओलीले वालिङ नगरपालिकाका प्रमुख दिलीपप्रताप खाँणलाई सर्वोत्कृष्ट नगरपालिकाको पुरस्कार प्रदान गर्नुभएको थियो ।

नगरपालिकाले नगरका नागरिकलाई विपद्जन्य जोखिमका कारण हुनसक्ने सम्भावित घटनालाई मध्यनजर गर्दै नागरिकको सुरक्षाका लागि निरन्तर कार्य गर्दै आइरहेको छ । वर्षायाममा जोखिम सम्भावित बस्तीका नागरिकलाई स्थानान्तरण कार्यको सुरूवात भएको छ । विपदका कारण विस्थापित परिवारका लागि स्थानीय तहमै व्यवस्थापनका समिति गठन गरी सो परिवारलाई स्थानान्तरण गरिएको छ । विपदको क्षेत्रमा भूउपयोग नीति तथा उत्थानशील सहरको अवधारणा अनुरूप नीति तथा कार्यक्रम लागू गरिएको छ । सो अनुसारका संयन्त्र र समिति गठन गरी कार्यक्रमहरूको स्थानीयकरण गरिएको छ । विपद पोर्टलको लागू गरी विपदजन्य सूचनाको जानकारी सरोकारवाला सबैलाई दिने कार्य भइरहेको छ ।

यसअघि वालिङ नगरपालिका नेपाल नगरपालिका सङ्घको २३ औँ स्थापना दिवसका अवसरमा देशभरका २१७ नगरपालिकामध्ये सर्वोत्कृष्ट घोषित भई रू एक लाखको पुरस्कार प्राप्त गरेको थियो । नगरपालिकाले उत्कृष्ट सेवा प्रवाह, शहरी योजना, सुशासन, फोहोरमैला व्यवस्थापन लगायतका विषयवस्तुलाई मूल्याङ्कन गर्दै वालिङ सर्वोत्कृष्ट बन्न सफल भएको थियो । साथै सङ्घीय तथा स्थानीय विकास मन्त्रालयले २०७४ सालमा देशभरका पालिकामध्ये सर्वोत्कृष्ट सफा नगरको रूपमा वालिङलाई पुरस्कृत गरेको थियो ।

नेपाल नगरपालिका सङ्घले विभिन्न तीन विधामा देशभरका नगरपालिकामध्येबाट स्याङ्जाको वालिङ नगरपालिका, रूपन्देहीको तिलोत्तमा नगरपालिका र झापाको कन्काई नगरपालिका सर्वोत्कृष्ट घोषणा गरेको हो । वालिङ नगरपालिका शहरी योजना, वातावरण, विपद् जोखिम व्यवस्थापन र उत्थानशीलतामा देशकै सर्वोत्कृष्ट नगर घोषित भएको हो भने रूपन्देहीको तिलोत्तमा नगरपालिका शहरी सुशासन तथा सेवा प्रवाहमा र झापाको कन्काई नगरपालिका आर्थिक प्रशासन तथा राजस्व शीर्षकमा सर्वोत्कृष्ट भई पुरस्कृत भएको हो ।

## प्रदेशकै उत्कृष्ट नगरपालिका : पुरस्कृत  र सम्मानित

नगरपालिका संघले विस २०७४ मा  वालिङ नगरपालिकालाई गण्डकी प्रदेशकै उत्कृष्ट नगरपालिकाका रूपमा नेपाल छनोट गरी पुस्कृत गरेको थियो । संघको रजत जयन्तीको अवसर पारेर तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडाले यस नगरपालिकालाई उत्कृष्ट घोषणासहित सम्मान गरेका थिए । गण्डकी प्रदेश अन्तर्गतका २७ वटा नगरपालिकामध्ये वालिङ उत्कृष्ट घोषित भएको थियो र गण्डकी प्रदेशमा एक पोखरा महानगरपालिकासहित २६ नगरपालिका रहेका छन् ।




प्रदेशकै उत्कृष्टको सूचीमा छनोट हुनुमा नगरपालिकाले संघले नगरको गुरूयोजना, योजना शैली तथा कार्यान्वयन, आर्थिक आयस्रोत, विकास कार्य, प्रभावकारी सेवा प्रदान आदिलाई सूचक बनाई मूल्यांकन गरेको देखिन्छ । साथै वालिङ नगरभित्रका १४ वटा वडामा सूचना प्रविधिमार्फत सेवा प्रवाह, फोहोरमैला उचित व्यवस्थापन, नागरिक सेवा र प्रविधिमा आधुनिकीकरण, समावेशी कार्यक्रमलगायत प्रगतिका आधारका मूल्यांकन गरेको थियो । नगरपालिका संघले तोकेका मापदण्डमा उत्कृष्ट अङक  प्राप्त भएपछि वालिङ नगरपालिका गण्डकी प्रदेशमा उत्कृष्ट नगरपालिका  भई सम्मानित तथा पुरस्कृत भएको थियो ।

## कोभिड १९ : व्यवस्थापन र नियन्त्रण

विश्वब्यापी महामारीकोरूपमा फैलिरहेको कोभिड १९ को  प्रभाव र असरलाई न्यूनीकरणका लागि नगरपालिकाले विपदको प्रकृति अनुसार रणनीति तय गरेको छ । विपदमा राष्ट्रिय निर्देशनको परिपालना गर्दै र स्थानीय संक्रमणको प्रभावको आंकलन गर्दै नगरले नीति, योजना, संयन्त्र तथा स्रोत एवै संसाधनको परिचालन गरेको छ । कोभिडको पहिलो लहरमा आइसोलेसन केन्द्र स्थापना, नागरिकको आवत जावत, सुरक्षा तथा उपचारको प्रवन्ध मिलाइएको थियो भने दोस्रो लहरको समयमा Crisis Management Center को निर्णय बमोजिम जनस्वास्थ्य विपद अवस्थाको घोषणा गरी  नागरिकहरूको सुरक्षा गरिएको थियो ।

नगरपालिकाले गह्रौ प्राथमिक अस्पतालमा आइसोलेसन केन्द्र बनाउनेदेखि दैनिक लक्षण देखिएका विरामी तथा कन्ट्याक्ट ट्रेसिङमा परेका ब्यक्तिहरूको घर घरमै पुगेर एन्टिजिन विधिमार्फत स्वाबको नमूना लिएर नागरिकहरूको उपचार गर्दै आईएको थियो ।

अस्पतालमा गरिएको नमूना परीक्षणमा संक्रमण पुष्टि भएपछि आवश्यक औषधिहरू





दिएर होम आईसोलेसनमा बस्न आग्रह गर्ने, अप्ठ्यारो भएमा वा कुनै समस्या देखिएमा तत्काल सम्पर्क गर्नकालागि नम्बरहरू दिएर पठाउने गरिएको थियो । विरामीको प्रत्यक्ष निगरानी गर्ने पद्धतिको विकास गरिएको थियो । गाउँ टोलमै पुगेर कोभिडका बिरामीहरूको पहिचान गर्ने कार्यमा स्वास्थ्यकर्मीहरू खटाइएको थियो ।





नागरिकको उपचारका लागि गह्रौ प्राथमिक स्वास्थ्य केन्द्रमा RRT र समुदायस्तर मा रहेको CRRT परीक्षण गरी संक्रमण रोकथाम र नियन्त्रणका लागि प्रयास गरिएको छ । नगरपालिकाबाट निरन्तर रूपमा टोल बस्तीमा गई संक्रमण रोकथाम र नियन्त्रणका लागि सचेतीकरण गर्नुका साथै १७ वटा स्वास्थ संस्था ९९ जना महिला स्वयम सेविकालाई निगरानी र सचेतनाको कार्यमा प्रयोग गरिएको छ । कोभिड १९ को दोस्रो लहरको दरलाई कमी गर्न गह्रौ प्राथमिक अस्पतालमा अक्सिजन र Patient Monitor सहितको ५० शैया क्षमताको आइसोलेसन कक्ष निर्माण गरी संक्रमण पश्चात स्वास्थमा समस्या भएमा Mild र

Moderate बिरामीहरूको उपचार गरिएको अवस्था थियो ।

कोभिड १९ को संक्रमण देखिएका व्यक्तिहरूबाट अन्य व्यक्तिहरूमा असर न्युनीकरण गर्नका लागि नगरपालिकामा २ वटा स्वास्थ्यकर्मीहरूको CICT टोली गठन गरी १४ वटै वडामा परिचालन गरिएको अवस्था थियो । वडा तथा टोल विकास समितिहरू समेत यस कार्यमा सक्रिय थिए ।





संक्रमणको बेला Home Isolation मा  रहेका व्यक्तिहरूलाई घरमै गई स्वास्थ्य परीक्षण गरी थप समस्या देखिएमा अस्पताल समेत पुर्‍याउने गरिएको थियो । कोभिडको पहिलो लहरको समयमा नगरले निर्माण गरेको क्वारेन्टिनमा १५०० बढी ब्यक्तिहरूले सेवा लिएका देखिन्छन भने  छ दोस्रो समयमा करीब ७००० जनाको पिसीआर परीक्षण गरिएको छ ।





केही नागरिकहरूले उपचार हुँदा हुँदै पनि ज्यान गुमाउनु परेको पीडादायी तथ्याङ्क नगरसँग रहेको छ । नेपाल सरकारले कोभिड विरूद्धको भ्याक्सिन खरिद गर्न ढिलाई गरेको बखत वालिङ नगरपालिकाले आफ्ना नागरिकलाई बचाउनका लागि भ्याक्सिन खरिदका लागि सहमति माग गरेको थियो । तर नेपाल सरकारबाट स्वीकृति प्राप्त भएको थिएन ।





## कोरोनाको कहर: सहयोगी मन र सहृदयता

कोभिड १९ र विपदको कठिन परिस्थितिलाई सामना गर्न नगरको प्रयासलाई हौसला दिँदै विभिन्न ब्यक्ति तथा संघ संस्थाले वालिङ नगरपालिकालाई नगद, वस्तु तथा सामग्री हस्तान्तरण गरेका छन ।





विश्वब्यापी महामारीकोरूपमा फैलिएको नयाँ भेरियन्टसहितको कोभिड १९ को संक्रमण वालिङ नगरपालिकाभित्र पनि तीब्र गतिमा फैलिएसँगै रोकथाम तथा नियन्त्रणका लागि नगरपालिकाले सहयोगका लागि आब्हान गरे बमोजिम स्वास्थ्यसम्बन्धी सामग्रीहरू प्राप्त भएको हो । यस सहयोगभित्र अक्सिजन कन्सन्ट्रेटरसहित नगद तथा स्वास्थ्य सामग्रीहरू रहेका छन् । नगरको विपद व्यवस्थापनको महाअभियानमा मनमा मन मिसाउनुहुने सहयोगीहरूको नामावली यसैको अनुसूचीमा संलग्न रहेको छ ।

कोभिडको सन्दर्भमा नगरपालिकाले गहौ प्राथमिक अस्पताल वालिङमा स्थापना गरेको आईसोलेसन सेन्टरमा प्रयोग गर्नका लागि देश तथा विदेशमा रहेका विभिन्न संघ संस्था तथा ब्यक्तिहरूले विभिन्न सहयोग स्वरूप उपलब्ध गराउनुभएको थियो ।





यस आइसोलेसन केन्द्रमा कोभिडका बिरामीलाई निशुल्क उपचार, भोजन र ओषधी उपलब्ध गराइएको छ । दैनिक रूपमा पोखराबाट अक्सिजन सिलिण्डरको व्यवस्थापन गरी सघन उपचार कार्य गरिएको छ भने बिरामीको बेड संख्या बिस्तार गरी ५० पुर्‍याइएको छ ।



नगरपालिकाले सहयोगी मनबाट प्राप्त नगद तथा स्वास्थ्य सामग्रीहरूको अभिलेख राखी सर्वसाधरणमा दैनिक रूपमा जानकारी दिने प्रणालीको विकास गरिएको छ । प्राप्त सहयोगको प्रयोगलाई पारदर्शी र लक्ष्यित समूहलाई खर्च गर्ने नीति एवै संयन्त्र बनाइएको छ । नागरिकको सबैको सूचना र जानकारी दिनका नगरपालिकाको फेसबुकक पेज र वेभसाडटमा नियमित रूपमा सार्वजनिक गरिएको छ ।

त्यस्तैगरी दाताहरूबाट प्राप्त भएका स्वास्थ्य सामग्रीहरूमध्ये अभिलेख नगरमा रहेको छ भने नगदको व्यवस्थापनका लागि कोष निर्माण गरिएको छ । विपद्मा खर्च र भुक्तानी गर्ने प्रणालीलाई व्यवस्थित गर्ने कार्यवधि निर्माण गरी सो अनुसार गरिएको छ । नगरको वेभसाइटमा समेत खर्च र भुकतानी विवरण नियमित रूपमा प्रकाशन गर्ने व्यवस्था मिलाइएको छ । नगरपालिका नागरिकको सहयोग र सहृदयतामा सार्वजनिक जवाफदेहिता पूरा गर्न प्रतिबद्ध रहेको छ ।

## संक्रमितलाई मनोसामाजिक परामर्श

नगरपालिकाले कोभिड १९ का कारण संक्रमित भएका व्यक्तिहरू होम आईसोलेसनमा बसेको समयमा तनाव ब्यवस्थापनका लागि मनोसामाजिक परामर्श दिएको छ । दैनिक रूपमा नगरभित्र संक्रमित भएका व्यक्तिहरूको सूची बनाई उनीहरूलाई टेलिफोनबाट परामर्श दिने काम नगरले गरेको थियो । कसैको स्वास्थ्यमा थप जटिलता देखिएमा तत्काल अस्पताल लैजाने व्यवस्था गरिएको थियो ।

कोभिडको तीब्र लहरको समयमा संक्रमितहरूमा कुनैपनि तनाव नदेखियोस्, होम आईसोलेसन बसाईलाई तनावमुक्त बनाउनका लागि मनोसामाजिक परामर्श सेवा समेत उपलब्ध गराइएको थियो । योगा, व्यायम, खानपिन तथा उपचारको बारेमा समेत परामर्श दिइएको छ ।

## कोभिड परीक्षण, भोजन तथा औषधि नि:शुल्क

नगरपालिकाले कोभिड-१९ को परीक्षण, भोजन तथा औषधिलाई नि:शुल्क गरेको थियो । नगरपालिकाले वालिङस्थित गह्रौं प्राथमिक अस्पतालमा निर्माण गरेको आइसोलेसन सेन्टरमा

कोभिड-१९ संक्रमणका कारण भर्ना भएर बसेका बिरामीलाई खाना, नास्ता तथा औषधि निःशुल्क उपलब्ध गराएको थियो । विश्वभर महामारीका रूपमा फैलिएको नयाँ भेरियन्टसहितको कोभिड-१९ को संक्रमण दर वालिङमा पनि उच्च रहेकोले अस्पतालकै क्यान्टिनबाट निःशुल्क खाना, नास्ता र अस्पतालबाट उपलब्ध हुने औषधिसहित उपचारलाई निःशुल्क गर्ने व्यवस्था मिलाइएको थियो । कोभिड-१९ को संक्रमण दर बढ्दै जाँदा नगरपालिकाले गह्रौं प्राथमिक अस्पतालमा ५० शैय्यासहित अक्सिजन सिलिन्डर, अक्सिजन कन्सन्ट्रेटर लगायतका स्वास्थ्य उपकरणहरू र स्वास्थ्यकर्मीलाई तयारी अवस्थामा राखिएको छ । अस्पतालमा कोभिड-१९ को परीक्षण गर्न आउनुभएका व्यक्तिहरूलाई निःशुल्क एन्टिजिन परीक्षण गरिदिने गरिएको थियो । अस्पतालमा भर्ना भएर बसेका संक्रमितहरूलाई निःशुल्क खाना, नास्ता तथा औषधि उपलब्ध गराइएको थियो । अस्पतालमा भर्ना भई बस्नुभएका बिरामीहरूलाई बिहानको नास्ता, खाजा, दिउँसो नास्ता र साँझ खाना निःशुल्क उपलब्ध गराउँदै आइएको थियो ।

## मृतक परिवारलाई काजकिरिया खर्च

नगरपालिकाले कोभिड-१९ कारण ज्यान गुमाएकाका नगरका बासिन्दाका परिवारलाई राहत तथा काजक्रिया खर्च स्वरूप रू २५ हजार नगद सहयोग गरेको छ । यो सहयोग मानवीय क्षतिप्रतिको राहत तथा मृतकको परिवारलाई काजकिरिया खर्चका रूपमा उपलब्ध गराइएको हो । कोभिड-१९ को महामारीका समयमा परिवारको सदस्य गुमाएर पीडामा परेका बेला अभिभावकका रूपमा रहेको नगरपालिकातर्फबाट विपदका बेला तत्काल राहत प्रदान गरी नागरिकसँगै नगर भन्ने भूमिकालाई कार्यान्वयन गरिएको हो । नगरपालिकाले बनाएको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७७ लाई आधार मानेर कार्यपालिका बैठकबाट निर्णय गरी राहतस्वरूप उपलब्ध गराइएको हो ।

नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७७ अनुसार रकम वितरण गरिएको हो । सो नगद भुक्तानी दाबी गर्नका लागि कोभिड-१९ का कारण मृत्यु भएको अस्पतालले उपलब्ध गराएको प्रमाण, सम्बन्धीत वडाको मृत्युदर्ताको प्रमाण तथा सिफारिससहित नगरपालिका कार्यालयमा निवेदन दिएपछि मृतकको परिवारभित्रको सदस्यलाई रकम उपलब्ध गराइएको छ ।

वालिङ नगरभित्रका १४ वटै वडामा कोभिड १९ को संक्रमणबाट गुज्रिरहेको अवस्थामा नपाको प्रभावित नागरिकहरू सिमान्तकृत, गरीब, दैनिक ज्यालादारी, गुजारा व्यवसाय र सडक जीवन बिताईरहेकाहरूलाई खाद्यान्न तथा राहत उपलब्ध गराउने उद्देश्यले कोष स्थापना गरिएको छ ।

## पोष्ट कोभिड-१९ को राहत : स्वरोजगार र उद्दमी

वालिङ नगरपालिकाले कोभिड १९ को संक्रमणका कारण रोजगारी गुमाएका युवा युवतीलाई उद्यमी बनाउने उद्देश्यसहित कोष स्थापना गरेको छ । कोभिड १९ उद्धार र सामाजिक आर्थिक प्रतिकार्य परियोजना अन्तर्गत कोभिड प्रभावितहरूका लागि स्थापित कोषमार्फत नगद प्रदान गरिएको हो ।




विदेशमा रोजगारी गुमाई फर्केका वा स्वदेशमा रोजगारीमा रहेका युवा युवतीहरूलाई स्वरोजगार तथा आत्मनिर्भर बनाई उनीहरूको आय आर्जन बृद्धि गर्नका लागि 'उद्यमशिलता व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्तन केन्द्र सञ्चालन कार्यविधि २०७७' निर्माण गरी सोही कार्यविधिका आधारमा रहेर स्थापित कोषबाट आर्थिक सहयोग गरिएको छ ।

व्यवसाय तथा उद्यम सञ्चालन सम्बन्धमा विविध विषयमा नयाँ आविष्कार गर्न मद्दत गर्न, युवाहरूमा भएको रचनात्मकतालाई उजागर तथा प्रोत्साहित गर्न प्रेरित गर्ने उद्देश्यले नवप्रवर्तन कोष स्थापना गरी सञ्चालन गरीएको छ । पहिलो चरणमा २० जना युवा युवती तथा समूहलाई जनही रू. ५० हजारका दरले नगद उपलब्ध गराई नवप्रवर्तनमा 'स्टार्टअप' गराइएको छ ।




वैदेशिक वा स्वदेशमा नै कोभिडका कारण प्रभावित हुनुभएका वालिङका नागरिकलाई उद्यमशिलतातर्फ लाग्न अभिप्रेरित गर्ने उद्देश्यले कोष स्थापना गरी सोहीमार्फत सहयोग गर्दै जाने नीति नगरपालिकाको छ । शुरूआती चरणमा कोषको आकार भएपनि आगामी दिनमा कोष बृद्धि गर्दै जाने लक्ष्य यस कार्यक्रमको छ । विशेष गरी उत्पादन तथा नवप्रवर्तनका सौँच भएका युवायुवतीहरूलाई उक्त कोषमार्फत कार्यक्रम गरिने नीति छ ।




यसका साथै नगरपालिकाले उद्दमीमा रहेको सीपलाई परिमार्जित गर्ने, नयाँ सीपहरू हस्तान्तरण गर्ने, उत्पादन र स्वरोजगारमा संलग्न गराउने र उत्पादित बस्तुहरूलाई बजारीकरणमा पनि सामेल गराउने आदि जस्ता कार्यहरू सञ्चालन गरिएका छन् । साथै उहाँहरूले यहीँ केही उद्यम गर्न चाहेमा त्यसका लागि आवश्यक वातावरण मिलाईदिने र नगरपालिकाको तर्फबाट बिना ब्याज बीउँ पूँजी उपलब्ध गराउनुका साथै बैंक तथा वित्तीय संस्थाहरू नगरपालिका जमानी बसेर सस्तो र सुलभ ब्याजदरमा ब्यवसायिक कर्जा उपलब्ध गराउँदै आएको छ । कोरिया सरकारसँग समन्वय गरी Social work का रूपमा श्रम स्वीकृति सहित उद्दमी व्यक्तिहरू जाने प्रक्रियामा पनि वालिङ नगरपालिका आबद्ध छ ।

## 'विपद पोर्टल' सञ्चालन




वालिङ नगरपालिकाले विपद ब्यवस्थापनमा जोड दिंदै 'विपद पोर्टल' सञ्चालनमा ल्याएको छ । विपदसम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने, प्रविष्टि गर्ने र प्रतिवेदनमा संलग्न जनशक्तिलाई पोर्टल प्रयोग गर्न सहजीकरण गर्ने, विपद ब्यवस्थापन सम्बन्धी तथ्याङ्कलाई एकरूपता प्रदान गर्ने र पोर्टलको उपयोगिता बढाउन सहयोग पुऱ्याउने उद्देश्यले ' विपद पोर्टल' निर्माण गरी सञ्चालनमा ल्याईएको छ ।

यस पोर्टललाई थप ब्यवस्थित बनाउँदै आगामी दिनमा सेन्सर जडान गरी 'अर्ली वार्निङ सिस्टम' मार्फत नागरिकलाई थप सुसूचित गराई जनधनको क्षति हुनबाट जोगाउने तयारी नगरको छ । विपद पोर्टल एकीकृत विपद सूचना ब्यवस्थापन प्रणाली हो जुन नेपाल सरकारको गृह मन्त्रालयले आरम्भ गरेको र राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापन प्राधिकरणको स्वामित्वमा रहेको छ । विपद जोखिम ब्यवस्थापनका क्षेत्रमा पूर्व तयारी तथा जोखिम न्यूनिकरण कार्य गर्नलाई सूचना तथा तथ्याङ्क संकलन गर्ने र संकलित तथ्याङ्कको प्रयोगका लागि 'विपद पोर्टल' ले विशेष महत्व दिएको छ ।



विपदका सूचना तथा तथ्याङ्कहरू एकैठाउँबाट सबैले जानकारी पाउन सक्ने, हरेक घटनाको ब्यवस्थापन र राहत वितरण कार्यसमेत नदोहोरिने गरी प्रभावकारी तरिकाले कार्य गर्नका लागि पोर्टल सञ्चालन गरिएको हो । 'विपद पोर्टल' मा विपदसम्बन्धी विभिन्न

विधाका सूचना तथा तथ्याङ्क एकीकृत गरी ब्यवस्थापन गरिन्छ । विपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापन कार्यका लागि सूचना तथा तथ्याङ्कहरूको आवश्यकता अनुसार प्रयोग गर्न सकिने छ । स्थानीय तहमा रहेका स्रोत र साधन, घटनाहरूको विवरण, क्षतिको विवरण आदिको जानकारी दिन र लिन सकिने गरी सूचना ब्यवस्थापन प्रणालीलाई ब्यवस्थापन गरिएको छ । यसले विपद न्युनीकरणमा सहयोग गर्ने आशा नगरको छ ।

### नगर बृहत योजना : एकीकृत विकासको खाका

नगरपालिकाले नगरपालिकाको सम्रग तथा एकीकृत विकासकागर्न  नगर बृहत योजनाको निर्माण गरेको छ । नगरपालिकाको नगर बृहत योजना २०७७ को नगरपालिकाको नगर बृहत योजना पुस्तकमा नगरलाई आगामी २० वर्षमा स्मार्ट सिटी बनाउनको लागि नगरपालिकाले गर्नुपर्ने तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरू समेटिएका छन् ।




स्मार्ट वालिङ स्मार्ट नागरिक भन्ने दुरदृष्टि सहित नगरको एकीकृत विकासको खाका तयार गरिएको छ । यस खाकामा नगरका समुन्नत विकासका लागि Four Pillar तय गर्नुका अतिरिक्त ३० वटा विकास मापनका Component रहेका छन । यिनैको Baseline मा रहेर नगरले हासिल गर्ने नतिजा सूचक निर्माण भएका छन । यिनै दस्तावेज नै समग्र नगरको Aspiration बन्नुका साथै नीति तथा कार्यक्रमका मार्गदर्शक बनेका छन । साथै Digital Municipal Profile पनि नगरको ऐतिहासिक दस्तावेज बनेको छ र यसले तथ्य तथ्याङ्कमा आधारित नीति निर्माणका लागि सूचना प्रदान गर्दछ ।




नागरिक स्मार्ट बन्न सकेमा मात्र नगर पालिका स्मार्ट बन्ने हुँदा स्मार्ट वालिङ बन्ने सोच यस नगर योजनाको  छ। वालिङ नगरपालिकालाई प्रविधिमूलक शासनमा रूपान्तरण गर्ने २० वर्षे कार्यसूचीको सङ्ग्रह नै बृहत योजना हो । यसका लक्ष्यलाई पूरा गर्न ५ वर्षे आवधिक योजना तथा १-१ वर्षे रणनैतिक योजना कार्यान्वयनको खाकासँगै तयार भएका छन । वालिङको विकासको चरणलाई तीन चरणमा विभाजन गरेर लगानीको खाका तयार गरिएको छ । पहिलो चरण आधारभूत सहरको चरण हो भने दोस्रोमा १७ वटै लक्ष्यको स्थानीयकरण गरिएको दिगो सहरको लगानी हो । अन्तिम गन्तव्य स्मार्ट सिटी हो जुन 'आर्टिफिसियल ईन्टेलिजेन्स' (आईओटी) को पूर्ण उपयोग गरी २० औं वर्षमा नेपालको सापेक्ष स्मार्ट वालिङको रूपमा घोषणा गर्ने लक्ष्यमा आधारित छ ।

## स्मार्ट सिटीः कार्यान्वयन र उपलब्धि







वालिङ Smart City निर्माणका अभ्यास



सहरी विकासको सन्दर्भमा Basic City, Sustainable City र SMART City जस्ता अवधारणा विश्वव्यापी रूपमा विकसित भइरहेका मापदण्ड र आधारशीला हुन ।

यिनै सोच र आधार मा रहेर वालिङ नगरपालिकाले सहरी विकासलाई Time line कै Approach मा समेटेर नीति, योजना तथा कार्यक्रममार्फत आन्तरिकीकरण गरेको छ । यस नगरपालिकाले बृहत योजना निर्माण गरी स्मार्ट सिटीलाई गन्तव्य मानेको छ र यसकै लक्ष्य र परिधिमा केन्द्रित गरी Sustainable City का आर्थिक, सामाजिक, पूर्वाधार तथा सुशासनका सूचकलाई कार्यान्वयन गरिएको छ । सहरी विकासमा Basic City पहिलो खुट्किलो हो भने दोस्रो खुड्किलो Sustainable City हो । SMART City त गन्तव्य मात्र होइन नतिजा हो । मापन योग्य र वस्तुनिष्ठ परिणाम हो । जनताले अनुभूत गर्ने सहरी शासनको प्रत्यक्ष लाभ हो । त्यसैले नगरको बृहत योजनामा स्मार्ट सिटीका Smart Governance, Smart Infrastructure, Smart Economy , Smart Citizen चारवटा Pillar लाई समावेश गर्नुका साथै योजनाबद्ध विकासकेन्द्री भई १०६ वटा नतिजा सूचक तयार गरिएको छ । आर्थिक तथा सामाजिकक क्षेत्रलाई प्राथमिकता दिई १००० नतिजालाई समावेश गरी लक्ष्य भेटने गरी कार्यान्वन खाका बनाई रणनैतिक योजना लागू गरिएको छ । तोकिएका यी लक्ष्यहरू प्राप्त गर्न वार्षिक नीति, बजेट र कार्यक्रमले समर्थन गरिरहेक छन । वार्षिक रूपमा प्राप्त उपलब्धि र तोकिएका लक्ष्यबीचको Result Matrix बनाई तुलनात्मक अध्ययनको थालनी गरिएको छ र नीतिगत, लगानी, संस्थागत क्षेत्रमा भएका खाडल पहिचान गरिएको छ । यस्ता Barrier हटाउन थप कानुनी, वितीय तथा संस्थागत रणनीति तय गरिएको छ ।

यसका साथै नेपाल सरकारले आब २०७८/०७९ को वार्षिक बजेटमा समेत नेपालका अन्य सहरसहित यस वालिङ नगरपालिकालाई SMART City को क्षेत्रमा कार्यान्वयन गर्ने घोषणा समेत गरेको छ । Global Resilient Smart city Research center ले SDG 11 अन्तर्गत विश्वका १०० Smart City भित्र वालिङ नगरपालिकालाई समेत छनोट गरेको अवस्था छ ।

**नगरपालिका थ्रीडि, इन्नोभेसन ल्याव, औद्योगिक ग्राम र सरसफाई केन्द्र**



स्मार्ट सिटीका लागि आवश्यक पर्ने पूर्वाधारहरूको योजना बनाई सडक, खानेपानी, सिञ्चाई, सञ्चार सञ्जाल (फाईबर लाईन) का कार्यहरू अगाडि बढेका छन् । आधारभूत आवश्यकताकारूपमा तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण गर्ने कार्यहरू भएका छन् । पूर्वाधारतर्फ आँधीखोला नियन्यण गर्ने, वडाकेन्द्र जोड्ने सडकहरूको स्तरोन्नति, आँधीखोलाका दुबै किनारमा करिडोर निर्माण, नगर भित्रका सडकहरू सुरक्षित गर्ने र विपद न्यूनिकरण गर्ने कार्यहरू भएका छन् । डिजिटल सुशासनमा ईनोभेसन सेन्टर, ईन्कुवेसन सेन्टर, मेन्टर सिस्टमहरू स्थापित भएका छन् । सुशासनका विभिन्न आयामहरूमध्ये कानून, नियम र कार्यविधिहरू निर्माण भएका छन् । डिजिटल प्रविधिको विकास गर्दै 'गुड गभर्नेन्स' स्थापित छन ।



आर्थिक विकासका लागि स्वरोजगार सिर्जनाका लागि सीप हस्तान्तरण लगानीको वातावरा र बजारीकरणको ब्यवस्था लागू छन । विशेष गरी नागरिकहरूमा चेतनाको स्तर बढाउनका लागि सूचना प्रविधिको अधिकतम प्रयोगमा जोड दिइएको छ । वालिङ नगरपालिकाले नेपालको संविधान,



स्थानीय सरकार संचालन ऐन, दिगो विकासका लक्ष्यहरू, नेपाल सरकारको पन्ध्रौ योजना मार्गदर्शन, प्रदेश सरकारको मार्गदर्शन तथा प्राथमिकताहरू तथा यस नगरपालिकाको आवश्यकता तथा रणनैतिक योजना स्मार्ट सिटी सम्वन्धी योजना समेतलाई आधार लिई कार्यक्रम सञ्चालन गर्दै आएको छ । दृष्टिकोण स्पष्ट छ, गन्तव्य निश्चित छ । लक्ष्यहरू निर्धारित छन, नीति र कार्यक्रम जनमुखी छन, कार्यान्वयन परिणामुखी छ । नगरको दृष्टीकोण–कार्यक्रम–गन्तव्य– स्पष्ट छन । यी उपलब्धिले स्मार्ट वालिङ निमार्ण गर्न बलियो आधारशिला निर्माण गरेको छ । वातावरण बनेको छ ।

नगरपालिकाले विकास निर्माणको स्पष्ट खाका तयार गरी भौतिक पूर्वाधारका कार्यहरूको थालनी गरेको छ । सडक विस्तार, सडकको स्तरोन्नति, स्वास्थ्यको पहुँच विस्तार, शुद्ध प्रशोधित खानेपानी, ब्यावसायिक कृषि, पशुपालनलाई प्राथमिकता, औद्योगिक ग्राम सञ्चालन गर्ने तयारी भईरहेको छ भने एकीकृत बस्ती विकास, सरसफाई, शिक्षामा गुणस्तर बृद्धि गर्नुकासाथै आधुनिक प्रविधिहरूलाई पछ्याउँदै कार्यसम्पादनमा नतिजाको मूल्यांकन गर्ने पद्धतिको विकास भएको छ ।

## सबै वडामा मेलमिलाप केन्द्र



वालिङ नगरपालिकाले न्याय सम्पादनका लागि सबै वडामा मेलमिलाप केन्द्र स्थापना गरेको छ। नगरभित्रका १४ वटै वडा कार्यालयमा मेलमिलाप केन्द्र स्थापना गरेको छ भने सबै वडामा वडा संयोजकसहित मेलमिलापकर्ताको व्यवस्था मिलाएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा १ मा १३ प्रकृतिका देवानी विवाद निर्णय वा फैसला गर्ने व्यवस्था न्यायिक समितिमा रहेको छ । सो ऐनको दफा ४७ को उपदफा २ अनुसार ११ प्रकृतिका देवानी तथा एक वर्षसम्म कैद सजाय हुने फौजदारी प्रकृतिका विवाद मेलमिलापका माध्यमबाट निरूपण गरिने व्यवस्था भएकाले तिनै ११ प्रकृतिका विवाद वडास्तरमै मेलमिलापकर्ताले निरूपण गर्नेछन् ।




वडास्तरमा मेलमिलापकर्ताले विवाद समाधानका लागि पहल गर्ने र उक्त विवाद समाधान हुन नसकेमा न्यायिक समितिमा आउने व्यवस्था छ । न्यायिक समितिले वादी प्रतिवादीलाई मेलमिलाप गराउने पहल गर्ने र मेलमिलाप हुन नसकेमा स्याङ्जा

जिल्ला अदालतमा सिफारिस गर्ने अभ्यास रहेको छ ।



वडाको मुद्दा वडामै मिलाउने वातावरण सिर्जना गरिएकाले वादी प्रतिवादीले वडाभित्रै का सूचिकृत मेलमिलापकर्ता छनोट गरी न्याय प्राप्त गर्नसक्ने र वादी प्रतिवादीबीच मेलमिलापकर्ताको छनोट गर्न नसकेमा वडा संयोजकले मेलमिलापकर्ता छनोट गरिदिने वा आफैँ सहभागी भएर मुद्दा मिलाउने जिम्मेवारी रहेको छ । वालिङ नगरपालिकामा हाल ११६ जना सूचिकर्ता मेलमिलापकर्ता छन्। वडाभित्रको विवाद वडाबाटै मिलाउने भएपछि भने नगरवासीले न्याय सम्पादनमा सहजता भएको महसुस गरेका छन् ।

## नागरिकहरूको पौरख : स्थानीय कार्यक्रमको गौरव

वालिङ नगरपालिकाले २० वर्षे बृहत योजना, पाँच वर्षे आवधिक योजना र एक वर्षे रणनैतिक योजना अनुसार स्थानीय गौरवका कार्यक्रमहरू बनाएको छ । स्थानीय नागरिकहरूको जनजीवनमा आर्थिक तथा सामाजिक परिवर्तन ल्याउने लक्ष्य यस्ता कार्यक्रमको रहेको छ । स्मार्ट सिटी निर्माण दीर्घकालीन सोच हो । यो कार्य लामो यात्रा हो । यही लक्ष्य प्राप्तिका लागि Local Game Changer परियोजना छनोट गरिएको छ र स्थानीय नागरिकहरूको जनजीवनमा सुधार तथा परिवर्तन ल्याउने कार्यक्रमहरू नै स्थानीय गौरवहरू कार्यक्रमहरू हुन । यी कार्यक्रमहरू सम्भाव्यता पहिचान, कार्ययोजना र वहुवर्षीय रूपमा कार्यान्वयन भइरहेका छन् ।







## औद्योगिक ग्राम स्थापना : रोजगारी र उद्दमी सृजना



यस नगरपालिकाको वालिङ १० बैंडीमा औद्योगिक ग्रामको निर्माणाधिन अवस्थामा रहेको छ । औद्योगिक ग्राम सम्पन्न गर्नका लागि कूल रू. २७ करोड ९५ लाख १३ हजार ९१२ लागत लाग्ने अनुमान छ ।

नेपाल सरकारले अगाडि बढाएको एक पालिका एक औद्योगिक ग्राम नीति अनुसार वालिङ नगरपालिकाले नेपाल सरकार,

प्रदेश सरकार र स्थानीय सरकारको संयुक्त लगानीमा औद्योगिक ग्राम निर्माण कार्य अगाडि बढाइएको हो ।

यस औद्योगिक ग्राम निर्माणमा तीन वटै सरकारको संयुक्त लगानी गरिएको छ । यसको स्वामित्व र सञ्चालन स्थानीय तहकै हुने भएकोले उद्दोग सञ्चालनका लागि स्थानीय कानुन तर्जुमा गरिएको छ । आँधीखोलाको किनारमा रहेको सो ग्रामको सुरक्षाका लागि तटबन्ध निर्माण तथा पहुँच मार्ग निर्माण गरिएको छ । विशेष गरेर स्थानीय उत्पादनहरू, स्थानीय कच्चा पदार्थहरूको प्रयोग गरी सञ्चालन गरिने साना तथा मझौला उद्योगहरू यहाँ सञ्चालन हुनेछन र उद्योगहरू एकै ठाउँमा सञ्चालनमा आउने भएकाले पनि ब्यवस्थापनका लागि सहज हुनेछ । नगरका उद्योगहरू एकीकृत रूपमा यही स्थानबाट सञ्चालन हुनेछन ।



तीनै तहका सरकारहरूको लागत सहभागितामा निर्माण हुने यस ग्रामका लागि नदी नियन्त्रण र जग्गा व्यवस्थापनको कार्य भइरहेको छ । साथै आँधीखोला तटबन्ध ३५० मिटर, ६० मिटर आरसिसी वाल र एक कल्भर्ट निर्माण भएको छ । नगरपालिकाले वालिङभित्रका वडा नं. १० बैंडी, वडा नं. १ को बौवा, ११ को पञ्चमुल, वडा नं. १२ को धनमूढा, १३ को बाह्रविसे र १४ को तिवारी पसल गरी पाँच स्थानमा औद्योगिक ग्राम निर्माणका लागि जग्गा छनोट गरेको र पहिलो चरणमा बैंडीमा काम थालिएको हो । स्थानिय उद्योग सम्बन्धी ऐनले यसको सञ्चालन र व्यवस्थापन सम्बन्धी कानुनी व्यवस्था उल्लेख गरेको छ ।

## पशु अधिकारको सुरक्षा : छाडा चौपायाको संरक्षण



नगरपालिकाले छाडा पशुहरूको अधिकारलाई सुरक्षित राख्दै तिनको रेखदेख र संरक्षणका लागि चौपाया ब्यवस्थापन केन्द्र सञ्चालनमा ल्याएको छ । वालिङ नगर पालिकाको वडा नं. ८ र १० को स्वर्गाश्रम स्थलमा छाडा चौपाया ब्यवस्थापन केन्द्र स्थापना गरिएको छ ।

नगर क्षेत्रको स्वर्गाश्रम भन्ने स्थानमा गौशला स्थापना गरिएको छ । यस स्थानमा झण्डै तीन सयसम्म गाई राख्न सकिने क्षमताको गोठ निर्माण गर्न सकिने स्थल रहेको छ । नगरवासीहरूले घरपालुवा पशुहरूलाई वेवारिसे छोडिदिने र ती पशुहरूले जथाभावी छोडिदिंदा बालीनाली खाईदिने समस्या भएकाले तिनीहरूको उचित ब्यवस्थापनका लागि गौशाला निर्माण

गरिएको हो ।



साथै सडकमा गाई वस्तुको हुलले गर्दा सवारी आवत जावतमा समस्या तथा संभावित दुर्घटनाको जोखिम न्यूनिकरणका लागि चौपाया ब्यवस्थापन केन्द्र निर्माण गरिएको छ । गौशाला निर्माणसँगै छाडा पशु चौपायाहरूले बालीनाली खाईदिने समस्या हटेर जानुका साथै गाईवस्तुको संरक्षण पनि हुने छ । यस कार्यले पशु अधिकारको पनि सम्मान भएको छ ।

## कृषकको खेतबारीः नगरको साझेदारी

नगरपालिकाले स्थानीय उत्पादन र बजारीकरणका लागि कृषकहरूसँग लगानी र प्राविधिक सहयोगसहित साझेदारीको हातेमैलो गरेको छ । करीब ६२ प्रतिशत खेतीयोग्य जमिन भएको नगरक्षेत्रमा कुल जनसंख्याको ६७ प्रतिशत घर परिवारसँग कृषि प्रयोजनका लागि जग्गा जमिन उपलब्ध छ । वैदेशिक रोजगारीको प्रभाव र शहर केन्द्रित जनजीवनको बढ्दो चाख भए पनि यस क्षेत्रमा अझै ५७ प्रतिशत परिवार कृषिमा आवद्ध छन् । खेतीमा आवद्ध परिवार मध्ये ९९ प्रतिशतले अन्नबाली नै लगाउँछन् । तरकारी र सुन्तला खेती बिस्तारै व्यावसायिक हुँदै गएको छ । साना तर व्यवसायिक कृषि फर्महरूको संख्या हाल ६८ रहेको र १५० भन्दा बढीले यसैमा रोजगारी पाएका छन् । उत्पादक किसानहरू विभिन्न समूह तथा सहकारीहरूमा आवद्ध भएका छन् र यस्ता समूह तथा सहकारीहरू नगर क्षेत्रभित्र ९२ वटा क्रियाशील छन् । पशुपालनको हकमा ५४ प्रतिशत घर परिवारले घरायसी प्रयोजनका लागि पशुपंछी पाल्ने गरेका छन् । सो मध्ये करिब ३०० परिवारहरूले दुध र अण्डा बिक्री गर्छन् ।





नगरपालिकाले  यिनै कृषक र पशुपालक व्यक्तिहरूलाई लक्ष्यित गरी साझेदारीको मोडलमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ । यसमध्ये ४९ कृषक समूह, सहकारी तथा ब्यावसायिक फर्महरूलाई पचास प्रतिशत अनुदानमा हाते ट्रयाक्टर उपलब्ध गराइएको



छ । नगरले कृषकको माग अनुसार साझेदारीका कार्यक्रम सञ्चालन गर्दै आएको छ । नगरपालिकाबाट उत्पादनको समय अनुसार गहुँको बीउ, मकैको बीउ तथा तरकारीका बीउ बिजनहरू समेत कृषकहरूको साझेदारीमा उपलब्ध गराइएको छ । नगरभित्र आलु पकेट र मकै प्रबर्द्धन क्षेत्रहरूको विकास गरिएको छ । साथै  रैथाने प्रजातिका घाँसको संरक्षण गरिएको छ । यसका अतिरिक्त नर्सरी कार्यक्रम लागू भएका छन ।

परम्परागत तबरले कृषि प्रणाली अवलम्वन गर्दा उत्पादनभन्दा लागत धेरै लाग्ने र झण्झटिलो पनि हुने भएकाले कृषकहरूलाई आधुनिक प्रविधि तथा यान्त्रिकीकरणमा उत्साह रहेको छ । त्यसैले घाँस काटने मेसिन, हाते ट्रयाक्टर जस्ता प्रविधिहरूको प्रयोगमा नगरले साझेदारी कार्यक्रम सञ्चालन गरेको छ । नगर क्षेत्रभित्र पछिल्लो समय खेतबारी जो त्नका लागि गोरू नपाईने तथा मेशिनको प्रयोगले कार्यशैलीमा सहजता आएकोले प्रविधिको उपयोगप्रति कृषकहरूको रूचि रहेको छ ।  साना तथा गराहरू जोत्न हाते ट्रयाक्टरहरू बढी उपयोगी देखिएकोले कृषकहरूको माग अत्यधिक रहेको छ ।

आर्थिक वर्ष २०७६/०७७ मा नगरपालिकाले  कृषकहरूबाट माग बमोजिम सूचनाका आधारमा आवेदन परेका कृषक समूहहरूको अनुगमनपछि छनोट गरी साझेदारीमा हाते ट्याक्टर वितरण गरिएको छ ।  कृषकहरूको माग र आवश्यकताका आधारमा ट्रयाक्टर खरिद गरी वितरण गरिएकोले कृषिमा आधुनिक प्रविधिको प्रयोगप्रति रूचि बढेको छ । यस कार्यबाट कृषि उत्पादन बृद्धि गर्नुकासाथै छिटो, छरितो र सहजसमेत हुने भएकाले कृषकहरू पछिल्लो समय प्रविधितर्फ आकर्षण बढेको छ ।

## बजार व्यवस्थापनः उपभोक्ताको अधिकारको सम्मान

स्थानीय स्तरको बजारलाई व्यवस्थित गरी नागरिकको खाद्द सुरक्षाको सम्मान गर्नु नगरपालिकनाको दायित्व हो । बजार व्यवस्थापनको माध्यमबाट गुणस्तरीय सेवा तथा वस्तु, उपभोक्ता हितको संरक्षण एंव सम्वर्द्धन हुन्छ । स्थानीय बजार व्यवस्थापन गरी स्वच्छ बजारको माध्यमबाट गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको मौलिक हकलाई स्थानीय स्तरमा संरक्षण गर्न सकिन्छ । नेपालको संविधान २०७२ को धारा ४४ मा मौलिक हकको रूपमा उपभोक्ताको हकको व्यवस्था छ । स्थानीय सरकार सँचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (१) को अधिकार बमोजिम यस वालिङ न.पा. ले स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६ जारी गरेको छ । स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६ को दफा ३९ बमोजिम स्थानीय बजार व्यवस्थापन अनुगमन नियमावली, २०७७ जारी भएको छ। वालिङ न.पा.को स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६ को व्यवस्था गरेको छ ।



वालिङ नगरपालिकाले बजार अनुगमन कार्यमा तीब्रता दिएको छ । नगरले वार्षिक रूपमा अनुगमनको कार्यसूचक बनाई बजार अनुगमन गरेको छ । उपभोक्ताको खाद्द स्वच्छता सम्बन्धी अधिकारलाई सुरक्षित गर्ने प्रयोजनार्थ अखाद्य बस्तुहरू बिक्री वितरण हुन नदिन, शुद्धतामा ध्यान दिन तथा बजार मूल्यमा एकरूपता कायम गर्नका लागि वालिङका दुग्धजन्य डेरी, तरकारी तथा फलफूल पसलहरूको निरन्तर अनुगमन गरिएको हो । उपभोक्ता हित संरक्षणको कार्यविधि तर्जुमा बजारलाई सुब्यवस्थित बनाउनुका साथै उपभोक्ताहरूलाई गुणस्तरीय बस्तु उपलब्ध गराउनका लागि नगरपालिकाले नियमित बजार अनुगमन गर्ने कार्य अन्तर्गत अनुगमन गरिएको बताउनुभयो । वालिङ नगर कार्यपालिकाले उपभोक्ता हित ऐन निर्माण गरी वार्षिक कार्यतालिका बमोजिम अनुगमन कार्य गरिएको छ ।

नगरपालिकाले अखाद्य बस्तुहरूको बिक्री वितरण रोक्दै स्वच्छ र सफा खानेकुराको प्रयोग गर्न गराउन, मूल्य सूचि राख्न तथा नगरपालिकामा पसल दर्ता गर्नका लागि ब्यवसायीहरूलाई सचेत गराईएको छ । वालिङ, उपभोक्ता हित संरक्षण मञ्च, नगरस्तरीय उपभोक्ता हित संरक्षण समिति, पत्रकार लगायतको उपस्थितिमा अनुगमन कार्य गर्दै आइएको छ । वजार मा विक्रिवितरणका केही नमुना लिई परीक्षणका लागि सम्बन्धीत केन्द्रमा पठाउने गरिएको ।

## खेलकूद क्षेत्रः सम्मान र प्रोत्साहन

नगरपालिकाले वालिङ क्षेत्रको खेलकूदको विकासका लागि विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आएको छ । काठमाडौको ललितपुरको एन्फा कम्प्लेक्समा आयोजना गरिएको महिला राष्ट्रिय लिग फुटबलमा वालिङले राम्रो प्रदर्शन गरेका खेलाडीलाई नगरपालिकाले सम्मान र प्रोत्साहन कार्यक्रम आयोजना गरी महिला खेलाडीहरूलाई हौसला प्रदान गरेको छ । वालिङ नगरपालिकाको तर्फबाट प्रतिनिधित्व गर्दै पालिकाहरूकोतर्फबाट उत्कृष्ट खेल प्रदर्शन गरेकोमा खेलाडी तथा प्रशिक्षकहरूलाई वालिङ नगरपालिकाले सम्मान गरेको हो ।

वालिङ नगरपालिकाको प्रतिनिधित्व गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भई वालिङको ईज्जतलाई थप उचाईमा पुर्‍याउनुहुने महिला खेलाडीहरूको क्षमता विकासका लागि नगरपालिकाले लगानी गर्दै आएको छ । महिला खेलाडीहरूलाई प्रोत्साहनस्वरूप सम्मान पत्र प्रदान गरिएको छ । वालिङ नगरपालिकाले चार जना क्यामरूनका महिला खेलाडीहरूलाई भित्र्याएको थियो ।

तीन वटा विभागीय टोलीसहित वालिङ नगरपालिका, विराटनगर महानगरपालिका, रौतहटको चन्द्रपुर नगरपालिका र उदयपुरको चौदण्डीगढी नगरपालिकाले छनोट चरण पार गरेर राष्ट्रिय लिगमा सात टिम सहभागी भएका थिए ।



यसका साथै नगरले अन्तर्राष्ट्रिय जातीय विभेद उन्मुलन दिवसको अवसरमा दलित महिला खेलाडीलाई सम्मान गरेको छ । वालिङ नगरपालिकाको टिममा सहभागी भएका चार जना दलित महिला खेलाडीलाई सम्मान गरि एको थियो । प्रतियोगितामा सहभागी महिला खेलाडी अस्मिता रनपाल, मनमाया दमै, साबित्री किसान र शान्ता नेपालीलाई सम्मान गरिएको हो । वालिङ नगरपालिकाले खेल क्षेत्रको विकास तथा महिला खेलाडीहरूको क्षमता विकासका लागि प्रशिक्षकलाई करारमा नियुक्ति गरी नियमित प्रशिक्षण दिंदै आएको छ भने नगरपालिकाले खेलाडीहरूलाई आवश्यकताका आधारमा छात्रबृत्ति उपलब्ध गराउने कार्य गरेको छ । त्यस्तैगरी राष्ट्रिय तथा स्थानीय खेलाडीहरूको परिवारमा निशुल्क स्वास्थ्य बीमा गरिदिनुकासाथै अध्ययनरत खेलाडीहरूलाई नगरपालिकाले छात्रबृत्तिको ब्यवस्था समेत मिलाइदिएको अवस्था छ ।

## अन्तर तह समन्वय र सहकार्य : सिद्धार्थ राजमार्ग करिडोर

सिद्धार्थ राजमार्ग आर्थिक कोरिडोरसँग जोडिएका पालिकाहरूले आर्थिक विकासका लागि सहकार्य गर्न साझा संयन्त्र बनाइएको छ । वालिङ नगरपालिकाको आयोजना र सिद्धार्थ राजमार्ग आर्थिक कोरिडोरको सचिवालयको सहकार्यमा वालिङमा सिद्धार्थ राजमार्ग आर्थिक कोरिडोरको आर्थिक विकासका लागि योजनाको पहिचान तथा योजनाको प्राथमिकीकरण कार्यका लागि अन्तर्क्रिया भएको छ ।



सिद्धार्थ राजमार्गका सुनौलीदेखि पोखरासम्म सिद्धार्थ राजमार्गसँग जोडिएका १५ वटा पालिका, चार वटा जिल्ला र दुई प्रदेशकाबीचमा समन्वय र सहकार्य गर्दै योजनाहरू पहिचान गर्ने, प्राप्त योजनाहरूको प्राथमिकीकरणका आधारमा योजना निर्माणपश्चात कार्यान्वयनगर्ने मुख्य उद्देश्य रहेको छ । सिद्धार्थ राजमार्गसँग जोडिएका पालिकाहरूका संभावनाहरूको खोजी गरी आर्थिक समृद्धिसँग जोड्दै अगाडि बढ्नका लागि यस्ता योजनाहरूले टेवा दिने विश्वास छ ।



योजनाहरूको पहिचान र कार्यान्वयन गर्ने, सिद्धार्थ राजमार्गलाई आधार मानेर यस क्षेत्रमा सञ्चालन गर्न सकिने कृषि, जडिबुटी, पशुपालन, भौतिक संरचना पूर्वाधार निर्माण, पर्यटन, उद्योग, सूचना प्रविधिको पहिचान, स्वास्थ्य तथा खेलकूद, प्राकृतिक स्रोत ब्यवस्थापन, प्राविधिक शिक्षाको प्रचार प्रसार गर्न सहयोग पुग्ने देखिन्छ । यस क्षेत्रका नगरपालिका र गाउँपालिकाहरूबीच समन्वयमा गर्न सकिने परियोजनाहरूको पहिचान र छनौट हुने, समन्वय र सहकार्य गर्दै अगाडि बढ्ने योजना रहेको र पालिकाहरूबीच निर्माण गरिएका योजनाहरूको प्राथमिकीकरण पश्चात गण्डकी र लुम्बिनी प्रदेश तथा केन्द्र सरकारसँग समन्वय र सहकार्य गर्दै योजनाहरू निर्माण गरिने कार्यसूची रहेको छ ।

सिद्धार्थ राजमार्ग आर्थिक कोरिडोरसँग सम्बन्धीत क्षेत्रका पालिकाहरू बीचमा आर्थिक कोरिडोरको समग्र आर्थिक विकासको निम्ती परियोजनाहरू तर्जुमा गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि अन्तरपालिका संयन्त्र बनाउँदा संघीयताको कुशल कार्यान्वयन हुने देखिन्छ ।

## संस्कृतिको संरक्षण : पञ्चेबाजा बाजा हस्तान्तरण



नगरले संस्कृति प्रबर्द्धन गर्दै लोपोन्मुख अवस्थामा रहेको पञ्चेबाजा संरक्षणमा ध्यान दिएको छ । वालिङ नगरपालिका वडाहरूले बिबाह, ब्रतबन्ध तथा अन्य शुभकार्यहरूमा बजाईने लोपो न्मुख पञ्चेबाजा संरक्षण कार्यक्रम अन्तर्गत पञ्चेबाजा हस्तान्तरण गरेका छन । परम्परित रूपमा बजाउँदै आएको बाजा पुरानो तथा बाजा अपुग भई समस्या भईरहेका बेला बाजा संरक्षणका लागि बाजा खरीद गरी हस्तान्तरण गर्दा नयाँ पुस्तालाई यस कलातर्फ जागरूकता बढेको छ देखिन्छ । लोपोन्मुख अवस्थामा रहेको पञ्चेबाजाको संरक्षण गर्न सकियोस् र पुरानो पुस्ताको सीप तथा कलालाई नयाँ पुस्तामा हस्तान्तरण गरी ब्यवसायिकतामा जोड दिनका लागि यस्ता कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।



विभिन्न वडाहरूमा बाजा समूहहरूलाई आवश्यक सीप तथा तालीमहरू, आवश्यक पोशाकहरू हस्तान्तरण गरिएको छ । यस्ता कार्यक्रमहरूले पछिल्लो समय विदेशी कला संस्कृति र रीतिरिवाजको नक्कलका कारण नेपाली कला संस्कृतिमाथि असर न्युनीकरण नेपाली कला संस्कृतिको संरक्षण र जगेर्ना हुने देखिन्छ ।

पुराना कला संस्कृति हराउन नदिनका लागि नौमति बाजा उपलब्ध गराएर सहयोग गरिएको र पुरानो पुस्ताको सीपलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नका लागि समूहमार्फत युवाहरूलाई सक्रिय बनाएर सीप सिकाईएको छ । युवाहरूले विभिन्न मेला महोत्सव, धार्मिक तथा अन्य कार्यहरूमा सहभागी भई बाजा बजाउँदै आएका छन् । कला संस्कृतिको संरक्षणमा यो समूह तथा टोलका घरपरिवारको सामूहिक प्रतिबद्धतासँगै सहकार्य गरिएको छ ।

## कार्यसम्पादन सम्झौता कार्यान्वयन

सार्वजनिक क्षेत्रलाई कार्यात्मक, प्रतिस्पर्धी र नतिजामुखी बनाउन दबाब दिन्छ र सार्वजनिक क्षेत्र क्रियाशील, परिणामदायी र जवाफदेही हुनु लोकतान्त्रिक शासन प्रणालीका पूर्वशर्त हुन् । नगरपालिकाले नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच नतिजामूलक र समयसीमामा आबद्ध भएर कार्य सम्पादन सम्झौता भएको छ ।



प्रमुख प्रशासकीय अधिकृत र नगरका शाखा प्रमुख र वडा सचिवका बीचमा समेत लक्ष्य तोकी वार्षिक रूपमा सम्पादन हुने कार्यक्रमसहित कार्यसम्पादन सम्झौता गरिएको छ ।

सम्झौताका स्पष्ट उद्देश्य पूरा गर्न सकिने सर्तहरू मापन गर्न सकिने काम र समयसीमाका पक्षहरू समेटिएका छन । यस सम्झौताले कर्मचारीलाई काम कामप्रतिको प्रतिबद्ध र जिम्मेवारी बनाएको छ । यसबाट कर्मचारीको स्वतन्त्र व्यावसायिक मूल्यांकन प्रणालीको विकास हुने अपेक्षा नगरले राखेको छ ।

## नागरिकको सुरक्षा र राहत : नगरको विपदमा साथ





यस नगरपालिकाले विपद व्यवस्थापनका लागि विभिन्न रणनीति, कार्ययोजना, संयन्त्र तयार गरी कार्यान्वयन गरिरहेको छ । नगरस्तरीय विपद व्यवस्थापन समिति गठन भएको र आवश्यकता बमोजिम बैठक बसी नीति निर्माण गर्ने, योजना बनाउने र कार्यान्वयन गर्ने कार्य भइरहेका छन । वडामा वडा विपद व्यवस्थापन समिति गठन गरी वडाका विपद व्यवस्थापनमा कार्य गर्दै आएको छ । विपद व्यवस्थापनका लागि सरोकार वर्गसहित नगरस्तर तथा वडा स्तरमा समिति गठन भएको, अत्यावश्यक सामाग्री खरिद गरि नगरपालिका/वडा प्रहरी / शशस्त्र प्रहरीमा समेत उपलब्ध गराइएको, कानुन तथा कार्यविधि निर्माण भएको, घरहरू

पुर्ण क्षति र आर्थिक क्षतीको एकिन गरि पुन निर्माणका लागि जिल्ला विपद समतितिमा सिफारिस भएको, विपद पोर्टल तयार गरि राख्ने गरेको, विपदमा परेका बेला सबै संघ संस्था कार्यालयका प्रतिनिधि मिलेर विपद समस्या न्युनिकरण तथा समाधानका प्रयासहरू यस क्षेत्रमा भएका छन । कोभिड व्यवस्थापन र मनसुनजन्य विपद व्यवस्थापनमा यी समितिहरू निकै क्रियाशील संयन्त्र मानिएका छन ।



मनसुनजन्य विपदको व्यवस्थापनका लागि कार्यविधि तर्जुमा गरी प्रकोपमा परी व्यक्तिको मृत्यु भएमा काजक्रिया खर्च, घर पुर्ण वा आंशिक रूपमा क्षति भएमा राहत दिने गरेको छ । साथै गोठ क्षति वा पशुधनकै क्षति भएमा अनुदान दिने गरिएको छ ।

कोभिड १९ कारण मृत्यु भएकाको परिवारलाई काज काजकृया खर्च बापत रू २५००० अनुदान दिने गरिएको छ । बाढी पहिरो भुकम्प आदि विपदको अवस्था आउँदा खुल्ला चौर वा सार्वजनिक भवनहरू सेल्टरका रूपमा प्रयोग गर्ने व्यवस्था मिलाईएको छ ।



नगरले आ ब २०७७/ ०७८ मा मात्र मनसुनजन्य विपदका कारण क्षति भएका नागरिकहरूको आवासमध्ये प्रर्वलिकरण–४७, पुनर्निर्माण–३१ पुनर्स्थापना–६४ संख्यामा व्यवस्थापन गरिरहेको छ । वस्ती स्थानान्तरण कार्यक्रम सञ्चालन भएको छ ।

वालिङ नगरभित्रका मनसुनजन्य विपदमा परी विभिन्न घरहरू भत्किने र पुनःस्थापना तथा प्रबलीकरण गर्नपर्ने घरहरूको लागि नेपाल सरकारको ५५ प्रतिशत, प्रदेश सरकारको ३० प्रतिशत र स्थानीय सरकारको १५ प्रतिशत रकम बेहोर्ने ब्यवस्था भए बमो जिम वालिङ नगरपालिकामा स्वीकृत भई आएका घरहरूका लागि नगरपालिकाको तर्फबाट व्यहोरिएको छ ।

## घर पुनर्निर्माण कार्य



वि.सं. २०७२ को भूकम्पबाट क्षति भएका यस वालिङ नगर पालिकाका घरहरूको पुनर्निमार्ण कार्यमा तीब्र प्रगति भएको छ । नगरमा सो भूकम्पबाट क्षति भएका लाभग्राहीको संख्या १९५५ जना रहे का छन । यसै संख्याभित्र पहिलो किस्ता बापतको रकम प्राप्त गर्ने लाग्राही १८६० जना, दोस्रो किस्ता बापतको रकम प्राप्त गर्ने लाग्राही ११२०, तेस्रो किस्ता बापतको रकम प्राप्त गर्ने लाग्राही १०५० जना रहेका छन । केही संख्या निकासा र प्रकियामा रहेको छ ।

## परिचपत्र वितरण

अपाङगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५ जारी भई अपाङ्गता भएका व्यतिहरूलाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ । यस वालिङ नगरपालिकाबाट नयाँ अपाङ्ता परिचयत्र वितरण गरि तथ्याङक व्यवस्थित रूपमा राखिएको छ । प्रत्येक महिनाको पाँच गते यस सेवा प्रदान गर्दै आइएको छ ।





अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५ अनुसार यस वालिङ नगरपालिकाले वितरण गरेको अपाङ्गता परिचयपत्रको विवरण

| क्र.सं. | आर्थिक बर्ष | नयाँ जारी | पुरानो खिचि नयाँ जारी | जम्मा जारी | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०७५।०७६ | ८६ | २ | ८८ | |
| २. | २०७६।०७७ | १०१ | ९ | ११० | |
| ३. | २०७७।०७८ | ५७ | ६८ | १२५ | |
| ४. | २०७८।०७९ | ७८ | ५ | ८३ | |
| जम्मा | | ३२२ | ८४ | ४०६ | |

## राष्ट्रिय अभियानका कार्यक्रम : स्थानीयकरण

सामाजिक समावशीकरण र लैङ्गिक समानताका क्षेत्रमा नगरले वार्षिक रूपमा कार्यक्रम तथा अभियान सञ्चालन गर्दै आएको छ । लैंगिक हिंसा,सामाजिक कुप्रथा, जातिय छुवाछुत, मानव बेचविखन तथा ओसारपोसार लगायत सामाजिक विकृती विरूद्ध नगरले सचेतना मुलक कार्यक्रम सञ्चालनमा जोड दिँदै आएको छ । राष्ट्रिय अभियानका कार्यक्रममलाई स्थानीयकरण गर्नुका साथै सरोकारवालासँग यस्ता कार्यक्रमको प्रभावकारिताको समीक्षा गर्ने पद्धतिको विकास गरिएको छ । आ.व २०७६।७७ मा वालिङ नगरपालिका लैंगिक हिंसा निबारण कोष स्थापना भई सञ्चालनमा आएको छ । वार्षिक रूपमा लैगिंक हिंसा विरूदको १६ दिने अभियानलाई व्यापक रूपमा मनाउँदै आइएको छ । वर्षेनी विद्यालयका छात्र छात्रा बीच लैगिंक हिंसा बिषयक वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ भने निर्वाचित जनप्रतिनिधीका लागि क्षमता विकासका कार्यक्रम सम्पन्न गरिएको छ । अन्तराष्ट्रिय नारी दिवसको अवसरमा



लैगिंक समानता र महिलाको वर्तमान अवस्था शिर्षकमा खुला महिला वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।

अन्तराष्ट्रिय नारी दिवसको अवसरमा महिला अधिकार सम्बन्धी प्रशिक्षण तथा अन्तकृया कार्यक्रम सम्पन्न भएको छ । सम्रगमा नगरले यस सामाजिक तथा समावेशीकरण क्षेत्रका मामिलालाई स्थानीयकरण गर्दै सरोकारवालासामु अभियान नै चलाएको छ । निजामती सेवा दिवशको सन्दर्भमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको थियो ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान पोखराले वि सं २०७८ मा वालिङ नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी प्रतिवेदन दिएको छ । उक्त प्रतिवेदनमा यस नगरपालिकको दस्तावेज समीक्षा, लक्ष्यित समूहसँग छलफल र परीक्षण कार्यशाला आयोजना गरी तीन आधारलाई मुख्य सूचक बनाई प्रतिवेदन तयार गरिएको हो ।

स्थानीय सरकारहरूले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरूको कार्यान्वयन तथा प्राथमिकता कसरी दिएका छन । यस क्षेत्रमा केकस्ता उपलब्धि भएका छन र स्थानीय नीति र कानुनहरूको प्रयोग र स्थानीकरण केकसरी भएको छ, सोको विश्लेषण गरिएको छ । स्थानीय शासनमा लैङ्गिक मैत्री संरचना र सहभागिता हेरिनुका

साथै लक्ष्यित वर्गको पहुँच र प्रतिनिधित्वलाई नगरको नीति र संरचनाले केकसरी गरेको छ, सोलाई विश्लेषण गरिएको छ । यस लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा प्रकिया र नतिजालाई परीक्षणको मूल आधार बनाइएको छ । नगरको संस्थागत संरचना तथा सेवा प्रवाहलाई विश्लेषण गरिएको छ भने सेवा प्रवाहमा अझै महिला तथा विपन्न समुदायका नागरिकहरूको पहुँच र सहभागितालाई विश्लेषण गरिएको छ । यस लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा वालिङ नगरपालिकाले १०० पूर्णाङ्कमा ९५ अंकभार प्राप्त गरेको छ । यो अंकभार उत्कृष्ठ पङ्क्तिमा रहेको छ ।

**नागरिकको रोजगारी: लोकसेवाको तयारी**

नगरपालिकाले लोकसेवा आयोगको पदपूर्तिलाई आधार मानेर विभिन्न सेवा समूहका कक्षाहरू निशुल्क कक्षा सञ्चालन गरेको छ । नगरपालिका भित्रका १८ वर्ष माथि ४० बर्ष नकाटेका युवा युवतीहरूको लागि रोजगारी प्रदान गर्न उनीहरूको बौद्धिक ज्ञानमाथि लगानी गरी क्षमता विकास गरिएको छ । वि सं २०७६ मा प्रशासन सेवाको तीन महिने समयावधिसम्म खरिदार तथा नायब सुब्बा पदको लोक सेवा आयोग तयारी कक्षा संचालन निशुल्क भएको थियो भने २०७८ मा स्वास्थ्य सेवाका विभिन्न पदको निशुल्क कक्षा सञ्चालनमा आएको थियो ।

नगरपालिकाले शैक्षिक बेरोजगार न्यूनिकरण गर्ने अभियान तथा राज्यको नीति निर्माण तहमा वालिङको स्थापित होस् भन्ने हेतुले यस कार्यक्रम सञ्चालन गरेको हो । 'स्मार्ट वालिङ निर्माणको आधार: शून्य शैक्षिक बेरोजगार' भन्ने नगरको सोचलाई यस्ता जनमुखी कार्यक्रमले सघाउ पुग्ने देखिन्छ । नेपालको सरकारी सेवामा स्याङ्जा जिल्लाको छुट्टै पहिचान रहेको र त्यसलाई अझै पुष्टि गर्नुकासाथै पहिचानलाई जोगाईराख्नका लागि पनि नगरले निशुल्क तयारी कक्षा सञ्चालन गरेको हो । आगामी दिनमा वालिङका कर्मचारीलाई सरकारी सेवामा बढीभन्दा बढी उत्तीर्ण बनाउने लक्ष्यसहित अगाडि बढेको छ ।

नगरपालिकाले वि सं २०७८ मा लोकसेवा आयोगले माग गरेको अहेब तथा अनमी पदलाई लक्षित गरी तयारी कक्षा सञ्चालन गरेको हो । पहिलो चरणमा नायब सुब्बा र खरिदारलाई लक्षित गरी निशुल्करूपमा तयारी कक्षा सञ्चालन गरिएको र त्यसको उपलब्धी राम्रो देखिएको छ । नगरपालिकाले आगामी दिनमा बैंकिङ, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनामा प्रवेश गर्न चाहनेहरूका लागि पनि गर्नुपर्ने सैद्धान्तिक तथा प्रयोगात्मक कक्षाहरू सञ्चालन गर्ने तयारी समेत गरेको छ ।



नगरभित्रका शिक्षित युवायुवतीलाई लक्षित गरिएको यस अभियानमार्फत शैक्षिक बेरोजगारी हटेर जाने र नेपाल सरकारका विभिन्न परीक्षामा यहाँको जनशक्ति उत्कृष्ट भई सरकारी सेवामा कार्यरत हुनका लागि सघाउ पुग्ने विश्वास नगरपालिकाको छ । नगरभित्र



रहेका शैक्षिक बेरोजगार जनशक्तिका लागि लोकसेवा आयोगको तयारीका लागि टाढा-टाढा जानुपर्ने बाध्यता हटेर जाने र आफ्नै ठाउँमा नि:शुल्क अध्ययन गर्न पाउने भएकाले पनि इच्छुकहरूका लागि उपयोगी हुने देखिएको छ । प्रशिक्षकहरूमार्फत सैद्धान्तिक र प्रयोगात्मक कक्षा सञ्चालन गरिएको छ ।

### दूधमा आत्मनिर्भर सहर : वालिङ

वालिङ नगरभित्र वार्षिक रूपमा गाईको दूध उत्पादन २६२ मेट्रिक टन तथा भैसीपालक कृषकहरूको भैसीको दूध उत्पादन ५०४६ मेट्रिक टन रहेको तथ्याङ्क छ । दूध उत्पादनलाई प्रोत्साहन गरी पशुपालन पेशाप्रति कृषकहरूलाई आकर्षण बढाउन नगरपालिकाले लागत साझेदारीमा भैंसी प्रवर्द्धन कार्यक्रम समेत सञ्चालन गरेको छ । यस अन्तर्गत विभिन्न वडाहरूमा भैंसी वितरण कार्यक्रम समेत सञ्चालन गरिएको छ ।





भैंसीपालनका लागि सम्भावित ठाउँ तथा कृषकको मागका आधारमा तीन वटा वडा छनोट गरी माउ भैंसी वितरण गरिएको छ । परम्परागतरूपमा भैंसीपालन गर्दै आएका कृषकलाई आधुनिक तरिकाले उन्नत जातका भैंसीपालनतर्फ आकर्षित गरी वालिङलाई दूधमा आत्मनिर्भर बनाउने उद्देश्यले भैंसी प्रवर्द्धन कार्यक्रम राखिएको हो ।

परम्परागतरूपमा भैंसीपालन गर्दा फाइदा नहुने भएकाले व्यावसायिकतामा जोड दिंदै कृषकको आर्थिकस्तर सुधार्न सो कार्यक्रमले महत्वपूर्ण भूमिका दिएको छ । पशुपालनमा व्यावसायिकता हुँदै गर्दा दूधमा आत्मनिर्भर हुने र कृषकमा थप व्यावसायिकतातर्फ ऊर्जा तथा उत्प्रेरणा थपिएको छ । नगरपालिकाले माग गरेको आवेदनका आधारमा कृषकले ५० प्रतिशत लागत साझेदारीमा उन्नत मुर्रा क्रस जातका भैंसी खरिदमा कृषकहरूको आकर्षण देखिएको छ ।

नगरले प्राविधिक समूहको स्थलगत अनुगमन र प्रतिवेदनको आधारमा भैंसीपालनका लागि संभावित ठाउँ तथा कृषकहरूको मागका आधारमा यस कार्यक्रम सञ्चालन गर्दै आएको छ । परम्परागतरूपमा भैंसीपालन गर्दै आएका कृषकहरूलाई आधुनिक तरिकाले उन्नत

जातका भैंसीपालनतर्फ आकर्षित गरी वालिङलाई दूधमा आत्मनिर्भर बनाउने उद्देश्यले भैंसी प्रवर्द्धन कार्यक्रम राखिएको छ ।

परम्परागत तरिकाले निर्वाहमुखीभन्दा पनि कृषकहरूलाई ब्यवसायिकतामा जोड दिनका लागि नगरपालिकाले नीति तथा कार्यक्रममा नै कृषिलाई प्राथमिकतामा राखेकाले सोही अनुसार क्रियाकलाप अगाडि बढाएको हो । कृषकहरूको मागका आधारमा अनुदान तथा लागत साझेदारीमा विभिन्न सहयोगहरू उपलब्ध गराउँदै आएका छ । वालिङ नगरभित्र गाई भैसी फार्म १०८ वटा रहेको तथ्याङ्क छ ।

## बंगुर पकेट क्षेत्र कार्यक्रम विस्तार

नगरपालिकाले बंगुरपालनको सम्भावना भएका तीन स्थानलाई बङ्गुर पकेट क्षेत्र घोषणा गरी व्यावसायिक बंगुरपालनलाई अगाडि बढाएको छ । नगरपालिका-६ को लाङघाली बंगुरपालन समूह धनुबाँसे, ७ को सिर्जना बंगुरपालन समूह र ८ को पारिवन वन उपभोक्ता समूहलाई बंगुर पकेट क्षेत्रका रूपमा अगाडि बढाएको छ ।



घोषणा गरिएका पकेट क्षेत्रमा बंगुरका पाठापाठी वितरण, कृषकलाई आवश्यक तालिम तथा औषधोपचारका लागि सहयोग गर्ने र विशेषगरी व्यावसायिकतामा जोड दिंदै पकेट क्षेत्र बनाउन लागिएको छ ।

सामूहिक वा व्यक्तिगतरूपमा बंगुरपालन गर्न चाहने कृषकका लागि आवश्यक परेमा नगरपालिकाले बैंकहरूसँग समन्वय गरी सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउँदै आएको छ । आवश्यक अनुदान दिने, उत्पादित पाठापाठी तथा मासुका लागि बजारीकरणको व्यवस्थामा नगरपालिकाले सहजीकरण गरेको छ । सानो संख्यामा र परम्परागत तवरबाट गर्दै आएको निर्वाहमुखी व्यवसायलाई आधुनिक र थप व्यावसायिकतातर्फ अगाडि बढाउने अभ्यास गरिएको छ । वालिङलाई माछा मासु तथा अण्डामा आत्मनिर्भर बनाउनका लागि उत्पादनमूलक कार्यक्रमले महत्वपूर्ण भूमिका राख्ने भएकाले अभियानमा नगरपालिकासहित लक्षित कृषक कार्यक्रम सञ्चालन गरेको हो । यस पेसा प्रति आकर्षण बढाउन बङ्गुर पालनको स्रोत केन्द्रको रूपमा समेत केही क्षेत्रलाई छनौट गरी कार्यान्वयन गरिएको छ । यस नगरभित्र खेतीबाट आम्दानी गर्ने परिवारको वार्षिक औसत आम्दानी रु ४८४०५ रहेको छ भने पशुपंक्षी बिक्रीबाट घरपरिवारको वार्षिक आम्दानी औसतमा रू. २६७२७ रहेको छ । साथै पशुधन उत्पादनमा वार्षिक औसत आय रू. ९०४४१ रहेको तथ्याङ्क छ ।

## व्यावसायिक च्याउखेती प्रवर्द्धन

नगरपालिकाले व्यावसायिक रूपमा च्याउ खेती गरी कृषकहरूमा प्रोत्साहन गरेको छ । यस आय आर्जनमा लागेका कृषकहरूले यस पेशाबाट वार्षिकरूपमा मनग्य आम्दानी वृद्धि गर्दै आएका छन् । बजारमा च्याउको संभावना र माग राम्रो देखेपछि व्यावसायिक च्याउ खेतीको विकास र विस्तारका लागि नगरले आवश्यक मेसिन, उपकरण खरिद, च्याउ घर निर्माण, मुढा खरिदमा सहयोग गर्दै आएको छ । यस च्याउ खेती गर्नका लागि सीप तथा तालिमको व्यवस्थापन समेत गरिएको छ । वालिङमा उत्पादन भएको च्याउ स्थानीय बजारका साथमा काठमाडौं, पोखरा तथा बुटवलसहितका बजारहरूमा खपत हुँदै आएको छ ।

नगरका विभिन्न वडाहरूमा फार्म निर्माण गरी बाह्रैमास उत्पादन दिने उन्नत जातको च्याउप्रति आकर्षण गर्ने कार्यक्रम रहेको छ । नगरले युवा उद्दमीलाई यस क्षेत्रमा आकर्षण गर्न र थप व्यावसायिक बनाउनका लागि आवश्यक तालीम तथा प्रविधिहरू हस्तान्तरण गरिएको छ ।

## गुणात्मक शिक्षाः विद्यालय समायोजन र मर्जर



वालिङ नगरपालिकाले सात सामुदायिक विद्यालय एकापसमा समायोजन गरेको छ भने नौ वटा विद्यालयको तह घटाईएको छ । विद्यालय शिक्षा (१-१२) कक्षा स्थानीय तहको अधिकार भित्र आएसँगै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बृद्धिका लागि विद्यालयहरू एकापसमा समायोजन गरिएको हो । आब २०७६ मा नयाँ चालु शैक्षिक सत्रको सुरूआत चरणमै पाँच वटा सामुदायिक विद्यालय समायोजन गरेर जिल्लामै पहिलो नमुना अभ्यास गरिएको थियो ।



समायोजनमा परेका विद्यालयहरूमा पञ्चमुल आधार भूत विद्यालय वालिङ ११ र जन्मभूमि आधारभूत विद्यालय वालिङ ९ रहेका छन् । कक्षा १ देखि ५ सम्म पठन पाठन हुँदै आएको वालिङ ११ को पञ्चमुल आधारभूत विद्यालयलाई नजिकको पायक पर्ने टापु भञ्ज्याङ राष्ट्रिय माध्यमिक विद्यालयमा समायोजन गरिएको छ ।

कक्षा १ देखि ५ सम्म पठन पाठन हुने वालिङ ९ को जन्मभूमि आधारभूत विद्यालयलाई वालिङ ९ कै भुम्रे माध्यमिक विद्यालयमा समायोजन गरिएको छ । तह घटेका विद्यालयहरूमा मुटु भञ्ज्याङ आधारभूत विद्यालय वालिङ १३ रहेको छ । यो विद्यालयमा कक्षा १ देखि ६ सम्म पठन पाठन हुँदै आएको कक्षा ५ सम्म पठन पाठन हुने गरी तह घटाईएको छ ।

वालिङ ६ मा रहेको बनपाला आधारभूत विद्यालय, प्रभात आधारभूत विद्यालय वालिङ १२, अमर आधारभूत विद्यालय वालिङ १४, भविष्य उज्ज्वल आधारभूत विद्यालय वालिङ

१४, फूलबारी आधारभूत विद्यालय वालिङ १४ र वडा नं. ५ मा रहेको कालिका आधारभूत विद्यालयमा कक्षा १-५ पठन पाठन हुँदै आएकोमा तह घटाएर १-३ बनाईएको छ । वालिङ ४ मा रहेको मदन आश्रित आधारभूत विद्यालय र वालिङ ११ मा रहेको गणेशमान स्मृति आधारभूत विद्यालयमा कक्षा १-४ मा पठन पाठन हुँदै आएकोमा तह घटाएर १-३ बनाईएको छ । विद्यार्थी सङ्ख्या न्यून हुनु एउटा कारण हो भने अर्को कारण भौगोलिक विकटता का कारण शिक्षामा गुणस्तर बृद्धिका लागि विद्यालय समायोजन गरिएको हो ।



विद्यालयहरूलाई एक आपसमा समायोजन गरी शैक्षिक ब्यवस्थापन प्रणालीलाई मजबुत बनाउने उद्धेश्य रहेको छ । वालिङ नगरपालिकाभित्र कूल ८० वटा सामुदायिक विद्यालय रहेकामा सात वटा समायोजन भएसँगै अब ७२ वटा रहेका छन् । नगरले बालमैत्री विद्यालय ब्यवस्थापन, दिवा खाजाको ब्यवस्था, नैतिक शिक्षा प्रदान, सेनेटरी प्याडको ब्यवस्था, एक शिक्षक एक झोला कार्यक्रम, एक विद्यालय एक पुस्तकालय, इ-लाईब्रेरीको ब्यवस्था, जङ्क फूड निषेध, प्राथमिक उपचार बाकसको ब्यवस्था, स्थानीय पाठ्यक्रम निर्माणजस्ता कार्यहरू शिक्षा क्षेत्रमा लागू गरेको छ ।

## गर्भवतीको हातमा अण्डा : घर घरमा झण्डा

वालिङ नगरपालिकाका विभिन्न वडाले गर्भवती तथा सुत्केरी आमा र नवजात शिशुको पोषण स्वास्थ्य अवस्थामा सुधार ल्याउन अण्डा र झण्डा वितरण थालेको छ । वडा कार्यालयले वडाभित्रका एकसय १७ जना सुनौला हजार दिनका आमा र बच्चाको पोषण तथा स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै एक/एक क्यारेट अण्डा वितरण गरिएको छ । अण्डा र झण्डा वितरण अभियानले वडाभित्रका गर्भवती महिलाहरूलाई नियमित गर्भजाँच गर्न उत्प्रेरणा जाग्नुका साथै स्वास्थ्य र पोषणसम्बन्धी सचेतना जगाउन सहज भएको छ । नियमित स्वास्थ्य चौकीमा आएर स्वास्थ्य जाँच गर्दा आमा र बच्चा दुबैको स्वास्थ्य तथा पोषणस्थितिमा सुधार आएको देखिन्छ । यो अभियानलाई निरन्तररूपमा अगाडि बढाएर गर्भवती, सुत्केरी महिला र बच्चाको स्वास्थ्य तथा पोषणका क्षेत्रमा सुधारका संकेतहरू ल्याउने देखिन्छ । गर्भवती महिला



तथा जन्मिने बच्चाको पोषण स्थितिमा सुधार ल्याउनका लागि यो कार्यक्रम निक्कै प्रभावकारी रहेको छ । नगरका केही वडाहरूले गर्भवती महिलालाई ' प्रोटोकल' अनुसार गर्भ जाँच गर्न आउँदा अण्डा वितरण गर्दा गर्भ जाँच तथा संस्थागत सुत्केरी गराउने महिलाको संख्यामा बृद्धि हुने र दुई वर्षसम्मका बच्चाको बृद्धि अनुगमनमा उल्लेखनीय सुधार गर्नमा सघाउ पुगेको देखिन्छ । पोषण सुधार कार्यक्रममा यस कार्यक्रमले टेवा दिने नगरको सोच रहेकोछ ।

'हातमा अण्डा घरमा झण्डा' अभियान अन्तर्गत गर्भवती महिलाको घरमा रातो झण्डा देखिने ठाउँमा लगाईने र बच्चा जन्मेदेखि दुई वर्षसम्मको सुत्केरीको घरमा हरियो झण्डा लगाईने अभियान सञ्चालन गरिएको थियो । गर्भवती तथा सुत्केरी महिला र बच्चाको पोषण एवं स्वास्थ्यलाई विशेष ध्यानमा राखेर गरिएको थियो । पोषणलाई ध्यानमा राख्दै आगामी दिनमा घरमै उत्पादन भएका सागपात तथा पशुपंक्षीजन्य खाद्यपदार्थहरू उत्पादनतर्फ जोड दिइएको छ । यस अभियानले गर्भवती महिलाहरू नियमित स्वास्थ्य संस्थामा आएर गर्भ जाँच गराउने बानीको विकास हुने विश्वास नगरको छ ।

### युवा र कर्णाधारः भविष्यका आधार



स्वस्थ तथा अनुशासित नागरिक र समाजको सृजना गर्न खेलकुदलाई प्रमुख आधारको रूपमा लिइन्छ । नगरले खेलकुद क्षेत्रलाई विश्वव्यापी मूल्य र मान्यताअनुसार विकास गर्न सरकारी, गैरसरकारी एवम् निजी क्षेत्रबीच समन्वय, सहकार्य एवम् साझेदारीको वातावरण सिर्जना गरी खेलकुदको विकास र विस्तार गर्दै यसलाई जनजीवनको अभिन्न अङ्ग बनाउने प्रयास गरेको छ ।



खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान् मानव संशाधनको विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्दै खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा समेत स्थापित गर्न स्थानीय तहदेखि नै कार्यक्रम सञ्चालन गरी 'सबैको लागि खेलकुद' भन्ने अभियानलाई साकार पार्न खोजिएको छ ।

वालिङ नगरपालिकाभित्र विभिन्न विधामा राष्ट्रिय स्तरका उत्कृष्ट खेलाडीहरू रहेका छन । ती खेलाडीहरूको मनोबललाई उचो राख्दै उनीहरूको प्रतिभालाई प्रस्फुटन गराउने दिशामा नगरपालिका कटिबद्ध छ । नगरभित्रका विभिन्न खेलविधाका उत्कृष्ट खेलाडीहरूलाई सम्मान गर्ने, प्रशिक्षकलाई सुविधा प्रदान, क्लबहरूलाई सामग्री हस्तान्तरणजस्ता कार्यहरू हुँदै आएका छन ।

### घरदैलोमा सरकारः घुम्ती सेवाको विस्तार

वालिङ नगरपालिकाले सार्वजनिक सेवालाई नागरिकको घरदैलोमा पु¥याएर शासनप्रतिको बैधता र विश्वासलाई नागरिकसामु स्थापित गरिरहेको छ । पञ्जिकरणको दर्ता अभियानलाई वडा वडामा पुर्याइएको छ भने मोबाइल एप्सबाटै नागरिकले पानी, बिजुली, राजस्व तिर्न सक्ने व्यवस्था गरिएको छ । नगरका घरनक्सा स्वीकृति र अभिले

खीकरणका कार्यहरू अनलाइनबाट हुँदै छन । साथै व्यवसाय दर्ता तथा नवीकरण अनलाइनबाटै हुने व्यवस्था मिलाइएको छ । स्वास्थ्य सेवा अन्तर्गत वडाकै टोल टोलमा गएर महिलाहरूको पाठ्यघर को मुखको क्यान्सरको स्क्रिनिङ गरिएको छ । यस क्षेत्रमा समस्या देखिएका विरामीहरूलाई क्रायोथेरापिद्वार उपचार गर्ने कामको शुरूवात गरिएको छ । साथै कोभिड १९ का बिरामीहरूलाई घरदैलोमा पुगी उपचार गरिएको छ र विपदका बेला अत्यावश्यक सेवालाई नगरले २४ घन्टै तयारी अवस्थामा राखेको छ ।





कृषि र पशुसेवाका कार्यलाई टोल टोलसम्म पुर्याइएको छ । पशु सेवा अन्तर्गत सबै वडाका टोल टोलमा पुगेर पशु स्वास्थ्यसम्बन्धी सेवा प्रदान गर्ने र समस्या समाधानकालागि पहल गर्ने अभियान सञ्चालन गरिएको छ । पशुपालनमा लागेका किसानहरूलाई ब्यवसायिकतातर्फ आकर्षित गर्न र व्यवसाय सञ्चालनकाक्रममा आईपरे का समस्याहरूको समाधानका घुम्ती अभियान गरि एको छ ।




नगरपालिकाले टोल टोलमै पुगेर पशु स्वास्थ्य सेवा उपलब्ध गराउन शुरू गरेको छ । नगरपालिका पशु सेवा वडाहरूका टोल टोलमा पुगेर पशु स्वास्थ्यसम्बन्धी सेवा प्रदान गर्ने र समस्या समाधानकालागि पहल गर्ने अभियानको सुरू गरेको छ । नगरपालिकाका विभिन्न वडामा पशुपालन गर्नुभएका किसानहरूलाई ब्यवसायिकतातर्फ आकर्षित गर्न र व्यवसाय सञ्चालनका क्रममा आईपरेका समस्याहरूको समाधानका लागि सहयोग गर्ने मुख्य उद्देश्यसहित यस अभियानको थालनी गरिएको हो ।




प्रत्यक्ष प्राविधिकसेवा नपुगेका टोलहरूमा पशुपंक्षीको स्थलगत उपचार, निशुल्क औषधि वितरण र गोठ तथा फर्ममै पुगेर पशु तथा पंक्षीहरूको निरीक्षणसँगै आवश्यक परामर्श तथा सुझावहरू दिईने गरिएको छ । पशुपंक्षीपालन गर्न चाहने तर ज्ञानको अभावले समस्यामा परेका पशुपालक किसानहरूकालागि यो अभियान निक्कै महत्वपूर्ण हुने देखिन्छ । परम्परागत र निर्वाहमुखी पशुपालनभन्दा पनि ब्यावसायिकतातर्फ जोड दिनुकासाथै यस्ता कार्यक्रमले नगर





पालिकाले वडाहरूमा पशु प्राविधिकहरू थप गरी समयमै पशुसम्बन्धी स्वास्थ्य सेवा तथा पशुपालन गर्दा आईपर्ने प्राविधिक समस्याहरूकाबारेमा टेवा दिने देखिन्छ । साथै नगरपालिकाले वडाबाटै योजना सम्झौता गरी उपभोक्तालाई सहजता दिएको छ । प्रमुख प्रशासकीय अधिकृत,योजना शाखाका कर्मचारी, इन्जिनियर नगरपालिकाबाट वडामा जाने र सम्बन्धीत वडाध्यक्ष, सचिव तथा छनोट भएका योजनाका उपभोक्ता समितिका पदाधिकारीकाबीच कार्य सम्झौता गर्ने अभ्यासको थालनी भएको छ । एकैदिन सम्झौता गर्दा काम समयमै र छिटोछरितो सम्पन्न गर्न सकिने, उपभोक्ता समितिलाई सहज हुने, योजना सम्झौताका लागि नगरपालिका कार्यालयसम्म धाइरहनुपर्ने अवस्थाको अन्त्य हुने र सही उपभोक्ता पहिचान गर्नमा सघाउ पुग्ने मुख्य उद्देश्यले रहेको छ । यसरी जनताको माग अनुसार को सेवा प्रवाहलाई जनतामाझ पुर्याउने कार्य नगरपालिकाले गर्दै आएको छ ।

## सूचना प्रविधिको लेखाजोखाः नेपालमै दोस्रो पालिका




सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वि.सं. २०७८ सालमा गरेको स्थानीय तहको सूचना प्रविधि क्षमताको लेखाजोखामा यस वालिङ नगरपालिका दोस्रो भएको छ । मन्त्रालयको सूचना तथा प्रविधि शाखाले सात वटै प्रदेशबाट कूल ४३४ पालिकाको लेखाजोखा गर्दा वालिङ नगरपालिका दोस्रो भएको मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक गरिएको हो ।

मन्त्रालयले स्थानीय तहको सूचना प्रविधि क्षमताको लेखाजोखा गर्न विभिन्न ७ विधामा ५० वटा सूचाङ्कहरूको आधारमा मूल्याङ्कन गरी प्रकाशित गरेको नतिजा अनुसार वालिङ नगर पालिकाले दोस्रो स्थान हासिल गर्न सफल भएको छ । स्थानीय तहमा उपलब्ध रहेको जनशक्तिमध्ये सूचना प्रविधिसम्बन्धी ज्ञान भएका जनशक्तिको स्थिति, सूचना प्रविधिसँग सम्बन्धीत पूर्वाधारको उपलब्धता, सूचना प्रविधिमा स्थानीय तहको संस्थागत क्षमताको स्थिति, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, वेबसाइट व्यवस्थापन, डिजिटल साक्षरता, सूचना

प्रविधिसम्बन्धी नीतिगत व्यवस्थाको मूल्याङ्कन गरी आगामी दिनमा गर्नुपर्ने कार्यका बारेमा सुझाव प्रस्तुत गर्ने मुख्य उद्देश्य रहेको छ ।




यस मूल्याङ्कनले स्थानीय तहलाई सूचना प्रविधि प्रयोगको हालको अवस्थाकाबारेमा जानकारी प्रदान गर्दै सूचना प्रविधिका क्षेत्रमा आफ्नो क्षमता अभिवृद्धिका लागि मार्गदर्शन मिल्ने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूचना तथा प्रविधि शाखाको वेबसाइटमा उल्लेख छ ।



सूचना प्रविधिमा स्थानीय तहको क्षमता अभिवृद्धिका लागि काम गर्न चाहने सङ्घीय तथा प्रादेशिक निकाय, अन्य सरकारी तथा गैरसरकारी निकायलाई समेत सहयोगी हुने देखिन्छ । यस अध्ययनका लागि ७ विधामा ५० वटा सूचक तयार गरी सोको अङ्कभार गणनाका लागि स्थानीय तहलाई इमेल तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमार्फत प्राप्त भएको थियो ।




यस मूल्यांकनले हाल नगरमा उपलब्ध भएको स्रोतसाधन, जनशक्ति, संरचनाको अवस्था र आवश्यक पर्ने दक्षता आदिको बीचको अन्तर पत्ता लगाउन सहयोगी हुने देखिन्छ । नगरले सूचना तथा प्रविधिको प्रयोगलाई नागरिकको सेवासँग जोडेर प्रवाह गर्दै आएको छ । वालिङ नगरपालिकाको सूचना प्रविधिलाई तेस्रो पक्षले गरेको मूल्याङ्कन नतिजाले देशभरिकै पालिकाहरूमा दोस्रो पङ्तिमा आउनुले नगरको सूचना प्रविधिको प्रयोग प्रभावकारी देखिएको छ ।




विभिन्न सात वटा क्षेत्रमा दिएको सूचकाङ्कका आधारमा स्थानीय तहले प्रविष्ट गरेको अङ्कभार बमोजिम स्थानीय तहको सूचना प्रविधि क्षमताको लेखाजोखा गर्दा वालिङ नगर पालिका कूल ७८ अङ्कसहित दोस्रो हुन सफल भएको हो ।

## जनसन्तुष्टिको मापन : तेस्रो पक्षको मूल्यांकन

सेयरकास्ट इनिसियटिभ काठमाडौले वालिङ नगरपालिकाको नेतृत्वको कार्यशैली, कर्मचारीको व्यवहार तथा नगर एवं वडाबाट हुने गरेका सेवा प्रवाह, योजना, विकास, जनविश्वास आदिको बारेमा अध्ययन र सर्वेक्षण गरी **नागरिक मत सर्वेक्षण २०७८** तयार गरी प्रकाशित गरेको छ । यो सर्वेक्षण नगरपालिको सेवा प्रवाह, सुशासन, विकास योजना तथा विपद सम्बन्धमा जनताकै घरदैलोमा पुगेर जनसन्तुष्टिका मापनका लागि गरिएको तेस्रो पक्षको मूल्यांकन हो । उक्त संस्थाले नेपालका सात पालिकाबीच विभिन्न जनसन्तुष्टिका सूचकहरूमा अध्ययन र सर्वेक्षण गरको र त्यसमध्ये वालिङ नगरपालिका उत्कृष्ट भएको प्रतिवेदन दिएको छ ।

उक्त सेयरकास्ट इनिसियटिभ संस्था काठमाडौले यस वालिङ नगरपालिकाका १४ वटै वडाहरूका १६ वर्षभाथिका स्थायी बासिन्दा एवं मतदाता परिचयपत्र भएका व्यक्तिहरूलाई यस सर्वेक्षण कार्यमा समावेश गरेको जनाएको छ । सर्वेक्षण विधि छनोट गर्दा नगरको जनसंख्याको अनुपातमा संख्या यकिन गरी अन्तर्वार्ता ५२५ जनासँग लिइएको र प्राप्त मतका आधारमा सर्वेक्षण गरेको जनाएको छ । नगरका ५२५ घरधुरीहरू छनोट गर्नका लागि Random Walk विधि प्रयोग गरिएको र एउटा टोलबाट ९ घरधुरीको चयन गरी अध्ययन गरिएको विवरण प्रतिवेदनमा उल्लेख छ । यस सर्वेक्षणमा नगरभित्रका ६२ टोल विकास संस्था समेटिएको प्रतिवेदनमा छ । सो सर्वेक्षणमा उत्तरदाताहरूमा ५४ प्रतिशत र ४६ प्रतिशत महिला सहभागी भएका रहेका छन ।

सो प्रतिवेदनमा नगरपालिकाको सेवाका बारेमा के कसरी जानकारी पाउनुहुन्छ भन्ने प्रश्नमा उत्तरदाताले वडा प्रतिनिधि र रेडियो तथा फेसबुबाट सेवाको जानकारी प्राप्त हुने धारणा दिएका छन । नगरपालिका वा वडा कार्यालयबाट सेवा समयमै प्राप्त गरेको तथ्याङ्क ८१ प्रतिशतले दिएका छन तर समयमै नपाएको १८ प्रतिशत संख्या रहेको छ। यसले नगरको सेवालाई छिटो छिरितो, पारदर्शी तथा जनमुखी बनाउनुपर्ने देखिएको छ । यसका अतिरिक्त नगरपालिकको सेवामैत्री कार्य र सेवमा अधिक मत सन्तुष्ट देखिए पनि समय पालना, ढिलासुस्ती, अनुचित लाभ, व्यवहार र आचरणका क्षेत्रमा थप सुधार गर्नुपर्ने पृष्ठपोषण सो प्रतिवेदनले दिएको छ । नगरको सेवा प्रति गुनासो गर्ने नागरिक प्रतिशत ८ प्रतिशत रहेको अवस्था छ ।

सो अध्ययनमा उत्तरदाताले वालिङका कर्मचारीको बोलीचाली तथा अन्य व्यवहार तथा कार्यसम्पादनलाई सन्तोषजनक मत दिए पनि थप सुधारको बाटो समेत देखाएका छन । मेयरको ,उपमेयर तथा वडाध्यक्षहरूको कार्यसम्पादनलाई अधिक प्रतिशतले सन्तुष्ट मानेका छन । जनप्रतिनिधि आएपछि विकास निर्माण कार्यले पहिलेभन्दा तीब्र गति लिएको ८५ प्रतिशत सहभागीहरूले मत व्यक्त गरेका छन । यसले स्थानीय शासनप्रतिको बैधता, विश्वास र आशालाई प्रतिनिधित्व गरेको छ । तापनि यी अभ्यासहरू पर्याप्त रहेका छैनन । यसका अतिरिक्त सो सर्वेक्षणमा कर्मचारीको बोली व्यवहार राम्रो रहेको तथा विपदमा नगरको सेवा सन्तुष्ट रहेको उल्लेख छ । कोरोनाको कहरमा नगरको भूमिकालाई ६० प्रतिशतले

सन्तोषजनक मानेका छन । नगरका  सेवा, स्वास्थ्य पहुँच, शिक्षाको गुणस्तर, न्यायिक समितिको कार्यप्रति अधिक प्रतिशतको जनविश्वास रहेको छ ।

साथै नगरबाट वार्षिक रूपमा हुँदै आएको वार्षिक योजना तथा बजेट निर्माण प्रक्रियामा अधिकले आफू सहभागी भएको जानकारी दिए पनि टोल र बस्तीस्तरसम्म जनसहभागिताको पहुँच बढाउनुपर्ने देखिएको छ । नगरपालिकाको अर्ध वार्षिक तथा वार्षिक समिक्षामा सरोकार वाला वर्गहरूलाई समेटेर योजना र बजेट पारदर्शी र नतिजामूलक बनाउनुपरेको छ ।

उक्त सर्वेक्षणले नगरले सुधार र परिमार्जन गर्नुपर्ने क्षेत्रहरू पनि पहिचान गरेको छ । योजनाहरूको  गुणस्तरीय अनुगमन, प्राविधिक कार्यमा निपुणता र कार्यकौशलत, बीउ बिजन तथा अनुदान वितरणमा सुधार गर्नुपर्ने देखिएको छ । यसका साथै महिला केन्द्रित कार्यक्रम, खरको छाना विस्थापित, जेष्ठ नागरिकलाई निशुल्क स्वास्थ्य सेवाजस्ता कार्यक्रमको पहुँच विस्तार गर्नुपर्ने भएको छ । नगरले अधिक राजस्व लिएकोले थप सुधार तथा र युवाहरूमा पर्याप्त लगानी गर्नुपर्ने सो सर्वेक्षणमा रहेको छ । नगरका बाटोहरू स्तरोन्नति तथा कालो पत्रे नहुँदा  दैनिक आवत आवजमा समस्या  भएको अधिक प्रतिशतले भनेका छन । साथै बालहिंसा तथा महिला हिंसाका अंश पनि नगरभित्र रहेका छन ।

सो अध्यनलने सुझावका रूपमा जनप्रतिनिधिलाई थप जिमेमार बन्न तथा  कर्मचारीले समयमै सेवा दिनुपर्ने, सूचना प्रवाह, सम्मानित व्यवहार, कार्यालय समयमै उपस्थिति हुनुपर्ने सुझावहरू दिएका छन । यसरी तेस्रो पक्षबाट गरिएको यस अध्ययनले आगामी कार्यक्रम र सेवालाई परिमार्जन र रूपान्तरण गर्न टेवा मलेको छ । यस समयाविधिमा नागरिकहरू माझ सेवाको मापन गर्ने अभ्याससमेत नगरले सुरूवात गरेको छ जुन स्थानीय शासनमा नागरिकको संलग्नता हो । प्रत्यक्ष नागरिकको नियन्त्रण प्रणाली हो । खबरदारीका साथमा बहस र पैरवी पनि हो ।



## EBIC को स्थापना : नवप्रवर्तन कार्यको रचना

नगरपालिकालाई उद्यमीको शहर बनाउने लक्ष्यसहित उद्यमशीलता, व्यवसाय प्रवर्द्धन तथा अन्वेषणमा जोड दिई नवप्रवर्द्धन केन्द्र (EBIC) को स्थापना गरिएको छ । यस केन्द्रले लगानीमा जोखिम लिने व्यक्ति, उत्पादन र खोजकर्तालाई विशेष महत्व दिइएको छ । बस्तु वा सेवाको उत्पादन वा व्यापार उद्यमशीलताको  विकास मार्फत त्यसको आर्थिक लाभ विस्तार (इकोनोमिज अफ स्केल) र व्यवसायिक विस्तार (कमर्सियल एक्सपानशन) को सम्भाव्यतालाई  आधार लिएको छ । यस कार्यक्रम अन्तर्गत उद्यमी बन्न चाहेका तर उचित ज्ञान नभएका युवा तथा उद्यमीलाई सहयोग र सहजिकरण









गर्ने छ । युवा तथा विदेशबाट फर्किएर स्वदेश मै रहेर उद्यम गर्न चाहने व्यक्तिको सहयोगी केन्द्रको रूपमा ईबिकको स्थापना गरिएको हो । यसले नगरका स्थानीय तहका उद्धमी तथा नया सोच भएका व्यक्तिलाई लगानि र व्यवसायमा उत्प्रेरित गर्दछ । यस केन्द्रले उद्यमी बन्न चाहने व्यक्तिको नविनतम सोच तथा विचारलाई व्यवसायीकरण गर्नमा जोड दिएको छ ।

नगरपालिकामा अवस्थित केन्द्रले मेन्टर रोस्टर अर्थात विज्ञहरूको समूह मार्फत उद्यम गरिरहेका र गर्न चाहेका व्यक्तिलाई सहजीकरण र सहयोग गरेको छ । व्यवसाय सुरू गर्नका लागि अपरिहार्य रहेको संस्था दर्ता प्रक्रिया नविकरण अडिटलगायका कार्यमा उद्यमीलाई कागजी प्रक्रिया पुऱ्याउन यसले महत्वपूर्ण सहयोग गर्नुका साथै उत्पादित वस्तुलाई सहज र व्यवस्थित रूपमा बजारसम्म पुऱ्याउने उपायको खोजीमा समेत सेन्टरले महत्त्वपूर्ण सहयोग गरेको छ ।

**यस केन्द्रका तीन कार्यहरू**

१. उद्दमशील केन्द्र स्थापना गर्ने

२. व्यवसायिक सोच कार्यान्वयन

३. नव प्रवर्तन कार्यको विस्तार गर्ने

यो उद्यमी, सल्लाहकार समिति, व्यवसायी विज्ञ, लगानिकर्ता, वित्तीय सस्था, स्थानीय तह र सरोकारवाला संस्थाहरूको सञ्जालमार्फत नयाँ उद्यम तथा व्यवसाय प्रवर्द्धनका लागि लयाइएको अवधारणा हो । नगरपालिकाले युवाहरूलाई स्थानीय स्तरमै स्वोरोजगार हुने वातावरण सिर्जना गरेर युवाहरूको सामाजिक र आर्थिक स्तरमा सुधार ल्याउने यसको मुख्य उद्देश्य राखेको छ ।

स सेन्टरले १ हजार ३ सय जनालाई व्यक्तिहरूलाई सहजीकरण गरिसकेको छ । यसका लागि विभिन्न व्यावासायिक एकाइहरू, कर्मचारी, कामदार आदिको सुपरीवेक्षण र उत्पादन प्रणालीको ब्रान्डिङमा यस कार्यक्रम लक्ष्यित छ ।

## डिजिटल प्रोफाइल  Real Time Data Management

डिजिटल प्रोफाइल सिस्टम स्थानीय तहको नीति निर्माण र योजना व्यवस्थापनका लागि चाहिने एउटा अत्याधुनिक र अति आवश्यक तथ्याङ्क प्रणालीमा आधारित Module हो । वालिङ नगरपालिकाले स्मार्ट पालिकाको कार्यूचीलाई पूरा गर्न Real Time मा आधारित रही डिजिटल प्रोफाइल तयार गरेको छ । यसबाट नगरका सबै घरधुरी, व्यापार व्यवसाय, सार्वजनिक स्थान लगायत व्यक्तिगत विवरण एकै ठाउँमा हेर्न तथा अद्यावधिक गर्न र रिपोर्ट निकाल्न सकिन्छ । यस कारण नगरको डिजिटल प्रोफाइल उत्कृष्ट प्रणालीमा आधारित छ । यस प्रणालीलाई अनलाईन तथा अफलाइन चलाउन सकिनुका साथै मोबाईल एप्ससँग एकीकृत गर्न सकिन्छ । यस Digital LG profile स्मार्ट पालिकाको ७२ मोड्युलमध्ये एउटा विशेष मोड्युल हो। यसले अतिरिक्त सेवा र सुविधाहरूसँग कुनै पनि क्षेत्रमा विस्तृत जानकारी र डाटा प्रदान गर्दछ जसले स्थानीय सरकारलाई नीति, कानुन तथा योजना बनाउन सहयो ग गर्दछ । यस प्रणालीभित्र वालिङ नगरको सामाजिक, आर्थिक तथा भौगोलिक तथ्याङ्कको Store र Analyze भएको छ । सबै तथ्याङ्कको सबै डाटाको Graphical Representation हुने र विभिन्न आवश्यक्ता र category अनुसार Filter गर्न प्रणालीहरू यसमा रहेका छन ।




यस प्रणालीले अधिक बहुमुखी, रणनीतिक र भौगोलिक स्थानहरू, घरेलु डाटा र सार्वजनिक स्थानहरूबारे सही जानकारी प्रदान गर्न सक्दछ। साथै डिजिटल प्रो फाइलले एक डाटाबेस पुर्वाधार (Database Foundation) को स्थापना गर्न सहयोग गर्दछ भने स्मार्ट ड् यासबोर्ड, नियन्त्रण, ग्राफ र सुविधाहरू समावेश एवं प्रदर्शन समेत जानकारी दिने गरेको छ । नगरको जनसात्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लै ङ्गिक सशक्तिकरण सूचकाङ्क, सार्वजनिक सम्पत्ति डिजिटाइजेसन आदि तथ्याङ्कहरू यस प्रणालीबाट प्राप्त गर्न सकिन्छ ।

## ई–बिपीएस (e–BPS) प्रणाली लागू :




वालिङ नगरपालिकामा घर नक्सा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न अनलाईन माध्यमबाट घर नक्साका सम्पूर्ण सेवाहरू प्रदान गर्न सुरू गरिएको छ । वालिङ नगरपालिकाले आफ्ना सम्पूर्ण सेवाहरू विद्युतीय माध्यमबाट प्रवाह गर्दै जाने अभियानमा यो Electronic

Building Permit System ले नागरिकलाई घर नक्सा सम्बन्धी सेवा प्राप्त गर्न सरल, सहज र सर्वसुलभ हुनेछ । युएनडिपीको सोर्सकोड लिई वालिङ नगरपालिकाले परामर्शदाताबाट यो विद्युतीय प्रणाली तयार गरेको हो ।

## सिकाई केन्द्रको HUB बन्दै वालिङ नगरपालिका

स्मार्ट सिटी, फोहोरमैला, गुलाबी सहर र सूचना प्रविधिको क्षेत्रमा वालिङ नगर पालिकाले आफ्नो पहिचान विस्तार गरिहेको छ । नगरपालिकाले सञ्चालनमा ल्याएको नगरको सरसफाई व्यवस्थापन कार्य नेपालका अन्य अन्तरपालिकाका सरकारका लागि अनुकरणीय र सिकाईको विषयका रूपमा विस्तार भएको छ । नगरपालिकाले नगरभित्रको



फोहोर मैलाको उचित ब्यवस्थापन गरी मोहर का रूपमा उक्त स्रोतलाई रूपान्तरण गरेको छ । नगरको यस व्यवस्थापकीय कार्यबाट विभिन्न पालिकाहरू, फोहोर मैलाका क्षेत्रमा कार्य गर्ने विभिन्न संघ संस्थाहरू तथा विश्वविद्यालयका अध्येताहरूको स्थलगत अध्ययन गर्ने थलोको रूपमा आकर्षण बढेको देखिन्छ ।



आर्थिक वर्ष २०७१/ ०७२ बाट नागरिककै संलग्नतामा फोहोर मैला व्यवस्थापन कार्य थालेको यस वालिङ नगरपालिकामा हालसम्म नगरपालिका तथा गाउँपालिकाबाट पाँच सय बढी विभिन्न समूहहरूले अध्ययन अवलोकन गरिसकेको तथ्याङ्क नगरपालिकामा छ ।

नागरिककै संलग्नता र सहभागितामा फोहोर मैलालाई ब्यवस्थित तरिकाले छुट्ट्याउने र त्यसको उचित व्यवस्थापनमा



नगरपालिका लागेको छ । यस कार्य फोहर लाई मोहरमा बदल्ने अभियान हो । नगर पालिकाले फोहोरलाई आर्थिक स्रोतकोरूपमा विकास गरेपछि यसको व्यवस्थापकीय प्रक्रिया बारेमा बुझ्न आउनेको संख्या बढ्दै गएको हो । नगरकै नेतृत्व र नागरिकको सहभागिता नगरको फोहर लाई वर्गीकरण गरी त्यसको कुहिने र नकुहिने प्रकृति अनुसार ब्यवस्थापनमा

जोड दिइएको छ ।

वालिङ नगरपालिका र दिदीबहिनी एवं समाज उत्थान गैर सरकारी संस्थाबीच फोहोरमैला ब्यवस्थापनको चारखम्बे अवधारणा अनुसार २०७१ असोजमा सम्झौता भई फोहोर सङ्कलन शुरू भएको थियो । यसपछि नगरपालिका आँफैले अहिले त्यसको ब्यवस्थापन गर्दै आईरहेको छ ।



वालिङ नगरपालिकाले फोहोरमैलाका क्षेत्रमा नमूना र फरक मोडेल अथवा 'वालिङ मोडेल' तयार गरी कार्यान्वयन गरिरहेको छ ।

नगरपालिकाले फोहोर मैलाका क्षेत्रमा विशेष गरी चार वटा कार्यहरू पृथक रूपमा व्यवस्थापन गरेकै कारणले यो मोडेल फरक र नमूनायोग्य मानिएको छ । पहिलो नगर भित्रको कुहिने/नकुहिने/शिसाजन्य फोहोर सङ्कलनमा नागरिकको प्रत्यक्ष सहभागिता जुटाइएको छ । दोस्रो नगरद्धारा स्थापित स्रोत व्यवस्थापन केन्द्रमा सो फोहोरलाई लगी 'ईण्डष्ट्रियल वेस' मा त्यसको पुर्नप्रयोग तथा प्रशोधनको कार्य भइरहेको छ । तेस्रो कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउने तथा नकुहिनेलाई पुर्नप्रयोगमा लयाउने अभ्यास गरिएको छ । चौथौ प्रशोधन र पुर्नप्रयोगमा अधिकतम प्रविधिको प्रयोग गरिएको छ । यिनै व्यवस्थापकीय कार्यशैलीका कारण वालिङ नगरको फोहोरमैला ब्यवस्थापन कार्य भिन्न र पृथक रहेको छ । पछिल्लो समयमा सरसफाई केन्द्र शैक्षिक थलोको रूपमा विकसित हुँदै गएको छ । नगरपालिकाले फोहोरमैलाका क्षेत्रमा गरेका कार्यहरूका बारेमा जान्न बुझ्न देशका विभिन्न ठाउँबाट यहाँ आउने र फर्केपछि आ-आफ्नो ठाउँमा यही मोडेलकोरूपमा काम थाल्ने गरेका उदाहरण पनि छन । यहाँको उक्त फोहोर व्यवस्थापनको अवलोकन गरेर फर्केपछि कतिपय स्थानीय तहले आ आफ्नो ठाउँमा यही मोडलबाट फोहर संकलन कार्य थालेको जानकारीहरू प्राप्त भएका छन र यसले गर्दा वालिङ नगरलाई थप उर्जा मिलेको छ ।



त्यसैले यो कार्य सिकाइको थलोकोरूपमा विकसित भएको देखिन्छ । यसर्थ यस कार्य स्रोतको उपयोगिता, आय आर्जनको










स्रोत र एकीकृत ब्यवस्थापनका दृष्टिले देशकै नमूना बनाउने अठोटकासाथ अगाडि बढेको छ ।

व्यवस्थापन गर्न नजान्दा फोहोर हो भने कुशल ब्यवस्थापन गरेमा मोहोर हो भन्ने तथ्यलाई प्रमाणित गर्ने कार्यमा नगरपालिका लागेको छ । यसर्थ हरेक प्रकारका फोहोर आम्दानीका राम्रा स्रोत हुन सक्छन् भन्ने पुनर्पुष्टि भइसकेको छ । कुशल र रणनैतिक व्यस्थापनले फोहोर समस्या होईनन् आर्थिक विकासका स्रोत हुन भन्ने व्यवहारमा देखिएको छ । हाल यस केन्द्रलाई 'वेष्ट रिसोर्स म्यानेजमेन्ट सेन्टर' का रूपमा रूपान्तरण गरिएको छ । यसर्थ वालिङ नगरपालिका फोहरमैलाको क्षेत्रमा पटक पटक पुरस्कृत भईसकेको नगरपालिका पनि हो ।

फोहरमैला व्यवस्थापन गर्दा शहरको सौन्दर्यता वढेको र स्वास्थ्य, वातावरण लगायतका विषयमा प्रत्यक्ष लाभ हुनुका साथै पर्यटकीय हिसावले पनि कार्यक्रमले राम्रो प्रभाव परेको छ । नेपालको संविधानले तहगत सरकारमा नीति कार्यक्रम, स्रोत परिचालन एवं समन्वयम स्वायत्ततासहित कार्यगत अन्तरआबद्धता खोजेको छ । त्यही अनुरूप यस नगरपालिकाले अध्ययनको थलो बन्दै गएको छ । यस नगरपालिकाका नीति, कार्यक्रम,सुशासन तथा सेवा प्रवाह सम्बन्धमा आगन्तुकहरूको चासो रहने गरेको छ ।

## चुनौतीहरू

स्मार्ट सिटीको अवधारणा सहरी विकासको रणनैतिक (Strategic) सोच र कार्यढाँचा हो । यसमा नेतृत्वले जनताको विश्वास र सहभागिताका लागि ठूलो सङ्घर्ष गर्नुपर्छ । स्मार्ट शहर एक वैज्ञानिक योजना हो र यस अवधारणा लागू गर्न विश्वभर विकास भएका नयाँ टेक्नोलोजिकल र नेटवर्क इन्फ्रास्ट्रक्चरको विकास जरूरी छ । एकातिर आईसीटी र अन्य प्रविधिहरूलाई नागरिकको सार्वजनिक लाभसँग जोडेर जीवनस्तरमा सुधार ल्याउन चुनौती छ भने अर्कोतिर शहरी योजनाको कार्यान्वयन र सेवाहरूको विस्तारका लागि खर्बौ लगानीको जरूरी छ । आन्तरिक आय कमजोर भएको यस वालिङ नगरपालिकाले संघीय सरकारको अनुदानमा मात्र निर्भर नभई साझेदारीमा निजी, सहकारी तथा विकास साझेदारको लगानी

जुटाउनुपर्ने देखिन्छ । नागरिकहरूमा सेवाको विस्तार र प्रतिस्पर्धा बनी स्थानीय स्रोतको आर्थिक, सामाजिक र पर्यावरणीय रूपमा कुशल कार्यान्वयन गर्नुपर्ने देखिन्छ । स्मार्ट सहरी विकास दीर्घकालीन रणनीतिको परिणाम हो । विश्वको अभ्यास हेर्दा कम आय भएका देशहरूमा स्मार्ट शहर निर्माण असाध्यै लामो र चुनौतीपूर्ण यात्रा हो र यस क्षेत्रका चुनौतीहरू निम्न छन –

- लगानी, जनशक्ति, पूर्वाधार विकासका लागि गतिशील र दूरदर्शी नेतृत्व आवश्यक पर्दछ । यसका लागि स्मार्टमैत्री नीति, कानुन र पद्ति विकास भएको हुनुपर्छ । निजी क्षेत्र लगानीका लागि आतुर हुने वातावरण सृजना र विकास साझेदारको आकर्षण बन्नपर्छ । सहरका नागरिकका सहभागितामा नै शासन गर्ने संस्कार विकास हुनुपर्छ । धेरै जसो कामहरू एक डिजिटल तथा डाटाबाट सञ्चालित हुने भएकोले साइबर सुरक्षामा जोड दिनुपर्छ ।
- यस अवधारणा लागू गर्दा दिगोपन स्मार्ट शहरहरूको अर्को प्रमुख पक्ष हो। दिनानुदिन शहरीकरण बढिरहेको छ । सहरहरूमा बस्तीको व्यववस्थापन जटिल छ । सडक साँघुरो छन । ट्राफिक व्यवस्थापन अस्तव्यस्त छन । शहरी क्षेत्रहरूमा नागरिक कल्याण र सरकारी दक्षताको विकासलाई सदैव चुनौती छन । विकासले नै पर्यावरणीय जोखिम बढेका छन र जसमा भौगोलिक पदचिह्नहरूले पारिस्थितिक प्रणालीहरूलाई असर गर्छन । वातावरणीय उत्सर्जनसँग पर्यावरणलाई नकारात्मक असर पार्छन् । स्मार्ट सिटी निर्माणमा सहरका नागरिक, निवासीहरू, व्यवसायीहरू र विज्ञ सबै सामेल हुनु पर्छ। शहरका नेताहरूले स्मार्ट सिटी लाभको बारेमा जागरूकता बढाउन जरूरी छ ।
- सार्वजनिक र निजी क्षेत्र र शहरका बासिन्दाहरूको बीच सहयोगको बढाई स्मार्ट नागरिकको सहर र समुदायमा सकारात्मक योगदानको लागि संलग्न र सशक्त हुनेछ । स्मार्ट सिटी परियोजनाहरूमा डाटा पारदर्शी र नागरिकहरूको लागि उपलब्ध गराई रणनैतिक योजनाहरूलाई समावेश गर्नुपर्छ । यसले खुला डाटा पोर्टल वा मोबाइल एपको माध्यमबाट यो बासिन्दाहरूलाई सक्षम बनाउँछ ।
- यसबाहेक, सार्वजनिक पारवहन, यातायात व्यवस्थापन, सार्वजनिक सुरक्षा, पानी र फोहोर व्यवस्थापन, बिजुली र प्राकृतिक ग्याँस आपूर्ति अविश्वसनीयले सहरलाई असर पार्छन । शहरको विस्तार र यसको पूर्वाधारमा माग वृद्धि हुनेछ र यी प्रणालीहरूको निरन्तर चुस्तता राख्नुपर्ने हुन्छ ।
- नेपालमा 'स्मार्ट सिटी' बनाउन सकिने थुप्रै सम्भावना भए पनि कार्यान्वयन पक्ष भने चुनौतीपूर्ण रहेको देखिन्छ । यसअघि सरकारले घोषणा गरेका नगरहरूको पछिल्लो अवस्था हेरेर पनि अडकल गर्न सकिन्छ । सरकारले योजना त ल्याएको छ तर त्यसको कार्यान्वयन पक्ष फितलो देखिएको छ । संसारका विभिन्न स्मार्ट सहरहरूका विभिन्न मापदण्ड भएजस्तै नेपालका पनि विभिन्न सहरहरूले विज्ञहरूसँग

सल्लाह गरी भौगोलिक परिस्थिति र आवश्यकताअनुसार आआफ्नै मौलिक किसिमका सन्तुलित मापदण्ड बनाएर स्मार्ट सिटी निर्माण गर्नुपर्ने देखिन्छ ।

- यस्ता चुनौतीका बोचमा वालिङ नगरपालिकाले सूचक बनाई सो अनुसारको लगानीमा केन्द्रित गरेको छ । वालिङ नगरले स्मार्ट सिटीको गन्तव्यमा रहेर विकासको मोडालिटी तय गरेकोले त्यसका लक्ष्य प्राप्ति हुने गरी कार्यसम्पादन गर्नु पर्छ । नगरपालिकाले Basic City चरणमा रहेकोले गन्तव्यमा पुग्न विद्मान संरचनामा लगानी र प्रतिफल आउने गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ ।
- नगरका ग्रामीण स्थानका सडक पूर्वाधार कच्ची अवस्थामै रहेकोले तिनको गुणस्तर सुधारका साथै स्तरोन्तिमा ध्यान दिनुपर्छ । नगरले बीसभन्दा  बढी स्थानीय ऐन र कानुन निर्माण गरी सहरी निर्माणका आधार तय गरेको छ । तर नगरको आन्तरिक आय कमजोर भएकोले लगानी जुटाई ती ऐन कानुन कार्यान्वयन गर्नुपर्छ । रणनैतिक सोच अनुरूपका योजना तथा कार्यक्रमहरूलाई संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरी कार्यान्वयन गरिनुपर्छ । आर्थिक तथा सामाजिक उन्नतिका लागि स्थानीय तहमा रोजगारीकेन्द्री कार्यक्रम लागू गर्नुपर्छ भने पूर्वाधार विकास अन्तर्गत सडक, भवन तथा  उद्दमका स्थानीय गौरवका आयोजनाले प्राथमिकता पाउनुपर्छ ।
- यसका अतिरिक्त रणनीतिक कार्यक्रमलाई बहुवर्षीय रूपमा लगेर कार्यान्वयन गरी लक्ष्य पूरा गरिनुपर्छ । नगरका सबै घर सडक सञ्जालमा जोडिएका छन र अब ती सडकरूको विस्तार, स्तरोन्नति र गुणस्तरमा यथेष्ट लगानी हुनुपर्छ । नगरका Game Changer योजना तथा कार्यक्रम तर्जुमा गरी १४ वटै वडाको जनजीवनमा परिवर्तन ल्याउने अभ्यासलाई कार्ययोजनाको ढाँचामा रूपान्तरण गर्नुपर्छ ।
- कृषि तथा पशुपालनको क्षेत्रका कार्यक्रमलाई पहिलो प्राथिमकता दिई कृषकको उत्पादनलाई बजारमा जोड्नुपर्दछ । विपन्न वर्गलाई संरक्षण गरी आय आर्जनमा जोडने कार्यक्रम सञ्चालन गरिनुपर्छ । सेवा प्रवाहलाई सेवामैत्री बनाई जनताप्रति नगरको विश्वास वृद्धि गर्ने गरी कार्यसम्पादन हुनुपर्छ ।
- कोभिड १९ कारण उत्पन्न परिस्थितको आंकलन गरी नगरको आर्थिक विकास रणनीति तर्जुमा गरी लगानी र आर्थिक सम्भाव्यताको खाका त कोरेको छ तर नगरका सबै वडा केन्द्र जोड्ने रणनैतिक सडकहरू सञ्जाललाई महत्व दिनुपर्छ । नगरका बहुवर्षीय कार्यक्रम तथा योजनालाई प्राथिमिकीकरण र बहुवर्षीय तवरले विनियोजन गरी कार्यान्वयनमा ल्याउनुपर्छ । विशेष गरी कोभिड १८ कारण शिथिल भएको स्थानीय अर्थतन्त्रको पुनरूत्थानका लागि नगरले आर्थिक विकास रणनीति तर्जुमा गरी स्मार्ट सिटीको खाका पूरा हुने गरी पूर्वाधारमा लगानी, उत्पादन, रोजगारी र वितरणमा जोड दिनुपर्छ ।
- नगरले स्मार्ट सूचक अनुसारको लगानी, बजेट, कार्यक्रम तथा नीतिको कार्ययोजना तयार गरी स्रोत, जनशक्ति, विज्ञता, सहभागिता आदि जुटाउनुपर्ने हुन्छ ।

## अनुसूचीहरू

## अनुसूची १

**वालिङ नगरपालिकालाई COVID–19 व्यवस्थापनका लागि प्राप्त स्वास्थ्य सामाग्रीहरू :-**

| क्र.सं. | प्रदान गर्ने व्यक्ति/संस्था | प्राप्त स्वास्थ्य सामाग्रीहरु |
|---|---|---|
| १. | मणि सुवेदी | कन्सन्ट्रेटर - ३ थान |
| २. | उपकार बचत तथा ऋण सहकारी संस्था लि. वालिङ | वेड साइड लकर - ५ थान |
| ३. | दक्षिण कोरिया स्याङ्जा परिवार | अक्सिजन सि. - २ थान |
| ४. | सक्षम वालिङ सिटिजन क्लव | सर्जिकल मास्क - २७०० पिस |
| ५. | Ipas Nepal | १. स्यानिटाइजर - २० ग्यालिन (५ लि)<br>२. सर्जिकल मास्क - ४००० पिस<br>३. सेनिटाइजर(100ml) - २०० पिस<br>४. KN95 मास्क - ५० पिस<br>५. Disposable gloves - ५०० जोडि<br>६. PPE set - ४ पिस<br>७. Apron - १० पिस<br>८. Pulse oxymeter - २<br>९. Digital Thermometre - ७<br>१०. Utility Gloves - ६ जोडि |
| ६. | Apenny For Nepal U.K. | अक्सिजन कन्सन्ट्रेटर - २ थान |
| ७. | Right For Children | १. अक्सिजन कन्सन्ट्रेटर - १ पिस<br>२. अक्सिमिटर पल्स - १० पिस<br>३. पिपिइ सेट - ६२ पिस |
| ८. | CBRS Nepal | १. अक्सिजन कन्सन्ट्रेटर - १ थान<br>२. पल्स अक्सिमिटर - १ थान<br>३. पि.पि.इ सेट - ६५ थान |
| ९. | आयुर्वेद औषधी व्यवसायी संघ वालिङ | आयुर्वेद औषधी |
| १०. | लायन्स क्लव अफ वालिङ सिटि | १. थर्मल गन - १० पिस<br>२. Nasal Mask - १०० पिस<br>३. पल्स अक्सिमिटर - ३० पिस<br>४ .पि.पि.इ सेट - २० पिस<br>५. Gloves (100 pcs) - १० प्याकेट<br>६. अक्सिजन रेगुलेटर - १५ पिस<br>७. सर्जिकल मास्क - २५०० पिस |
| ११. | गरिमा विकास बैंक लि. वालिङ शाखा | नगद |
| १२. | नेपाल चिकित्सक संघ | अक्सिजन कन्सन्ट्रेटर - २ थान |

| | | |
|---|---|---|
| १३. | रोटरी क्लव अफ दि हिमालयन गोर्खा | १. अक्सजिजन कन्सन्ट्रेटर - २ थान<br>२. अक्सिजन फ्लो मिटर - ५ सेट<br>३. अक्सिजन मास्क - १० थान<br>४. अक्सिजन Nasak Cannub - १० थान<br>५. सर्जिकल Gloves - १०० पिस<br>६. फेस मास्क - १० बक्स<br>७. पि.पि.इ सेट - १० थान<br>८. अक्सिजन सिलिण्डर |
| १४. | Taiwan L.J.M Buddhist Society एवं डा पवमान सुवेदी | १. Oxygen Concentrator<br>२. PPE Set<br>३. Antigen kit<br>४. Face Shield<br>५. Mask Surgical<br>६. Gloves |
| १५. | स्याङ्जा सहयोग समाज अन्तराष्ट्रिय समन्वय समिति | १. Oxygen Cylinder - ३ थान<br>२. Oxymeter (Pulse) - ११ थान |
| १६. | छाँया नेपाल संस्था | १. Patient Moniter – ५ थान<br>२. Wheel Chair – ५ थान<br>३. Nebulizer –१० थान<br>४. PPE set – १०० थान<br>५.Loose Gloves (50 Pairs)–१०० बक्स<br>६. Surgical Gloves – ५०० जोडि<br>७. Nasal Cannula – ५० थान<br>८. Oxygen Bag Mask – ५० थान<br>९. Sanitizar – १५ लिटर<br>१०. Face Shield – १०० थान<br>११. Pulse Oxymeter – १० थान<br>१२. N95 Mask – १०० पिस |
| १७. | स्याङ्जा U.K. समाज | Oxygen Concentrator - १ थान |
| १८. | सु-आहारा परियोजना | १. Surgical Mask - ९५० पिस<br>२. Sanitizer (100ml) - १०० पिस<br>३. Sanitizer (500 ml) - १७ वोटल<br>४. PPE Set - ६८ सेट |

| | | |
|---|---|---|
| १९. | सेवाका लागि युवा | १. Oxygen Concentrator - २ थान<br>२. PPE - १० थान<br>३. Mask - १५० पिस<br>४. Sanitizer - ५ लिटर |
| २०. | सुदर्शन रेग्मी तथा विष्णु रेग्मी - वालिङ २ | औषधिहरू |
| २१. | Childhood Club वालिङ २ (धनुवासे स्वास्थ्य चौकिमा प्रदान) | १. Sanitizer -<br>२. Mask - १०० पिस<br>३. Gloves - ६ जोडा |
| २२. | वालिङ न पा साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था/ गाँउवेशी बचत तथा ऋण सहकारी संस्था लि | १. Oxygen Concentrator - २ थान<br>२. Pulse Oxymeter |
| २३. | ल्याप्टेन याम बहादुर गुरूङ द्वारा (छोरी/ज्वाइ) | १. Patient Monitor - ५ थान<br>२. Wheel Chair - १० थान<br>३. Strecher - १० थान<br>४. Outoclave Machine (100l) - १ थान<br>५. P.P.E Set - १०० पिस<br>६. Patient Trolley - २ थान<br>७. Antigen test kit - ५० पिस<br>८. KN95 Mask - ३०० पिस |
| २४. | बोलबम बहुउदेश्यीय सहकारी संस्था लि. | १. Oxygen Flow meter<br>२. Pulse Oxymeter |
| २५. | स्याङ्जा ग्यास विक्रेता संघ अध्यक्ष जयलाल गिरी | १. Thermal Gun |
| २६. | वालिङ जेसिस | १. Surgical Mask - २००० पिस<br>२. Sanitizer - २० लि<br>३. Gloves - ५०० पिस<br>४. Face Shield - २० पिस |
| २७. | वालिङ स्थित सहकारी संस्थाहरूबाट (१ संस्था/१ बेड) | १. Patient Bed - १८ थान |

| | | |
|---|---|---|
| २८. | श्री स्याङ्जा अटोइन्जिनियरिङ एसोसियसन | १. Oxygen Cylinder - ११ थान |
| २९. | श्री पतन्जली योगपिठ बाट | १. चामल - ११० वोरा<br>२. सावुन - १० कार्टुन |
| ३०. | श्री कृष्ण डुम्रे एनआरएन सदस्य वालिङ १४ हाल अफ्रिका | १. Patiend Bed - ३ थान |
| ३१. | श्री डोलराज पंगेनी/परिवार वा.न.पा ८ हाल ktm | १. ICU Bed - ५ थान<br>२. Patiend Bed - ५ थान |
| ३२. | पेन्थेक माईग्रेन्ट समिति (दक्षिण कोरिया) | १. Mask - ८५०० पिस |
| ३३. | स्कुल अफ डेमोक्रेसी स्याङ्जा | १. Stand Sanitizer Mask |
| ३४. | भगवती आमा समुह | १. चामल |
| ३५. | Ipas Nepal | १.४३ हजार बराबरको स्वास्थ्य सामाग्री |
| ३६. | डोलराज शर्मा/परिवार<br>(वा.न.पा-८ हाल ktm) | १. Wheel Chair - ११ थान<br>२.Sodium Hydrochloride - ५ लिटर<br>३. PPE Set - १० सेट<br>४. Spray Tanker - ३ थान<br>५. Surgical Mask - १०००० पिस<br>६. Gloves - २००० पिस<br>७. Thermal Gun - ७ थान |
| ३७. | प्रभु बैंक लि. वालिङ शाखा | १. PPE Set - ६ सेट<br>२. Surgical Gloves - ५० जोडि |

**राहत दिने व्यक्ति तथा संस्था**

| क्र.स. | राहत दिने व्यक्ति तथा संस्था | रकम | कैफियत |
|---|---|---|---|
| १. | रेखा थापा कार्यपालिका सदस्य | १००००००.०० | |
| २. | रामप्रसाद अर्याल | १०१५५.०० | |
| ३. | टुक बहादुर श्रेष्ठ | ५०१००.०० | |
| ४. | थमन बहादुर अर्याल वालिङ ८ | २५५२५.०० | |
| ५. | भेषराज गैह्रे वालिङ १३ | १०१०००.०० | |
| ६. | विष्णुप्रताप खांण समेत | ५१०००.०० | |
| ७. | कटौजे आमा समुह वालिङ ८ | ८०००.०० | |
| ८. | जोगराज पाठक | ३४५३०.०० | |

| | | | |
|---|---|---|---|
| ९. | वि.पि.स्तरी युथ सरकल वालिङ र दराइजीङ युथ ग्रक्स वालिङ | २००००.०० | |
| १०. | नारायाण प्रसाद शर्मा/ दुर्गा देवी शर्मा वालिङ ८ | १५००००.०० | |
| ११. | वालिङ स्थीत सबै हाडवयर पसहरू | २१००००.०० | |
| १२. | वालिङ सानाशहरी खानेपानी | ७१५००.०० | |
| १३. | रामकान्त पाठक/छोरा शिव पाठक | ५००००.०० | |
| १४. | पर्शुराम गैह्रे वालिङ ९ | ३००८०.०० | |
| १५. | के.पी. गैह्रे वालिङ ९ | २२२२२.०० | |
| १६. | सुदन गैह्रे वालिङ १३ | १५०००.०० | |
| १७. | नवदुर्गा आमा समुह वालिङ १३ | १५०००.०० | |
| १८. | प्रकाश न्यैपाने/ कल्पना | १००५०.०० | |
| १९. | २०४१ सालका एस एल सि ब्याज पूर्णामृत भवानी मा.वि. का | १६१०३०.०० | |
| २०. | रत्न विक्रम सेन वालिङ ५ | १००००.०० | |
| २१. | ख्याम डुम्रे वालिङ १४ | १५०००.०० | |
| २२. | हुमनाथ पाण्डे समेत वालिङ ६ | १०००००.०० | |
| २३. | सीता डुम्रे वालिङ ८ | २००००.०० | |
| २४. | निमा ढुङगाना वालिङ ९ हाल अष्टेलीया | २००००.०० | |
| २५. | मनकुमारी स्मृती ट्रस्ट | १००१२७.०० | |
| २६. | सुमन कुमार शाही | ३००००.०० | |
| २७. | शान्ती अर्याल वालिङ ८ | १००१००.०० | |
| २८. | गुरूप्रसाद पंगेनी वालिङ ९ | ११९००.०० | |
| २९. | रूद्रप्रसाद वगाले वालिङ ९ | ५१००.०० | |
| ३०. | गैह्रे मसला उद्योग वालिङ ९ | ५५५५.०० | |
| ३१. | भुपेन्द्र प्रकाश मल्ल/शान्ती मल्ल हाल वेलायत | ५११११.०० | |
| ३२. | श्री राधामाधव समिति नेपाल एंव डिभाइन युथ क्लव नपाल वालिङ शाखाद्धार | २८१२०.०० | |
| ३३. | विण्णुप्रसाद कडेल वालिङ ८ हाल अमेरिका | ५०००५.०० | |
| ३४. | श्याम प्रसाद गैह्रे वालिङ ८ | २५०००.०० | |

| | | | |
|---|---|---|---|
| ३५. | कोरीयामा बस्ने वालिङ नगरवासीहरू | ४२३७९८.०० | |
| ३६. | वालिङ भलिबल क्लव | २५०००.०० | |
| ३७. | सुदिप गैह्रे वालिङ वालिङ १३ हाल कोरिया | १००००.०० | |
| ३८. | अजम बराल वि.क. / जीवन बराल वि.क. वालिङ १३ | १५०००.०० | |
| ३९. | लोकनाथ अर्याल वालिङ ६ | २००००.०० | |
| ४०. | जर्मनी नागरिक | १०२००.०० | |
| ४१. | गरीमा विकास बैक वालिङ शाखा | ५०००००.०० | |
| ४२. | अनन्तराज शर्मा वालिङ ८ | २००००.०० | |
| ४३. | छिमेकी लघुवित्त | २९०००.०० | |
| ४४. | श्री विण्णुप्रसाद रेग्मी वालिङ ५ | ४३८९५.०० | |
| ४५. | श्री बुद्धि नारायण अर्याल वालिङ १४ | ५१००.०० | |
| ४६. | स्व.डिल कुमारी सुवेदो को सम्झनामा निर्माला सुवेदी हाल अमेरिका/बुबा डिल्लीराम सुवेदी | १०५५५५.०० | |
| ४७. | सुमन बस्याल वालिङ ८ हाल अमेरिका | १०००००.०० | |
| ४८. | पदम बहादुर थापा दिकमाया थापा वालिङ ६ बुबा गंगा बहादुर आमा तीलकुमारी थापा हाल यू.के. | १०००००.०० | |
| ४९. | कर्मचारीहरूबाट | ३१८५५४.८० | |
| ५०. | पदाधिकारीहरूबाट | १२५७५०.०० | |
| ५१. | निर्माल सिङजाली वालिङ १२ | २३०००.०० | |
| ५२. | श्री कल्पाना गुरूङ वालिङ १० हाल लण्डन | ८१२२५.०० | |
| ५३. | प्रेमकान्त विश्वकर्मा | ५५५५.०० | |
| ५४. | दलबहादुर एस के. र तुलसा एस .के. | ५५५५.०० | |
| ५५. | वालिङ वासी जापानमा बस्ने | १६९४५५.०० | |
| ५६. | खेम नारायण/ उमकान्त | ५०००.०० | |
| ५७. | सूर्य भण्डारी | २००००.०० | |
| ५८. | गह्रौ अस्पलात | ३८९५.८४ | |
| ५९. | बाहुनथान सरसफाइ समिति | १००००.०० | |
| ६०. | दिपक श्रेष्ठ | १००००.०० | |

| | | | |
|---|---|---|---|
| ६१. | शिवलाल डुम्रे मार्फत | १७६००.०० | अक्सिजनको |
| ६२. | शिवलाल डुम्रे मार्फत | ५५०००.०० | अक्सिजनको |
| ६३. | | ७१५००.०० | बैकमा भौचर हेर्ने |
| ६४. | | ५०००.०० | बैकमा भौचर हेर्ने |
| | **जम्मा** | ४०४१०४८.६४ | |
| ६५. | प्रदेश सरकार कोभिड व्यवस्थापन | ५०००००.०० | |
| ६६. | प्रदेश सरकार कोभिड व्यवस्थापन | २५०००००.०० | |
| | **जम्मा** | ३००००००.०० | |
| **कूल जम्मा** | | ७०४१०४८.६४ | |

## अनुसूची २

**वालिङ नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको विवरण :-**

| सि.नं. | नाम थर | पद | वडा नं. | मोबाइल नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | दिलिप प्रताप खाँण | नगर प्रमुख | | ९८५६०१३००१ | |
| २ | कल्पना तिवारी | नगर उप-प्रमुख | | ९८५६०१३००२ | |
| ३ | केदार काफ्ले | वडा अध्यक्ष | १ | ९८५६००६००१ | नगर प्रवक्ता |
| ४ | देवी रेग्मी | महिला वडा सदस्य | १ | ९८४६२६७२९४ | |
| ५ | सिता वि.क. | दलित महिला सदस्य | १ | ९८४६२५९४१३ | |
| ६ | अर्जुन अर्याल | वडा सदस्य | १ | ९८५६०५०९९२ | |
| ७ | धन बहादुर गुरूङ | वडा सदस्य | १ | ९८४६०९७२४८ | |
| ८ | पोत प्रसाद लम्साल | वडा अध्यक्ष | २ | ९८५६००६००२ | |
| ९ | मैना कोईराला | महिला वडा सदस्य | २ | ९८४६०७१६११ | |
| १० | पुरन माया सार्की | दलित महिला सदस्य | २ | ९८१६६५१४८८ | |
| ११ | लाल गोपाल रेग्मी | वडा सदस्य | २ | ९८४६६०४३८६ | |
| १२ | स्थानेश्वर रेग्मी | वडा सदस्य | २ | ९८४६०८३५७४ | |
| १३ | सुक बहादुर गुरूङ | वडा अध्यक्ष | ३ | ९८५६००६००३ | |
| १४ | नरमाया गुरूङ | महिला वडा सदस्य | ३ | ९८०६७४१९६९ | |
| १५ | याम कुमारी सुनार | दलित महिला सदस्य | ३ | ९८१६१७५२६० | |
| १६ | खिम बहादुर गुरूङ | वडा सदस्य | ३ | ९८४३१३६९५३ | |
| १७ | डेम बहादुर गुरूङ | वडा सदस्य | ३ | ९८१६१७४११४ | |
| १८ | रनध्वज गुरूङ | वडा अध्यक्ष | ४ | ९८५६००६००४ | |
| १९ | निर्मलादेवी खनाल | महिला वडा सदस्य | ४ | ९८४६०००९७९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | हरिकला वि.क. | दलित महिला सदस्य | ४ | ९८१४१५६१७३ | |
| २१ | ठक प्रसाद रेग्मी | वडा सदस्य | ४ | ९८०६६३७९८८ | |
| २२ | विना महादेव चपाई | वडा सदस्य | ४ | ९८१६१४४२११ | |
| २३ | ढाकाराम पंगेनी | वडा अध्यक्ष | ५ | ९८५६००६००५ | |
| २४ | जमुना के.सी. | महिला वडा सदस्य | ५ | ९८५६००२००१ | कार्यपालिका सदस्य |
| २५ | अनिता सार्की | दलित महिला सदस्य | ५ | ९८०६६८७९१० | |
| २६ | केश बहादुर थापा | वडा सदस्य | ५ | ९८०३११९०२२ | |
| २७ | महेश गुरूङ | वडा सदस्य | ५ | ९८४६१३५३५१ | |
| २८ | श्यामकृष्ण श्रेष्ठ | वडा अध्यक्ष | ६ | ९८५६००६००६ | |
| २९ | रेखा थापा | महिला वडा सदस्य | ६ | ९८५६००२००३ | कार्यपालिका सदस्य |
| ३० | चिनी माया सार्की | दलित महिला सदस्य | ६ | ९८०६६०७०४३ | |
| ३१ | खेम बहादुर अर्याल क्षेत्री | वडा सदस्य | ६ | ९८४६०९७१३५ | |
| ३२ | मन बहादुर गुरूङ | वडा सदस्य | ६ | ९८५६०५४१४४ | |
| ३३ | पाण्डु कुमार थापा | वडा अध्यक्ष | ७ | ९८५६००६००७ | |
| ३४ | टोपली सिंजाली | महिला वडा सदस्य | ७ | ९८५६००२००२ | कार्यपालिका सदस्य |
| ३५ | कमला सार्की | दलित महिला सदस्य | ७ | ९८०८६१३८५५ | |
| ३६ | ईन्द्र गुरूङ | वडा सदस्य | ७ | ९८४६५०५२१६ | |
| ३७ | तुलसीराज रेग्मी | वडा सदस्य | ७ | ९८४६४१२५२२ | |
| ३८ | कमल प्रसाद सुवेदी | वडा अध्यक्ष | ८ | ९८५६००६००८ | |
| ३९ | युगमाया पंगेनी | महिला वडा सदस्य | ८ | ९८५६००२००५ | कार्यपालिका सदस्य |
| ४० | गिता रनपाल | दलित महिला सदस्य | ८ | ९८५६००२००४ | कार्यपालिका सदस्य |
| ४१ | अनन्तराज शर्मा | वडा सदस्य | ८ | ९८४१६९०१०४ | |
| ४२ | चेत नारायण श्रेष्ठ | वडा सदस्य | ८ | ९८५६०२७९२० | |
| ४३ | बसन्त कुमार श्रेष्ठ | वडा अध्यक्ष | ९ | ९८५६००६००९ | |
| ४४ | रमता पराजुली | महिला वडा सदस्य | ९ | ९८४६१३५७३० | |
| ४५ | सपना कामी | दलित महिला सदस्य | ९ | ९८२६१२९९५५ | |
| ४६ | दिपक श्रेष्ठ | वडा सदस्य | ९ | ९८०३७५२००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | पिताम्बर भुसाल | वडा सदस्य | ९ | ९८५६०२७८६३ | |
| ४८ | अनन्तराज गैह्रे | वडा अध्यक्ष | १० | ९८५६००६०१० | |
| ४९ | लक्ष्मी देवी गैह्रे | महिला वडा सदस्य | १० | ९८४६३३१९७९ | |
| ५० | लुकमाया नेपाली एस.के. | दलित महिला सदस्य | १० | ९८२५१५३९६७ | |
| ५१ | झविलाल थापा | वडा सदस्य | १० | ९८४६१६८२४८ | |
| ५२ | दिलिप कुमार बगाले | वडा सदस्य | १० | जि.स.स.उपप्रमुख | |
| ५३ | बसन्त कुमार मल्ल | वडा अध्यक्ष | ११ | ९८५६००६०११ | |
| ५४ | अरूणा झेडी मगर | महिला वडा सदस्य | ११ | ९८२७१८८२७ | |
| ५५ | उमा वि.क. | दलित महिला सदस्य | ११ | ९८१६६६७७८२ | |
| ५६ | चोलाकान्त पौडेल | वडा सदस्य | ११ | ९८५६०५५८७२ | |
| ५७ | ताराप्रसाद पराजुली | वडा सदस्य | ११ | ९८४६४८५३५० | |
| ५८ | दान बहादुर गुरूङ | वडा अध्यक्ष | १२ | ९८५६००६०१२ | |
| ५९ | रेनी माया गुरूङ | महिला वडा सदस्य | १२ | ९८१८८१०२१३ | |
| ६० | दिल माया वि.क. | दलित महिला सदस्य | १२ | ९८०५८११४८९ | |
| ६१ | जीवलाल डुम्रे | वडा सदस्य | १२ | ९८४६१५७३२४ | |
| ६२ | लिलाबल्लौ न्यौपाने | वडा सदस्य | १२ | ९८४६५०४८०१ | |
| ६३ | आनन्दप्रसाद पाठक | वडा अध्यक्ष | १३ | ९८५६००६०१३ | |
| ६४ | भूमादेवी गौडेल | महिला वडा सदस्य | १३ | ९८४९१०९२६४ | |
| ६५ | कल्पना विश्वकर्मा | दलित महिला सदस्य | १३ | ९८४६१६२९२५ | |
| ६६ | अनरूद्र गैह्रे | वडा सदस्य | १३ | ९८४६१०९९१६ | |
| ६७ | टेकबहादुर थापामगर | वडा सदस्य | १३ | ९८४१७८०२३८ | |
| ६८ | झम्मर बहादुर श्रेष्ठ | वडा अध्यक्ष | १४ | ९८५६००६०१४ | |
| ६९ | जमुना सार्की | दलित महिला सदस्य | १४ | ९८१९१०३१५५ | |
| ७० | गम प्रसाद लुईटेल | वडा सदस्य | १४ | ९८४६०८५६०७ | |
| ७१ | टेक बहादुर दर्लामी | वडा सदस्य | १४ | ९८४६४०२४६७ | |
| ७२ | टिका कुमारी डुम्रे | वडा सदस्य | १४ | जि.स.स.सदस्य | |
| ७३ | धन बहादुर कुमाल | दलित/अल्पसंख्यक सदस्य | | ९८५६००२००६ | कार्यपालिका सदस्य |
| ७४ | तारा बहादुर वि.क. | दलित/अल्पसंख्यक सदस्य | | ९८५६००२००७ | कार्यपालिका सदस्य |
| ७५ | श्याम बहादुर सार्की | दलित/अल्पसंख्यक सदस्य | | ९८५६००२००८ | कार्यपालिका सदस्य |

# अनुसूची ३
# मुख्य मुख्य कार्यक्रम, वजेट र खर्च प्रगती
# वार्षिक विकास कार्यक्रम
# आ.व. २०७४/७५

विषयगत शिर्षक : भौतिक पूर्वाधार, स्थानीय सडक पुल तथा झोलुङ्गे पुल

| सि.नं. | कार्यक्रम | स्थान | वजेट | वित्तियप्रगती |
|---|---|---|---|---|
| १ | त्रियासी धरमपानी मनसाङकोट प्याराग्लाईडिङ मोटरबाटो | वडा नं. १ | १५०००००.०० | १५०००००.०० |
| २ | त्रियासी राना खोला खहरे रिङरोड मोटर बाटो | वडा नं. १ | १५०००००.०० | १५०००००.०० |
| ३ | रामबाच्छा–फोहरमैला संकलन केन्द्र जाने सडक निर्माण | वडा नं. १ | १००००००.०० | १००००००.०० |
| ४ | त्रियासी रत्ने खाल्टे तलाथोक सडक कालोपत्रे | वडा नं. २ | १६०००००.०० | १६०००००.०० |
| ५ | सिमलचौपारी सिरूवारे माझकोट सडक कालोपत्रे/ढलान | वडा नं. २ | १६०००००.०० | १६०००००.०० |
| ६ | त्रियासी, तिलडाडा छाप्रक धौखोला राकमारे सडक स्तरोउन्ती | वडा नं. २ | १५०००००.०० | १५०००००.०० |
| ७ | त्रियासी सिमलचौपारी माझकोट राम्चे ग्रा.स. | वडा नं. ३ | १५०००००.०० | १५०००००.०० |
| ८ | बुढाको गाउ देखी भ्यूटावर सम्म् जाने ट्रेकिङ मार्ग | वडा नं. ३ | ११०००००.०० | ११०००००.०० |
| ९ | एलादी वडा कार्यालय देखी छापडाडा मालागिरी ठूलो गांउ हुदै कान्छी मनकामना नयाँ ग्रमिण सडक र तीन घरे भुसुनडाडा | वडा नं. ४ | १५०००००.०० | १५०००००.०० |
| १० | रत्ने भोर्ले खाल्टे एलादी सडक | वडा नं. ४ | १००००००.०० | १००००००.०० |
| ११ | लसुने अधेरीखोला मोटरेबल पुल | वडा नं. ५ | २००००००.०० | २००००००.०० |
| १२ | आमडाली पाण्डेथोक पित्लेक सिर्वानी मिनाङकोट हुँदै साउनेपानी सडक स्तर उन्नती नाली निर्माण | वडा नं. ५ | १५०००००.०० | १५०००००.०० |
| १३ | लसुने वेसारडाडा माझकधोट जोडने सडक | वडा नं. ५ | ११०००००.०० | ११०००००.०० |
| १४ | मिर्दि कालीमाटी वैडाथाम करम भज्याङ पित्लेक हुदै लालुपाते मियालेतारूडाडा धिमिरे वारी भरूवा चिथाक हुदै डुम्रेकोठ रिङरोड निर्माण | वडा नं. ६ | ११०००००.०० | ११०००००.०० |
| १५ | ढलेको स्वामी देखी पंगेनीडाडा जोडने मोटरबाटो नाला सहित कालोपत्रे/ढलान | वडा नं. ६ | १००००००.०० | १००००००.०० |
| १६ | एक्ले पिपल धनुवास हुदै भरूवाबाट काफलडांडा जोडने बाटो निर्माण | वडा नं. ६ | १००००००.०० | १००००००.०० |
| १७ | आमडालीबाट रसखोला हुदै केवरे भज्याङ ग्रावल सडक कापोलत्रे/ढलान | वडा नं. ६ | १००००००.०० | १००००००.०० |
| १८ | बासघारी चुरामणी नेत्रको घर हुदै छतिउन जोडने सडक | वडा नं. ६ | ३०००००.०० | ३०००००.०० |
| १९ | सनराईज थामको चौर पर्यटकीय सडक स्तरोउन्नति | वडा नं. ६ | १००००००.०० | १००००००.०० |
| २० | केवरे वनकट्टा काफलडांडा हुदै ग्रहौंसुर सडक | वडा नं. ७ | २००००००.०० | २००००००.०० |
| २१ | केवरे हिलेपानी रोग्दी ठाटी सडक निर्माण | वडा नं. ७ | १००००००.०० | १००००००.०० |
| २२ | सपौदे ताप्के फिर्से सडक | वडा नं. ७ | १००००००.०० | १००००००.०० |
| २३ | काफलडाडाको विरौटा कुमुस्वारा खस्कुना जोडने सडक ७ मी. चौडा गरी विस्तार तथा स्तरउन्ती | वडा नं. ८ | ८०००००.०० | ८०००००.०० |

| | | | | |
|---|---|---|---|---|
| २४ | गरीमा बैक देखि नयांबजार चोक सम्म नाला तथा जीण सडक मर्मत पिच कार्य | वडा नं. ८ | ८०००००.०० | ८०००००.०० |
| २५ | बगैचा देखि वोगटीडाडा हुदै छेउडाडा चिथाकभज्याङ सम्म पक्की सडक | वडा नं. ८ | ८०००००.०० | ८०००००.०० |
| २६ | भिमटारी देखी मास्कीडाडा सम्म नाला ग्राभेल तथा पक्की सडक निर्माण | वडा नं. ८ | ८०००००.०० | ८०००००.०० |
| २७ | वगालथोक राङदीखोला हुदै पूर्णामृत भवानीको खेलमैदान सम्म सडक विस्तार तथा स्तरउन्ती | वडा नं. ८ | ८०००००.०० | ८०००००.०० |
| २८ | चिथाकदेखी गिरी गांउ- व्याङ्तुङ भरूवा धनुवास जोडने सडक | वडा नं. ८ | ५०००००.०० | ५०००००.०० |
| २९ | भुम्रेचोक हेल्थसेन्टर चोक हुदै गेदीखोला सम्म पक्की नाला तथा कालोपत्रे/ढलान | वडा नं. ९ | १००००००.०० | १००००००.०० |
| ३० | सुर्कौदी देखि कल्लेरी माफीगांउ राउतडडा हुदै भैसीखोला सम्म बाटो विस्तार | वडा नं. ९ | १००००००.०० | १००००००.०० |
| ३१ | पर्वतरोड देखी यस यस.पि. टोल हुदै बलमाटासम्म पक्की नाला कालोपत्रे | वडा नं. ९ | १००००००.०० | १००००००.०० |
| ३२ | भकुण्डेचोक देखि गिरीधारी पाध्यायको खेत हुदै आखिोला समम्को ढल तथा नाला निर्माण | वडा नं. ९ | ५०००००.०० | ५०००००.०० |
| ३३ | फोक्सीङ जाने चोक देखि डडा हुदै पानी टंकी देखी अमराई अधुरो बाटो कालो पत्रे योजना | वडा नं. १० | १६००००००.०० | १६००००००.०० |
| ३४ | बर्तुङडाडा देखि घ्वाङखोला सम्म सडक कालोपत्रे | वडा नं. १० | १००००००.०० | १००००००.०० |
| ३५ | विहारथोकमा भएको सम्पूर्ण अधुराबाटोहरलाई कालोपत्रे | वडा नं. १० | ५०००००.०० | ५०००००.०० |
| ३६ | तल्लो वालिङ न्यूरोड भित्री सडकहरूमा नाला निर्माण/कालोपत्रे | वडा नं. १० | ६०००००.०० | ६०००००.०० |
| ३७ | पूर्णामृत गेट देखी पूर्णामृत हुदै गेष्टहाउस सडक | वडा नं. १० | ५०००००.०० | ५०००००.०० |
| ३८ | अमले सिम्ले तिलाहरे हुदै कुसुण्डे पंचमुल जोडने पुल निर्माण तथा सर्वे डिजाईन | वडा नं. ११ | ५०००००.०० | ५०००००.०० |
| ३९ | भौभका डौवा पंचमुल तितापानी टापु जोडने मोटरबाटो ग्रावेल तथा सर्वे डिजाईन | वडा नं. ११ | ५०००००.०० | ५०००००.०० |
| ४० | लखने कागती भज्याङ जामुने हुदै देउराली जोडन कालो पत्रे सडक योजना तथा सर्वे डिजाईन | वडा नं. ११ | ३२००००००.०० | ३२००००००.०० |
